# नेपाली साहित्यमा माधुरी पत्रिकाको योगदान

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
**मन्जु अधिकारी**
शैक्षिक सत्र : २०६५-२०६७
त्रि.वि. दर्ता नं.: ९-२-३८६-७०-२००३
क्याम्पस रोल नं. ४४/२०६५

नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन
२०७२/२०१५

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षकी छात्रा मन्जु अधिकारीले **नेपाली साहित्यमा माधुरी पत्रिकाको योगदान** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म पूर्णतः सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७२/०१/३०
१३ मे २०१५

**मुरलीधर घिमिरे**
**उपप्राध्यापक**
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

वि.सं. २०६३ बाट पर्वत जिल्लामा प्रकाशित राष्ट्रिय साहित्यिक पत्रिकाको रूपमा रहेर नेपाली साहित्यमा विशिष्ट योगदान दिएको भए पनि माधुरी साहित्य प्रतिष्ठानको मुखपत्र यस **माधुरी** पत्रिकाको विस्तृत अध्ययन हुन सकेको थिएन । त्यसैले यस पत्रिकाको अध्ययन गर्ने उद्देश्यले **नेपाली साहित्यमा माधुरी पत्रिकाको योगदान** शीर्षकमा यो शोधपत्र तयार पारिएको हो । प्रस्तुत शोधपत्र मेरा आदरणीय गुरु उपप्राध्यापक श्री मुरलीधर घिमिरेज्यूको कुशल निर्देशनमा तयार भएको हो । आफ्नो कार्यव्यस्ताको घडीमा पनि मूल्यवान् समय दिएर निर्देशन गर्नुहुने श्रद्धेय शोधनिर्देशक गुरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधप्रस्ताव स्वीकृत गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनालज्यू तथा नेपाली विभाग परिवारप्रति म निकै कृतज्ञ छु । त्यस्तै शोधपत्र तयार गर्ने क्रममा शोधपत्र, पुस्तक तथा पत्रिकाहरू उपलब्ध गराई सहयोग पुऱ्याउने वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय, विभिन्न सङ्घसंस्थाहरू र जजसका पुस्तक र लेखहरूबाट यो शोधपत्र तयार पार्न सम्भव भयो, ती सम्पूर्ण आदरणीय लेखक विद्वान्हरूप्रति म हार्दिक आभार प्रकट गर्दछु । यस क्रममा विशेष सहयोग पुऱ्याउनु हुने माधुरी साहित्य प्रतिष्ठानकी अध्यक्ष श्री सरस्वती शर्मा 'जिज्ञासु', साहित्यकार पूर्णप्रसाद अधिकारी तथा अभिव्यञ्जना साहित्य प्रतिष्ठानका अध्यक्ष तथा मेरा आदरणीय दाजु श्री सिर्जन अविरलज्यूलाई पनि सादर धन्यवाद टक्र्याउँछु ।

विविध समस्याहरूलाई सहन गर्दै मलाई यस स्तरसम्म पुग्न हरतरहले प्रेरणा र अवसर प्रदान गर्नुहुने मेरी आदरणीय आमा श्रीमती गोमा अधिकारी, बुबा श्री निलकण्ठ अधिकारी र मेरा आदरणीय श्रीमान् श्री ईश्वरी पण्डितज्यूप्रति चिर ऋणी रहने छु । सानै भए पनि लेखपढ गर्न लागेको देखेपछि दुःख नदई धैर्य भई सहयोग पुऱ्याउने मेरा प्रिय छोरा संयोग पण्डित र छोरी संवृद्धि पण्डितलाई पनि यस सन्दर्भमा सम्झन चाहन्छु ।

प्रस्तुत शोधपत्रलाई शुद्धसँग टङ्कन गरिदिने कालिका कम्प्युटर सर्भिस, नारायणगढका महेश पौडेललाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७२/०१/३०
१३ मे २०१५

----------------

**मञ्जु अधिकारी**

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अनु. | अनुवाद |
| इ.सं. | इस्वी संवत् |
| क्र.स. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| सं. | संस्करण/सङ्ख्या |
| सम्पा. | सम्पादक |

# विषयसूची

**परिच्छेद : एक**

**शोधपरिचय**


१.१ विषय परिचय १

१.२ समस्या कथन २

१.३ शोधकार्यका उद्देश्यहरू २

१.४ पूर्वकार्यको विवरण र समीक्षा ३

१.४ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ४

१.५ सामग्री सङ्कलन ४

१.६ शोधकार्यको सीमाङ्कन ५

१.७ शोधविधि ५

१.८ शोधपत्रको रूपरेखा ६


**परिच्छेद : दुई**

**पर्वत जिल्लाका साहित्यिक पत्रिकाहरूको विवरण**


२.१ विषय परिचय ७

२.२ पर्वतका साहित्यिक सङ्घसंस्थाहरू ८

२.३ पर्वतमा साहित्यिक पत्रिकाको प्रकाशन र गतिविधि ९

२.४ निष्कर्ष ११


**परिच्छेद : तिन**

**'माधुरी' पत्रिकामा प्रकाशित रचनाहरूको विधागत विवरण**


३.१ विषय परिचय १२

३.२ कविता/गजल/मुक्तक/हाइकु/ताङ्काहरू १२

३.३ कथा/लघुकथाहरू २६

३.४ लेख तथा निबन्धहरू २९

३.५ समालोचना/समीक्षा/पुस्तक परिचय ३०

३.६ 'माधुरी' का प्रकाशक/सम्पादक ३०

**परिच्छेद : चार**

**'माधुरी' पत्रिकामा प्रकाशित रचनाहरूको विश्लेषण**

४.१ 'माधुरी' पत्रिकामा प्रकाशित कविताहरूको विश्लेषण ३२

४.१.१ विषय प्रवेश ३२

४.१.२ कविताको वस्तुविश्लेषण ३३

४.१.३ कविताको भाषाशैलीको विश्लेषण ५२

४.१.४ निष्कर्ष ५८

४.२ 'माधुरी' पत्रिकामा प्रकाशित कथा लघुकथाहरूको विश्लेषण ५८

४.२.१ विषय प्रवेश ५८

४.२.२ माधुरी पत्रिकामा प्रकाशित कथा /लघुकथाहरूको विश्लेषण ५९

४.२.३ कथाको भाषाशैलीको विश्लेषण ६५

४.२.४ निष्कर्ष ६७

४.३ 'माधुरी' पत्रिकामा प्रकाशित लेख/निबन्धहरूको विश्लेषण ६८

४.३.१ विषय प्रवेश ६८

४.३.२ 'माधुरी' पत्रिकामा प्रकाशित लेख/निबन्ध/संस्मरण/विचारहरूको विश्लेषण ६९

४.३.३ निबन्धको भाषाशैलीको विश्लेषण ७१

४.३.४ निष्कर्ष ७२

४.४ 'माधुरी' पत्रिकामा प्रकाशित समालोचना विधाको विश्लेषण ७३

४.४.१ विषय प्रवेश ७३

४.४.२ 'माधुरी' पत्रिकामा प्रकाशित समालोचनाहरूको विश्लेषण ७४

४.२.३ निष्कर्ष ७६

## परिच्छेद : पाँच

## नेपाली साहित्यमा 'माधुरी' पत्रिकाको योगदान


५.१ विषय परिचय ७७

५.२ 'माधुरी' पत्रिका प्रकाशनको पृष्ठभूमि ७७

५.३ नेपाली साहित्यमा माधुरी पत्रिकाको योगदान ७८

५.४ निष्कर्ष ८०


## परिच्छेद : छ


**उपसंहार** ८२

**सन्दर्भसामग्रीसूची** ८५

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

कुनै पनि भाषा र साहित्यलाई उत्कृष्ट बनाउन पत्रपत्रिकाको उल्लेख्य भूमिका रहेको हुन्छ । शिक्षा, सञ्चार र प्रकाशनको विकाससँगै नेपालका पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म साहित्यको पहुँच पुग्दै गएको छ । साहित्यिक पत्रिकाहरूले एकातिर नवप्रतिभाहरूलाई प्रोत्साहन गरेका छन् भने अर्कोतिर नेपाली साहित्यको भण्डारको श्रीवृद्धि गर्दै लगेका छन् । नेपाली साहित्यलाई अझ विकसित र सशक्त बनाउन नेपाली भूमि कुस्मा पर्वतबाट प्रकाशित **माधुरी** पत्रिकाले पनि विशेष सहयोग पुऱ्याउँदै आएको छ । वि.सं. २०६२ मा सरस्वती शर्मा 'जिज्ञासु'को सम्पादनमा **माधुरी** प्रकाशन समूहको प्रकाशनमा पहिलो अङ्कदेखि सातौं अङ्कसम्म वार्षिक पत्रिकाको रूपमा र आठौं अङ्कदेखि हालसम्म त्रैमासिक पत्रिकाको रूपमा एघारौं अङ्कसम्म प्रकाशित भई यस पत्रिकाले नेपाली साहित्यको विकासमा योगदान पुऱ्याउँदै आएको छ । माधुरी साहित्य प्रतिष्ठान कुस्मा पर्वतको मुखपत्रको रूपमा रहेको यो सुरुका पाँच अङ्क **नव माधुरी**को नाममा र छैटौं अङ्कदेखि **माधुरी**को नाममा प्रकाशित भएको साहित्यिक पत्रिका हो । पर्वत जस्तो विकट ठाउँबाट प्रकाशित भएर पनि यो पत्रिका हरेक ठाउँमा छरिएर रहेका साहित्यका अनुरागीहरूको मनमुटु छुन सफल भएको छ । यस पत्रिकाले कविता, गीत/गजल/हाइकु, निबन्ध, समालोचना/समीक्षा, वार्ता/संस्मरण, व्यक्ति-व्यक्तित्व, लोकसाहित्य, लोकसंस्कृति, कथा/लघुकथाजस्ता साहित्यिक विधालाई समेटेको छ । यस पत्रिकाका संरक्षक विमलप्रसाद शर्मा पौडेल, सल्लाहकार धनञ्जय शर्मा अधिकारी, रोमाकान्त कँडेल, सम्पादक सरस्वती शर्मा 'जिज्ञासु', कानुनी सल्लाहकार रमानाथ पौडेल, व्यवस्थापक सुभन्तनाथ सुवेदी र प्रकाशक माधुरी साहित्य प्रतिष्ठान रहेका छन् ।

विशिष्ट पहिचान बनाएको यस **माधुरी** पत्रिकाको आजसम्म कहीँ कतैबाट पनि पूर्ण रुपमा अध्ययन भएको पाइएको छैन । राष्ट्रिय स्तरका साहित्यकारहरूका लेख-रचनालाई महत्त्वपूर्ण स्थान दिइएको र राष्ट्रिय स्तरमा नै ख्याति प्राप्त गर्न सफल भएको यस पत्रिकाको अध्ययन अनुसन्धानको विषय बनाइएको यस शोधकार्यलाई **नेपाली साहित्यमा माधुरी पत्रिकाको योगदान** शीर्षक दिइएको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यमा पत्रपत्रिकाको स्थितिको सामान्य परिचय दिई कुस्मा पर्वतको साहित्यिक पत्रपत्रिकाको अवस्था एवम् नेपाली साहित्यमा **माधुरी** पत्रिकाले पुऱ्याएको योगदानको विश्लेषण र मूल्याङ्कन गर्नु नै यस शोधकार्यको मुख्य समस्या हो । यस शोधकार्यका समस्यालाई निम्नलिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ :

क) नेपाली साहित्यका सन्दर्भमा पत्रपत्रिकाको स्थिति कस्तो छ ?

ख) पर्वत जिल्लाका साहित्यिक पत्रपत्रिकाको अवस्था कस्तो छ ?

ग) **माधुरी** पत्रिकामा कुन-कुन विधाका कस्ता-कस्ता रचनाहरू प्रकाशित छन् ?

घ) नेपाली साहित्यमा **माधुरी** पत्रिकाको योगदान कस्तो छ ?

यिनै समस्याहरूमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

**माधुरी** पत्रिकाले नेपाली साहित्यमा पुऱ्याएको योगदानको खोज गर्नु नै यस शोधकार्यको प्रमुख उद्देश्य हो । यस पत्रिकाले नेपाली साहित्यका विभिन्न विधाको विकासमा के-कस्ता योगदान पुऱ्याएको छ भन्ने कुरा पत्ता लगाउनु प्रस्तुत शोधकार्यको अर्को प्रमुख उद्देश्य रहेको छ । यस्तै नेपाली साहित्यमा पत्रपत्रिकाको स्थिति र कुस्मा पर्वत जस्तो दुर्गम क्षेत्रबाट प्रकाशित पत्रपत्रिकाबारे सामान्य जानकारी गराउनु पनि यस शोधको उद्देश्य हो । प्रस्तुत शोधका मुख्य उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) नेपाली साहित्यको विकासमा पत्रपत्रिकाको स्थितिबारे प्रकाश पार्नु ।

ख) पर्वतका साहित्यिक पत्रपत्रिकाको अवस्थाबारे जानकारी गराउनु ।

ग)	**माधुरी** पत्रिकामा विभिन्न विधाका रचनाको विवरण दिनु र विधागत रूपमा ती रचनाहरूको विश्लेषण गर्नु ।

घ)	नेपाली साहित्यमा **माधुरी** पत्रिकाको योगदानबारे उल्लेख गर्नु ।

यिनै उद्देश्यहरूमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

नेपाली साहित्यको विकासमा साहित्यिक पत्रपत्रिकाको योगदान महत्त्वपूर्ण रहेको छ । कुस्मा पर्वतबाट प्रकाशित **माधुरी** पत्रिकाले पनि यस क्षेत्रमा त्यत्तिकै योगदान पुऱ्याएको देखिन्छ । **माधुरी** लगायत कुस्मा पर्वतबाट अन्य पत्रिकाहरू **सगुन, कालीको सुसेली, समुदाय सिर्जना र गण्डकीका छालहरू** पनि प्रकाशित हुने गरेका छन् । यी बाहेक अन्य अनगन्ती पत्रपत्रिकाहरू १/२ अङ्कसम्म प्रकाशित हुने गरेको तर निरन्तरता पाउन नसकेको स्थिति पनि छ । कुस्मा पर्वतबाट निरन्तर प्रकाशित हुने पत्रिकाहरूको आवश्यक मात्रामा अध्ययन हुन सकेको छैन । राष्ट्रिय स्तरमा नै आफ्नो छवि कायम राख्न सफल **माधुरी** पत्रिकाको योगदानका बारेमा पनि हालसम्म समग्र अध्ययन भएको छैन । यस पत्रिकाले निर्वाह गर्दै आएको भूमिकाका बारेमा केही छिटफुट टिप्पणीहरू भएका छन् । तिनलाई कालक्रमिक रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

क)	नगेन्द्रराज उत्साहीद्वारा साहित्यिक पत्रिकाहरूको इतिहासमा **माधुरी** (२०६२) अङ्क २, पृ. ३८ मा पर्वतका साहित्यिक पत्रिकाहरूको परिचय दिने क्रममा प्रकाशनका दृष्टिले **माधुरी** पछिल्लो समयमा प्रकाशन भएर पनि समग्र साहित्यको उन्नयनमा विशेष योगदान पुऱ्याएको र नारीवादी दृष्टिकोणलाई हरेक अङ्कमा विशेष महत्त्व दिने कुरा उल्लेख गरिएको छ । प्रस्तुत समीक्षाले **माधुरी** साहित्यिक पत्रिकाको सबै पक्षलाई समेट्न बाँकी रहेको देखिन्छ ।

ख)	कृष्ण पहारीद्वारा पर्वतीय साहित्यको विकासमा **माधुरी**मा प्रकाशित प्रथम अङ्कदेखि तेस्रो अङ्कसम्म प्रकाशित रचनाहरूको विधागत विवरण दिँदै सङ्क्षिप्त टिप्पणी गर्ने कार्य गरिएको छ । पत्रिकाको टिप्पणी गर्ने क्रममा सीमित अङ्कहरूको मात्र अध्ययन भएको देखिन्छ ।

ग)	लक्ष्मणप्रसाद गौतमले **माधुरी** (२०६५) को अङ्क ४ मा पाठक प्रतिक्रियामा **माधुरी** साहित्यिक पत्रिका लेखमा **माधुरी**लाई नारीप्रधान साहित्यिक पत्रिकाको रूपमा उल्लेख गरेका छन् । उनको प्रस्तुत समीक्षामा पत्रिकाको विविध पक्षलाई समेट्न बाँकी देखिन्छ ।

घ)	नारायणप्रसाद ढकालले **माधुरी** पत्रिकाको अङ्क ७, वर्ष ७, २०६७, पृ. १०५ मा **माधुरी**ले अग्रज स्रष्टाहरूको सम्मान तथा अनुज स्रष्टाहरूलाई अवसर दिएको विचार व्यक्त गरिएको छ । प्रस्तुत समीक्षात्मक लेखमा यस पत्रिकामा समेटिएका रचनाहरूको समग्र रुपमा विश्लेषण गर्न छुटेको पाइन्छ ।

ङ)	भगवती पाण्डे 'आशा' द्वारा समालोचना शीर्षकमा **माधुरी,** वर्ष ८, २०६८, पृ. २ मा स्थापित सर्जकहरूका रचनाले पत्रिकाको गरिमा बढेको र गजल विशेषाङ्क र मुक्तक विशेषाङ्कका कारण पत्रिकाले विशेष चर्चा पाएको कुरा उल्लेख गरिएको छ । प्रस्तुत समालोचनात्मक लेखमा पनि **माधुरी** पत्रिकाको आंशिक अध्ययन भएको देखिन्छ ।

यसरी **माधुरी** पत्रिकाले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानका बारेमा विभिन्न समालोचक विद्वान्हरुद्वारा सामान्य चर्चा परिचर्चा गरिएको भए पनि विस्तृत तथा समग्र अध्ययन अनुसन्धान भने हुन सकेको छैन । पत्रिकाको समीक्षा गर्ने क्रममा सबै पक्षको समग्र अध्ययन हुन बाँकी नै रहेकोले प्रस्तुत शोधकार्य गरिएको हो ।

## १.४ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

पाठकसमक्ष विधागत साहित्यिक रचना पुऱ्याउने सञ्चार माध्यम साहित्यिक पत्र पत्रिका नै भएकोले यसको छुट्टै महत्त्व र उपयोगिता रहेको छ । शैक्षिक क्रियाकलापमा सघाउ पुऱ्याउने र साहित्य अनुरागीहरूलाई साहित्यप्रति प्रेरित गर्ने माध्यम पनि पत्रपत्रिका नै हुन् । **माधुरी** पत्रिका एक अङ्क (वि.सं. २०६२) बाट सुरु भएर अहिले (वि.सं. २०६८) सम्म एघारौं अङ्कसम्मको प्रकाशनको यात्रा पूरा गरी नेपाली साहित्यको विकासमा सहयोग गर्न सफल भएको छ । यसको योगदानमा केन्द्रित यो शोधकार्य औचित्यपूर्ण र महत्त्वपूर्ण छ ।

कुनै पनि व्यक्तिका निजी र आन्तरिक प्रतिभाको प्रकटीकरण गर्ने माध्यमका रूपमा साहित्यिक पत्रपत्रिकालाई लिन सकिन्छ । उत्कृष्ट रचना दिएर राष्ट्रिय स्तरमा नै ख्याति कमाउन सहयोग पुऱ्याउने माध्यम पनि साहित्यिक पत्रपत्रिका हुन् । त्यसैले कुस्मा (पर्वत) जस्तो अविकसित स्थानबाट प्रकाशित भएर पनि नेपाली साहित्यको हरेक विधाको विकासमा महत्त्वपूर्ण स्थान ओगटेर सम्पूर्ण साहित्य अनुरागीहरूको मनमुटु छुन सफल यस साहित्यिक पत्रिका **माधुरी**को बारेमा गरिने शोधकार्य त्यत्तिकै उपयोगी पनि हुन सक्छ ।

यस शोधकार्यबाट नेपाली साहित्य र पत्रपत्रिकाका सम्बन्धमा खोज अध्ययन गर्ने अन्य शोधकर्ता तथा **माधुरी**का विविध पक्षमा जानकारी राख्न चाहने जोसुकैका लागि पनि मार्गदर्शक बन्न सक्ने भएकोले प्रस्तुत शोधकार्य औचित्यपूर्ण र उपयोगी रहेको छ ।

## १.५ सामग्री सङ्कलन

प्रस्तुत शोधकार्यका लागि आवश्यक पर्ने सैद्धान्तिक सामग्रीहरूको सङ्कलनका लागि मुख्य रूपमा पुस्तकालयीय अध्ययन विधि अपनाइएको छ । यसका साथै **माधुरी** पत्रिकाको अध्ययन गर्ने क्रममा पत्रिकासँग सम्बन्धित प्रकाशक, सम्पादक, लेखक एवं पाठकहरूसँग अन्तर्वार्ता लिई क्षेत्रीय रूपमा पनि सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका मुख्य विधि चाहिँ पुस्तकीय अध्ययन र क्षेत्रीय अध्ययन रहेका छन् ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य नेपाली साहित्यमा **माधुरी** पत्रिकाको योगदानको अध्ययनमा केन्द्रित छ । यस क्रममा नेपाली साहित्यमा पत्रिका र कुस्मा पर्वतको सन्दर्भ प्रस्तुत गरी अङ्क एकदेखि एघारौं अङ्कसम्म प्रकाशित रचनाहरूको विधागत वर्गीकरण गर्दै तिनको अध्ययन गरी निष्कर्ष प्रस्तुत गर्नमा यस शोधकार्यलाई सीमित गरिएको छ । त्यस्तै यो शोधकार्य **माधुरी** पत्रिकाकै अध्ययनमा आधारित भएकाले अन्य पत्रपत्रिकासँग यसको तुलनात्मक अध्ययन गरिएको छैन ।

## १.७ शोधविधि

प्रस्तुत शीर्षकमा अनुसन्धानका लागि सङ्कलित सामग्रीको वर्गीकरण र विश्लेषण गर्ने क्रममा वर्णनात्मक, व्याख्यात्मक र केही विश्लेषणात्मक पद्धतिलाई अङ्गीकार गरिएको छ । तथ्यको विश्लेषण गर्दा आगमनात्मक विधि अपनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको प्रतिवेदनलाई व्यवस्थित र सुगठित रूप दिनका लागि निम्नलिखित विभिन्न परिच्छेद, शीर्षक, उपशीर्षकहरूमा विभाजन गरिएको छ -

**पहिलो परिच्छेद : शोधपरिचय**

यस परिच्छेदमा शोधशीर्षक, प्रयोजन, विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, शोधविधि, शोधपत्रको रुपरेखा प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद : पर्वत जिल्लाका साहित्यिक पत्रपत्रिकाहरूको विवरण**

यस परिच्छेदमा नेपाली भूमिबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरूको सङ्क्षिप्त ऐतिहासिक विवरण उल्लेख गर्दै कुस्मा पर्वतका साहित्यिक पत्रपत्रिकाको विगत र वर्तमानको यथार्थ वस्तुस्थितिबारे अध्ययन प्रस्तुत गरिएको छ ।

**तेस्रो परिच्छेद : माधुरी पत्रिकामा प्रकाशित रचनाहरूको विधागत विवरण**

यस परिच्छेदमा **माधुरी** पत्रिकाको अङ्क एकदेखि अङ्क एघारसम्मका विधागत रचनाहरू र रचनाकार आदिको विवरणात्मक परिचयका साथै तिनले साहित्यिक पत्रपत्रिकामा प्राप्त गरेको स्थानका बारेमा उल्लेख गरिएको छ ।

**चौथो परिच्छेद : माधुरी पत्रिकामा प्रकाशित रचनाहरूको विश्लेषण**

यस परिच्छेदमा **माधुरी** पत्रिकाले नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गर्दै प्रकाशित रचनाहरूको विवरण दिँदै तिनको विधापरक अध्ययन विश्लेषण गरिएको छ ।

**पाँचौं परिच्छेद : नेपाली साहित्यमा माधुरी पत्रिकाको योगदान**

यस परिच्छेदमा विषय परिचय, **माधुरी** पत्रिका प्रकाशनको पृष्ठभूमि, नेपाली साहित्यमा **माधुरी** पत्रिकाको योगदान र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**छैटौं परिच्छेद : उपसंहार**

यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गरी अन्तमा समग्र शोधको मूल्याङ्कनसहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार शोधको आदि भाग र मध्यभाग शोध प्रतिवेदनका रूपमा तथा अन्त्य भागका रूपमा परिशिष्ट र सन्दर्भसामग्रीसूचीलाई समावेश गरी साङ्गोपाङ्ग रूपमा शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# पर्वत जिल्लाका साहित्यिक पत्रिकाहरूको विवरण

# परिच्छेद : दुई
# पर्वत जिल्लाका साहित्यिक पत्रपत्रिकाहरूको विवरण

## २.१ विषय परिचय

यस परिच्छेदमा भौगोलिक दृष्टिले विकट बन्न पुगेको तर शैक्षिक र साहित्यिक गतिविधिलाई तीव्रता दिएर नेपाली साहित्यको इतिहासमा आफ्नो अलग्गै परिचय स्थापित गरेको पर्वत जिल्लाका साहित्यिक पत्रपत्रिकाहरूका बारेमा सामान्य चर्चा गरिएको छ ।

भूधरातलका दृष्टिले पर्वत नेपालको पश्चिम भागमा पर्ने एउटा पहाडी जिल्ला हो । नेपाली साहित्यको विकासमा पर्वत जिल्लाका साहित्यिक गतिविधिहरूको पनि महत्त्वपूर्ण योगदान रहेको छ । खास गरी युगौँदेखि चल्दै आएका लोकगाथाहरू, कथा, कहानी, गाउँखाने कथा, चुट्किला, उखान टुक्काहरू, लोकगीत, असारे गीत, दाइँ गीत, तीजका गीत, देउसी-भैलो, गन्धर्व गीत आदि विधाका माध्यमबाट पर्वत जिल्लामा नेपाली साहित्यका गतिविधिहरू सञ्चालन हुँदै आएको पाइन्छ ।

नेपाली साहित्यमा पत्रिकाको योगदानको इतिहास खोज्दा वि.सं. १९४३ मा मोतीराम भट्टद्वारा बनारसमा प्रकाशित **गोर्खा भारत जीवन** (अप्राप्य) देखि **सुधासागर** (१९५५), **गोर्खापत्र** (१९५८), **सुन्दरी** (१९६३), **माधवी** (१९६५) र **चन्द्रिका** (१९७२) हुँदै **शारदा** साहित्यिक पत्रिका (वि.सं. १९९२) को प्रकाशनपछि गोमादेवी उपाध्यायले वि.सं. १९९४ मा *जलन* शीर्षकको कविता प्रकाशन गरेर पर्वत जिल्लाको साहित्यिक फाँटमा पहिलो पटक आफ्नो उपस्थिति जनाएको देखिन्छ । विभिन्न अवसरको खोजीमा केही प्रतिभावान् व्यक्तिहरू राजधानीको सम्पर्क आएपछि पर्वत सिङ्गो नेपाली साहित्यमा आफ्नो परिचय दिन सफल भयो । जिल्लाभित्र गठन गरिएका केही क्लब तथा वाचनालयको प्रभावका कारण साहित्यको क्रियाशीलता देखिए पनि यसको प्रागभूमि भने परम्परादेखि चल्दै आएका सवाई, लोकगीत, असारे गीत र गन्धर्व गीत नै भएको बुझिन्छ । राजधानी र विभिन्न जिल्लाहरूको सम्पर्कमा रहेका प्रतिभावान् व्यक्तिहरूको प्रयासमा पर्वतभित्र स्थापना भएका शैक्षिक सङ्घसंस्थाका कारण जागरण आउन थाल्यो । विशेष गरी यस जिल्लाका महेन्द्र

शिखरी मा.वि., भवानी विद्यापीठ मा.वि. तथा श्री नारायण मा.वि. ले आ-आफ्ना मुखपत्रहरू प्रकाशन गरेर साहित्यिक गतिविधिमा सक्रियता दर्साएको पाइन्छ ।

यसै सिलसिलामा **पर्वतमाला** (२०२२), **पालुवा** (२०२३) र **शिक्षा कुसुम** (२०३६) साहित्यिक पत्रिकाहरूको प्रकाशनपछि पर्वत युवा क्लबको स्थापना भएको पाइन्छ । वि.सं. २०५४ देखि **कालीको सुसेली** प्रकाशन गरेर साहित्य सङ्गम पर्वतले पर्वतको साहित्यिक उन्नयनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । यिनै गतिविधिसँगै पर्वतमा साहित्यिक पत्रपत्रिकाहरू प्रकाशित हुने वातावरण सिर्जना भएको देखिन्छ ।

## २.२ पर्वतका साहित्यिक सङ्घसंस्थाहरू

पर्वतमा नेपाली साहित्यिको विकासका लागि सामूहिक तथा संस्थागत प्रयासबाट विभिन्न गतिविधिहरू सञ्चालन भएका छन् । पर्वतमा साहित्यका सृजनात्मक गतिविधिहरू बढ्न थालेपछि साहित्यिक सङ्घसंस्थाहरूको पनि स्थापना हुन थालेको हो । वि.सं. १९९४ को **शारदा** साहित्यिक पत्रिकामा गोमादेवी उपाध्यायले *जलन* शीर्षकको कविता प्रकाशन गरेपछि र वि.सं. १९९६ मा कृष्णबम मल्ल *बच्ची* कथा लिएर देखा परेपछि यहाँ साहित्यिक कार्यक्रमहरू हुन थालेको पाइन्छ । विद्यालयहरूले समयसमयमा गर्ने गरेका साहित्यिक कार्यक्रमहरूसँगै वि.सं. २०३७ मा पर्वत युवा क्लबको गठन पश्चात् संस्थागत रूपमा यस्ता कार्यक्रमहरू सुचारु हुन थालेको देखिन्छ । त्यसपछि पर्वत जिल्लामा सञ्चालन भएका मा.वि. बाट मुखपत्र प्रकाशनको कार्य सुरु भयो भने उता पर्वत युवा क्लब, साहित्य सङ्गम पर्वत र माधुरी साहित्य प्रतिष्ठानबाट पनि साहित्यिक पत्रिका प्रकाशन कार्य सुरु गरियो । यसरी पर्वत जिल्लामा पत्रिका मार्फत साहित्यिक गतिविधिहरू सञ्चालन हुँदै आएका छन् । नेपाली साहित्यको उत्थानमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका पर्वतका साहित्यिक सङ्घसंस्थाहरू यसप्रकार रहेका छन् :

क) पर्वत युवा क्लब

ख) पर्वत साहित्य सङ्गम

ग) माधुरी साहित्य प्रतिष्ठान

घ) वाङ्मय साहित्य समाज

ङ) मोहनबहादुर मल्ल स्मृति प्रतिष्ठान

विभिन्न साहित्यिक गतिविधिहरू सञ्चालन गर्ने यस्ता सङ्घसंस्थाहरू पर्वतमा सङ्ख्यात्मक रूपमा थोरै रहे तापनि यिनीहरूबाट भएका गुणात्मक कार्यलाई महत्त्वपूर्ण मान्न सकिन्छ । यिनै सङ्घसंस्थाहरूको सहयोगमा पर्वतमा साहित्यिक पत्रपत्रिकाहरू प्रकाशित हुने गरेका छन् ।

## २.३ पर्वतमा साहित्यिक पत्रपत्रिकाको प्रकाशन र गतिविधि

पर्वतमा साहित्यिक क्रियाकलापको प्रारम्भ वि.सं. २०१८ देखि भएको देखिन्छ । **आँकुरो** शीर्षकको हस्तलिखित पत्रिकालाई शान्तिनारायण श्रेष्ठद्वारा सम्पादन तथा प्रकाशन गरिएसँगै औपचारिक रूपमा पर्वतमा साहित्यिक क्रियाकलापहरू अघि बढेको देखिन्छ । त्यसपछि श्यामानन्द पौडेलको सम्पादनमा महेन्द्र शिखरी मा.वि.द्वारा वि.सं. २०२० मा **झरना** प्रकाशित गरियो । **पर्वतमाला** (२०२२), **पालुवा** (२०२३), **प्रतिभा** (२०२३), **इच्छाएको फूल** (२०३४), **गंगा** (२०३७) लगायत हालसम्म एक दर्जनजति साहित्यिक पत्रपत्रिकाहरू पर्वतबाट प्रकाशित भएका देखिन्छन् । तीमध्ये कतिपय पत्रपत्रिकाहरू एक वा केही अङ्क प्रकाशित भई बन्द भएका छन् भने कतिपय हालसम्म नै सक्रिय रहेका पाइन्छन् । पर्वतबाट गैरसाहित्यिक पत्रिकाहरू पनि प्रकाशित भएका छन् । तिनीहरूले पनि आंशिक रूपमा साहित्यिक रचनाहरूलाई स्थान दिने गरेका छन् । विभिन्न सङ्घसंस्था, क्याम्पस र विद्यालयहरूले मुखपत्रको रूपमा पत्रिकाहरू प्रकाशित गर्ने र तिनमा सबैभन्दा बढी साहित्यिक लेख रचनालाई समावेश गर्ने गरेको पाइन्छ ।

पर्वत जिल्लाबाट प्रकाशित भएका साहित्यिक पत्रपत्रिकाको कालक्रमिक प्रकाशन विवरण यसप्रकार रहेको छ :

| क.सं. | पत्रिकाको नाम | प्रथम प्रकाशन वर्ष | अवधि | प्रकाशक | सम्पादक |
|---|---|---|---|---|---|
| १. | आँकुरो | २०१८ | सामयिक | शान्तिनारायण श्रेष्ठ | शान्तिनारायण श्रेष्ठ |
| २. | झर्ना | २०२० | सामयिक | महेन्द्र शिखरी मा.वि. | श्यामानन्द पौडेल |
| ३. | पर्वतमाला | २०२२ | सामयिक | महेन्द्र शिखरी मा.वि. | मोहनबहादुर मल्ल |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | प्रतिभा | २०२३ | सामयिक | भवानी विद्यापीठ मा.वि. | हिरामणि शर्मा पौडेल |
| ५. | इच्छाको फूल | २०३४ | सामयिक | महेन्द्र शिखरी मा.वि. | टीकाबहादुर प्रसाइ |
| ६. | गंगा | २०३७ | विविध | अर्जुनकुमार श्रेष्ठ | असीम आजाद |
| ७. | प्रतिभा (नयाँ) | २०३८ | सामयिक | पर्वत युवा क्लब | इन्द्रकुमार विकल्प |
| ८. | कालीको सुसेली | २०५४ | विविध | पर्वत साहित्य सङ्गम | इन्द्रकुमार विकल्प |
| ९. | सगुन | – | सामयिक | पर्वत साहित्य सङ्गम | शान्तिनारायण श्रेष्ठ |
| १०. | पर्वत विकास दर्पण | २०५५ | विविध | गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय | बलराम उपाध्याय |
| ११. | पर्वत | २०५५ | | | बलराम उपाध्याय |
| १२. | धवला | २०५५ | सामयिक | | कर्मचारी मिलन केन्द्र, पर्वत |
| १३. | काँडा बीचको फूल | २०५५ | सामयिक | | ,, ,, |
| १४. | चेतना | २०५५ | सामयिक | | ,, ,, |
| १५. | फूलका थुङ्गा | २०५५ | विविध | | ,, ,, |
| १६. | आकृति | २०५५ | सामयिक | | ,, ,, |
| १७. | बाल सुसेली | २०५७ | विविध | पर्वत साहित्य सङ्गम | इन्द्रकुमार विकल्प |
| १८. | पर्वत गुञ्जन | २०५८ | सामयिक | | कर्मचारी मिलन केन्द्र, पर्वत |
| १९. | पर्वतमाला | २०५८ | सामयिक | कर्मचाली मिलन केन्द्र | कर्मचाली मिलन केन्द्र |
| २०. | माधुरी | २०५९ | सामयिक | माधुरी साहित्य प्रतिष्ठान | सरस्वती शर्मा ‘जिज्ञासु’ |
| २१. | रोटरी आवाज | २०६९ | विविध | रोटरी क्लब पर्वत | |
| २२. | लायन्स दर्पण | २०७० | विविध | लायन्स क्लब पर्वत | |

यी पत्रिकाहरूमध्ये कतिपय एक वा केही अङ्क प्रकाशित भई बन्द भइसकेका छन् भने कतिपय चाहिँ हालसम्म निरन्तर प्रकाशित भइरहेका छन् । नयाँ नयाँ पत्रिका प्रकाशन गर्ने क्रम पनि जारी नै छ ।

## २.४ निष्कर्ष

नेपाली साहित्यको उन्नयनमा विभिन्न साहित्यिक पत्र-पत्रिकाहरूले उल्लेख्य योगदान पुऱ्याएका छन् । नेपाली साहित्यमा साहित्यिक पत्रिकाको योगदानको इतिहास हेर्दा वि.सं. १९४३ मा मोतीराम भट्टले बनारसमा प्रकाशित गरेको **गोर्खा-भारत जीवन** (अप्राप्य) देखि **सुधासागर** (१९५५) हुँदै हालसम्म स्वदेश तथा विदेशबाट हजारौँ पत्रपत्रिका प्रकाशित भएका छन् र तिनीहरूले नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । पर्वतको पहिलो पत्रिका **आँकुरो** (२०१८) र त्यसपछि **झरना** (२०२०) देखि हालसम्म प्रकाशित भएका दर्जनभन्दा बढी साहित्यिक तथा अर्धसाहित्यिक पत्रिकाहरूले नेपाली साहित्यको उत्थानमा उल्लेखनीय योगदान गरेका छन् । हाल पर्वत जिल्लामा पत्रिकाको सङ्ख्यात्मक र गुणात्मक दुबै दृष्टिले बढोत्तरी भएको देखिन्छ । साहित्यिक र गैरसाहित्यिक पत्रपत्रिका तथा स्मारिकाहरूको सङ्ख्या पर्वतमा धेरै नै पुगिसकेको छ । प्रकाशित भएका सबै साहित्यिक पत्रपत्रिकाहरू अहिले नियमित प्रकाशनमा भने छैनन् । नियमित र निरन्तर प्रकाशित पत्रिकाको रूपमा माधुरी साहित्य प्रतिष्ठानको प्रकाशन **माधुरी**लाई लिन सकिन्छ । पछिल्लो समयमा प्रस्तुत साहित्यिक पत्रिकाले क्रमशः आफ्नो गुणस्तरीयता कायम गर्दै अगि बढेको पाइन्छ । सिङ्गो पर्वत जिल्लाको साहित्यिक वृत्तमा माधुरी साहित्यिक पत्रिका साहित्यको चौतारी बनेर रहेको छ ।

# परिच्छेद : तिन

# ‘माधुरी’ पत्रिकामा प्रकाशित रचनाहरूको विधागत विवरण

# परिच्छेद : तिन

# 'माधुरी' पत्रिकामा प्रकाशित रचनाहरूको विधागत विवरण

## ३.१ विषय परिचय

यस परिच्छेदमा **माधुरी** पत्रिकामा अङ्क एकदेखि अङ्क दशसम्म प्रकाशित भएका सम्पूर्ण लेख रचनालाई लेखकको नामको आधारमा अनुक्रम मिलाई विधा र उपविधासमेत वर्गीकरण गरी सूचीबद्ध गरिएको छ ।

वि.सं. २०६२ देखि प्रकाशित हुन थालेको **माधुरी** पर्वतको ऐतिहासिक महत्त्व बोकेको साहित्यिक पत्रिका मानिन्छ । उच्च महत्त्वाकाङ्क्षा लिएर निरन्तर प्रकाशित भइरहेको **माधुरी** साहित्यिक पत्रिकाको छैटौँ अङ्क प्रकाशन गृह, सम्पादक र पुस्तकालयहरूमा समेत कहीँ पनि भेटिँदैन ।

मूलतः पर्वतमा रहेर समग्र नेपाली साहित्यको श्रीवृद्धिका लागि विशेष गरेर प्रधान सम्पादक सरस्वती शर्मा जिज्ञासुको योगदानलाई **माधुरी** पत्रिकाले उजागर गरेको छ । पर्वतको साहित्यिक गतिविधिको गौरव र गरिमाको रूपमा लिन सकिने **माधुरी** पत्रिकाले साहित्यका विविध विधाहरूलाई समेटेको छ । **माधुरी**मा प्रकाशित रचनाहरूमा कविता, कथा, लेख, निबन्ध, संस्मरण, गजल, हाइकु, ताङ्का, पुस्तक समीक्षा आदि रहेका छन् ।

प्रस्तुत अनुक्रमणिका तयार पार्दा लेखकको नामको वर्णानुक्रमलाई नै मूल आधार बनाइएको छ । एउटै लेखकका धेरै रचना प्रकाशित भएकोमा चाहिँ प्रकाशन क्रमलाई आधार बनाइएको छ ।

## ३.२ कविता/गजल/मुक्तक/हाइकु/ताङ्काहरू

**माधुरी** पत्रिकाको अङ्क १ देखि अङ्क १० सम्म प्रकाशित कविता/गजल/मुक्तक/हाइकु/ताङ्काहरूको सूची यसप्रकार रहेको छ :

| क्र.सं. | कविको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृ.सं. |
|---|---|---|---|---|---|
| १. | अर्जुन निर्जन पौडेल | कविता | २/२ | २०६३ | २ |
| २. | अर्जुन निर्जन पौडेल | गजल | ८/१ | २०६८ | १९ |
| ३. | अदिप्त ज्योति | नेता नभन (कविता) | ८/४ | २०६६ | ३८ |
| ४. | अनन्त मुस्कान | गजल | १/१ | २०६२ | ४३ |
| ५. | अनिल सुवेदी | मुक्तक | १०/३ | २०६८ | २४ |
| ६. | अनुपमा करार विवश | मुक्तक | ७/७ | २०६७ | ५ |
| ७. | अमृत काफ्ले | मुक्तक | ७/७ | २०६७ | ५५ |
| ८. | अम्बिका प्रसाद भट्टराई | गीत | ८/१ | २०६८ | २० |
| ९. | अम्बिका प्रसाद भट्टराई | यथार्थ | ८/४ | २०६९ | ३२ |
| १०. | अम्बिका वर्मा | आमा रुन्छिन् (कविता) | ५/५ | २०६६ | ८२ |
| ११. | अल्पविराम | मुक्तक | ७/७ | २०६७ | ४९ |
| १२. | अविराम | देश बिरामी छ (कविता) | ५/५ | २०६६ | ५५ |
| १३. | अशोक राई | गजल | २/२ | २०६३ | १ |
| १४. | असफल गौतम | आमाको आँसु | १०/३ | २०६८ | ७२ |
| १५. | आचार्य प्रभा | मुक्तक | ७/७ | २०६७ | २४ |
| १६. | आर.के अदिप्त गिरी | साहिँली म र एक रमिता | १/१ | २०६२ | २२ |
| १७. | आर.के अदिप्त गिरी | ताङ्का | ३/२ | २०६३ | १ |
| १८. | आर.के अदिप्त गिरी | मायाको कहानी | ५/५ | २०६६ | १०९ |
| १९. | आर.के अदिप्त गिरी | मुक्तक | ७/७ | २०६७ | २८ |
| २०. | आर.के अदिप्त गिरी | हाइकु | ८/२ | २०६८ | १९ |
| २१. | आर.सी रिजाल | अक्षर | ५/५ | २०६६ | १११ |
| २२. | इन्दिरा इन्दु | गजल | १/१ | २०६२ | ३९ |
| २३. | इन्दु तिवारी | पहाड बन्न सिक | ५/५ | २०६६ | ४२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २४. | इन्द्रकुमार विकल्प | हाइकु | २/२ | २०६३ | ४ |
| २५. | इन्द्रकुमार विकल्प | घाउ | ५/५ | २०६६ | १२४ |
| २६. | इन्द्रकुमार विकल्प | गजल | ८/१ | २०६८ | १८ |
| २७. | इन्द्रकुमार विकल्प | गजल | १०/३ | २०६८ | ४७ |
| २८. | इन्द्रकुमार श्रेष्ठ | गजल | ८/४ | २०६६ | ५८ |
| २९. | इन्द्रमान खत्री | गजल | १/१ | २०६२ | २० |
| ३०. | इन्द्रमान खत्री | गजल | २/२ | २०६३ | ४ |
| ३१. | इन्द्रमान खत्री | आज | ५/५ | २०६६ | १२५ |
| ३२. | इन्द्रमान खत्री | मुक्तक | ७/७ | २०६७ | ९८ |
| ३३. | इन्द्रमान खत्री | गजल | ८/२ | २०६८ | ४१ |
| ३४. | इन्द्रराज पौडेल | मोतीको सम्झना | ५/५ | २०६६ | ६२ |
| ३५. | इन्द्रसुर राई बेल्टारे | जीवनवृत्त | ५/५ | २०६६ | १३४ |
| ३६. | इन्द्रसुर राई बेल्टारे | मुक्तक | १०/३ | २०६८ | ४१ |
| ३७. | इश्हाक हुसेन | गजल | १/१ | २०६२ | ३८ |
| ३८. | उज्जल जि.सी | खै के कविता लेखूँ... | ५/५ | २०६६ | १४ |
| ३९. | उर्मिला साहित्यिका | नपुंसक श्रीमान्को | १०/३ | २०६८ | १६ |
| ४०. | ऋचा लुइटेल | गजल | २/२ | २०६३ | ४ |
| ४१. | ऋषि तिवारी | पल्लव | २/२ | २०६३ | ४ |
| ४२. | ऋषि पाण्डे | हाइकु | २/२ | २०६३ | ३ |
| ४३. | कपिल अञ्जान | मुक्तक | ७/७ | २०६७ | ४० |
| ४४. | कपिल लामिछाने | मुक्तक | १/१ | २०६२ | १८ |
| ४५. | कपिल लामिछाने | गीत | २/२ | २०६३ | १२ |
| ४६. | कमल भण्डारी | तिमी, म र अनुभूति | ५/५ | २०६६ | ४८ |
| ४७. | कल्पना श्रेष्ठ | मुक्तक | ७/७ | २०६७ | ८१ |
| ४८. | कविता शर्मा सङ्घर्ष | मुस्कानको खोजीमा | २/२ | २०६३ | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४९. | काजी रोशन | कल्पवृक्ष | १/१ | २०३२ | २ |
| ५०. | काजी रोशन | स्वतन्त्रताका दीप | २/२ | २०६२ | ९ |
| ५१. | किशोर मनस्वी | गजल | १/१ | २०६२ | ७१ |
| ५२. | किशोर मनस्वी | मुक्तक | ७/७ | २०६७ | ७२ |
| ५३. | किशोर सापकोटा | 'म' बिनाको म | १/१ | २०६२ | २१ |
| ५४. | किशोर सापकोटा | अग्निरेखा | ८/१ | २०६८ | ४८ |
| ५५. | कृष्ण उदासी | मन्दिर | ८/४ | २०६९ | ६५ |
| ५६. | कृष्ण के.सी. | भेल कसरी पार हुने ? | ५/५ | २०६६ | १३१ |
| ५७. | कृष्ण पहारी | बदनामी तिम्रो शहर | ५/५ | २०६६ | ४९ |
| ५८. | कृष्ण पहारी | मुक्तक | ७/७ | २०६७ | ५४ |
| ५९. | कृष्ण पौडेल | गजल | १/१ | २०६२ | ४४ |
| ६०. | कृष्णप्रसाद जमरकट्टेल | यस्तो के होस् | २/२ | २०६३ | ५ |
| ६१. | कृष्णप्रसाद पराजुली | शिशु कविता | १/१ | २०६२ | १५ |
| ६२. | कृष्णप्रसाद पराजुली | दसैं कविता | २/२ | २०६३ | ५ |
| ६३. | कृष्णराज पौडेल | पीडा-विनय | १०/३ | २०६८ | १८ |
| ६४. | कृष्णसिंह पेला | गजल | ८/४ | २०६९ | १३ |
| ६५. | कृष्णादेवी शर्मा श्रेष्ठ | लोकतन्त्र | २/२ | २०६३ | १० |
| ६६. | कृष्णादेवी शर्मा श्रेष्ठ | डाँडामाथिको जून | ५/५ | २०६६ | १२१ |
| ६७. | कृष्णादेवी शर्मा श्रेष्ठ | मुक्तक | ७/७ | २०६७ | ६५ |
| ६८. | कृसु क्षेत्री | गजल | १/१ | २०६२ | ४ |
| ६९. | कृसु क्षेत्री | गजल | २/२ | २०६३ | ५ |
| ७०. | केदार श्रेष्ठ गगन | गीत | ८/१ | २०६८ | १९ |
| ७१. | के.पी गौतम | तिमीलाई उपहार | ८/४ | २०६९ | ३७ |
| ७२. | केशव गौतम | शुभकामना | ९/२ | २०६८ | ७० |
| ७३. | केशवराज आमोदी | गजल | १/१ | २०६२ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७४. | केशवराज आमोदी | साहित्यमा कोइराला... | ५/५ | २०६६ | ६९ |
| ७५. | क्षितिज समर्पण | गजल | ८/१ | २०६८ | ४२ |
| ७६. | क्षेत्रप्रताप अधिकारी | घिर्लिङ् | २/२ | २०६३ | ९० |
| ७७. | क्षेत्रप्रताप अधिकारी | मुक्तक | ७/७ | २०६७ | ४२ |
| ७८. | क्षेत्रप्रताप अधिकारी | गजल | ८/१ | २०६८ | २ |
| ७९. | खगेन्द्र गिरि कोपिला | गजल | १/१ | २०६२ | ८ |
| ८०. | खगेन्द्र गिरि कोपिला | गजल | २/२ | २०६३ | १२ |
| ८१. | खगेन्द्र गिरि कोपिला | विभाजित परिवेश | ५/५ | २०६६ | ६० |
| ८२. | खगेन्द्र गिरि कोपिला | मुक्तक | ७/७ | २०६७ | ७ |
| ८३. | खगेन्द्र गिरि कोपिला | गजल | ८/४ | २०६९ | ६७ |
| ८४. | खगेन्द्रप्रसाद वस्याल | गजल | २/२ | २०६३ | १५ |
| ८५. | खगेन्द्रप्रसाद वस्याल | मुक्तक | ७/७ | २०६७ | ९४ |
| ८६. | खगेन्द्रप्रसाद वस्याल | मुक्तक | १०/३ | २०६८ | २५ |
| ८७. | खेमनाथ शर्मा पौडेल | श्रेष्ठ जीवन | ९/२ | २०६८ | २१ |
| ८८. | गंगा अभिलाषी | मुक्तक | ७/७ | २०६७ | २५ |
| ८९. | गंगाधर अधिकारी | मालिक ! खबरदार | १/१ | २०६२ | २० |
| ९०. | गंगाधर अधिकारी | होसियार ! | २/२ | २०६३ | १४ |
| ९१. | गंगानाथ कोइराला | मालीको बगैंचा | २/२ | २०६३ | १४ |
| ९२. | गंगानाथ कोइराला | मुक्तक | ५/५ | २०६६ | ५३ |
| ९३. | गंगानाथ कोइराला | सासको आस जाग्यो | ९/२ | २०६८ | २७ |
| ९४. | गणेशकुमार जी.सी | कविता | १/१ | २०६२ | १२ |
| ९५. | गणेशकुमार जी.सी | आशोका फूलहरू | २/२ | २०६३ | १५ |
| ९६. | गण्डकी पुत्र | मुक्तक | ७/७ | २०६७ | ३ |
| ९७. | गोपाल खनाल | मुक्तक | ७/७ | २०६७ | ५६ |
| ९८. | गोपालप्रसाद रिमाल | होश | ५/५ | २०६६ | ७७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९९. | गोपीकृष्ण ढुङ्गाना | ताङ्का | १/१ | २०६२ | ४२ |
| १००. | गोर्खे साइँलो | गलल | १/१ | २०६२ | ३ |
| १०१. | गोर्खे साइँलो | गरीद्यौ विदाइ | २/२ | २०६३ | १३ |
| १०२. | गोर्खे साइँलो | बाधा मलाई भो | ५/५ | २०६६ | ६६ |
| १०३. | गोर्खे साइँलो | मुक्तक | ७/७ | २०६७ | १०० |
| १०४. | गोर्खे साइँलो | गजल | ९/२ | २०६८ | २२ |
| १०५. | गोवर्दन पूजा | गजल | ९/२ | २०६७ | ४ |
| १०६. | गोविन्दराज विनोदी | अनुरोध | १/१ | २०६२ | २ |
| १०७. | गोविन्दराज विनोदी | गजल | २/२ | २०६३ | १६ |
| १०८. | घनश्याम न्यौपाने परिश्रमी | गजल | १/१ | २०६२ | १ |
| १०९. | डा. घनश्याम न्यौपाने परिश्रमी | गजल | २/२ | २०६३ | १६ |
| ११०. | डा. घनश्याम न्यौपाने परिश्रमी | मुक्तक | ७/७ | २०६७ | ७७ |
| १११. | घायलश्री | अनुरोध | ५/५ | २०६६ | ७ |
| ११२. | चन्द्रप्रकाश पौडेल | मुक्तक | ७/७ | २०६७ | ७४ |
| ११३. | छन्दमणि त्रिपाठी | गजल | ९/२ | २०६८ | ३३ |
| ११४. | छन्दिका घिमिरे | गजल | ९/२ | २०६८ | ३१ |
| ११५. | छन्दिका घिमिरे | सिर्जना र असार | ५/५ | २०६९ | ८४ |
| ११६. | छवि सुवेदी | अभिसाप भैसक्यो | १/१ | २०६२ | २६ |
| ११७. | छवि सुवेदी विजयी | कणकण गन्दै होलान् | २/२ | २०६३ | १७ |
| ११८. | जगन्नाथ पौडेल | स्वप्नबिम्ब | १ /१ | २०६२ | ११ |
| ११९. | जगन्नाथ पौडेल | कविता | २/२ | २०६३ | १८ |
| १२०. | जगन्नाथ पौडेल | चेलाखे भूत | | | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२१. | जगन्नाथ पौडेल | मुक्तक | ८/१ | २०६८ | २५ |
| १२२. | जगन्नाथ पौडेल | जून र समय | १०/३ | २०६८ | ४ |
| १२३. | जगन्नाथ पौडेल नुतन | मुक्तक | ७/७ | २०६७ | २९ |
| १२४. | जगन्नाथ प्रसाद लम्साल | आन्दोलनको प्रतिफल | २/२ | २०६३ | १७ |
| १२५. | जयन्ता पोखरेल | हिलो र कमल | १०/३ | २०६८ | १९ |
| १२६. | जीवन समुन्द्र | गजल | २/२ | २०६३ | १८ |
| १२७. | जेवी सेभेन | गजल | १/१ | २०६२ | ७१ |
| १२८. | जेवी सेभेन | कविता | ८/१ | २०६८ | ४४ |
| १२९. | ज्ञानुवाकर पौडेल | गजल | १/१ | २०६२ | १ |
| १३०. | ज्ञानुवाकर पौडेल | मुक्तक | २/२ | २०६३ | ९० |
| १३१. | ज्ञानुवाकर पौडेल | अभ्यस्त | ५/५ | २०६६ | ११५ |
| १३२. | ज्ञानुवाकर पौडेल | गजल | ८/१ | २०६८ | ५ |
| १३३. | ज्योति जङ्गल | यो रात | ५/५ | २०६६ | ४५ |
| १३४. | ज्योत्स्ना अधिकारी | हाइकु | २/२ | २०६३ | १८ |
| १३५. | टुकनाथ रेग्मी | गजल | १/१ | २०६२ | ४३ |
| १३६. | टुकनाथ रेग्मी | बेलुरामप्रति मेरै अभिव्यक्ति | ८/१ | २०६८ | ३७ |
| १३७. | टुकनाथ रेग्मी | कविता | ९/२ | २०६८ | ६५ |
| १३८. | डम्वर वी.सी. | मुक्तक | ७/७ | २०६७ | ६ |
| १३९. | डम्वर वी.सी. | गजल | ८/१ | २०६८ | ४५ |
| १४०. | डम्वर वी.सी. | गजल | ८/४ | २०६९ | १५ |
| १४१. | डिल्लीप्रसाद आश्रय | अश्वयमेवः अब त | २/२ | २०६३ | १९ |
| १४२. | डिल्ली सिटौला पुङ्माङ् | धौलागिरिको नासो | ५/५ | २०६६ | ३ |
| १४३. | डी. आर. शार्मा | जाजरकोट र उसको पुकार | ५/५ | २०६६ | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४४. | डी. आर. शार्मा | मुक्तक | ७/७ | २०६७ | ४१ |
| १४५. | डी. आर. शार्मा | दियो र वाती | ८/१ | २०६८ | ५५ |
| १४६. | तारानाथ सापकोटा | गीत | २/२ | २०६३ | २० |
| १४७. | तारानाथ सुवेदी | गजल | १/१ | २०६२ | ३८ |
| १४८. | ताराप्रसाद सापकोटा | आजकल ऊ | २/२ | २०६३ | २० |
| १४९. | तारा बराल | मुक्तक | ७/७ | २०६७ | ७५ |
| १५०. | तीर्थ श्रेष्ठ | मुक्तक | ७/७ | २०६७ | ११ |
| १५१. | तीर्थ श्रेष्ठ | गजल | ८/४ | २०६९ | ६६ |
| १५२. | तुलसी पौडेल | सूर्य | ५/५ | २०६६ | १०८ |
| १५३. | तुलसी पौडेल | एकदिन बुद्ध | ८/१ | २०६८ | ३० |
| १५४. | दामोदर पुडासैनी किशोर | अभिनय | २/२ | २०६३ | २१ |
| १५५. | दामोदर पुडासैनी किशोर | चित्र | ५/५ | २०६६ | २५ |
| १५६. | दामोदर पुडासैनी किशोर | कविता | १०/३ | २०६८ | २५ |
| १५७. | दिनेश पौडेल | अन्धकारको देशमा | २/२ | २०६३ | २० |
| १५८. | दिलिप जोशी | गजल | २/२ | २०६३ | २१ |
| १५९. | दिवश शिरी राजेश | गजल | १०/३ | २०६८ | ७ |
| १६०. | दिवाकर पौडेल | अहा उपवन | १०/३ | २०६८ | ३१ |
| १६१. | दिव्यसागर साउद | मुक्तक | ७/७ | २०६७ | २६ |
| १६२. | दीनबन्धु | वेचिएकी चेली | १/१ | २०६२ | १९ |
| १६३. | दीपक समीप | गजल | ८/४ | २०६९ | २१ |
| १६४. | दीपक सोती | महाकविको सम्झनामा | ८/१ | २०६८ | ४१ |
| १६५. | दुर्गा प्रतीक्षा | मेरो लागि जिन्दगी | १/१ | २०६२ | ७८ |
| १६६. | दुवसु क्षत्री | मुक्तक | ७/७ | २०६७ | २१ |
| १६७. | देवी त्रिपाठी | मुक्तक | ७/७ | २०६७ | ७४ |
| १६८. | देवी त्रिपाठी | गजल | ८/४ | २०६९ | ६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६९. | देवी न्यौपाने धीर | मुक्तक | ७/७ | २०६७ | ६६ |
| १७०. | देवीप्रसाद न्यौपाने धीर | गजल | ८/१ | २०६८ | ३३ |
| १७१. | देवीप्रसाद वनबासी | प्राणेश्वर | ५/५ | २०६६ | १०३ |
| १७२. | धनकुटे कान्छा | मन बिम्बहरूमा | १/१ | २०६२ | १४ |
| १७३. | धनकुटे कान्छा | गजल | २/२ | २०६३ | ३४ |
| १७४. | धनञ्जय शर्मा अधिकारी | सकारात्मक सोच | ५/५ | २०६६ | ६५ |
| १७५. | धनराज गिरी | गजल | २/२ | २०६३ | ३४ |
| १७६. | धनराज गिरी | मुक्तक | ७/७ | २०६७ | २५ |
| १७७. | धनराज गिरी | गजल | १०/३ | २०६८ | ७ |
| १७८. | धर्मराज स्याङ्ताङ् | गजल | ८/१ | २०६८ | २४ |
| १७९. | धीरकुमार श्रेष्ठ | गजल | १/१ | २०६२ | १३ |
| १८०. | धीरज गिरी कल्पित | तान्का | २/२ | २०६३ | ३६ |
| १८१. | ध्रुव मधिकर्मी | कविता | ५/५ | २०६६ | १०३ |
| १८२. | ध्रुव मधिकर्मी | मुक्तक | ७/७ | २०६७ | ४८ |
| १८३. | ध्रुवलाल शर्मा | सुनामी र शहादत | २/२ | २०६३ | ३५ |
| १८४. | नमुना शर्मा | गीत | २/२ | २०६३ | ३७ |
| १८५. | नवराज उत्साही | मुक्तक | ७/७ | २०६७ | ५१ |
| १८६. | नवराज कंडेल अविरल | गीत | १/१ | २०६२ | २७ |
| १८७. | नवराज दाहाल ‘उत्साही’ | गजल | २/२ | २०६३ | ३७ |
| १८८. | नवराज दाहाल ‘उत्साही’ | आफ्नै कथा आफ्नै व्यथा | १०/३ | २०६८ | ४५ |
| १८९. | नवराज बराल | गीत | ८/४ | २०६९ | ६१ |
| १९०. | नवराज लम्साल | हामी अङ्क हामी अक्षर | १०/३ | २०६८ | ४३ |
| १९१. | नवीन मगर | गजल | ८/४ | २०६८ | ३ |
| १९२. | नारायण गोदारे | फागु पूर्णिमा र.... | २/२ | २०६३ | ४० |

| | | | | | |
|---|---|---|---|---|---|
| १९३. | नारायणप्रसाद ढकाल | कविता | १०/३ | २०६८ | २७ |
| १९४. | नारायण रायमाझी | गजल | ८/१ | २०६८ | ३६ |
| १९५. | नारायण रायमाझी | गजल | १०/३ | २०६८ | ६ |
| १९६. | निमेष निखिल | गाउँहरू वस्तीहरू | ८/४ | २०६९ | ३९ |
| १९७. | निरु के.सी. अश्रु | द्रष्टा | ५/५ | २०६६ | ५२ |
| १९८. | निर्मला पौडेल | गीत | १/१ | २०६२ | ७८ |
| १९९. | निर्मला शर्मा 'निरु' | मुक्तक | ७/७ | २०६७ | ९ |
| २००. | निष्प्रभ सजी | तिम्रो सुभचिन्तक | ८/४ | २०६९ | ५९ |
| २०१. | पर्वत ढकाल | गजल | ८/४ | २०६९ | ३६ |
| २०२. | पवन आलोक | नदी जो बहन्छ | १०/३ | २०६८ | १७ |
| २०३. | पवित्रा भण्डारी | मुक्तक | ७/७ | २०६७ | ५७ |
| २०४. | पुष्प अधिकारी 'अञ्जली' | गजल | १/१ | २०६२ | ५ |
| २०५. | पुष्प अधिकारी 'अञ्जली' | गजल | २/२ | २०६३ | ४७ |
| २०६. | पुष्प अधिकारी 'अञ्जली' | कविता | ५/५ | २०६६ | १०५ |
| २०७. | पुष्प अधिकारी 'अञ्जली' | गजल | ७/७ | २०६७ | ४७ |
| २०८. | पुष्प अधिकारी 'अञ्जली' | गजल | ८/१ | २०६८ | ४६ |
| २०९. | पुष्प अधिकारी 'अञ्जली' | गजल | ८/४ | २०६९ | ११ |
| २१०. | पुष्पलता आचार्य | जादैँ छु म टाढा | २/२ | २०६३ | ४६ |
| २११. | प्रकटकुमार शिशिर | मुक्तक | ७/७ | २०६७ | २ |
| २१२. | प्रकट पंगेनी शिव | मुक्तक | ७/७ | २०६७ | २२ |
| २१३. | प्रकाश आग्दम्बे | मुक्तक | ७/७ | २०६७ | १०१ |
| २१४. | प्रकाश गिरी निश्चल | गजल | २/२ | २०६३ | ४७ |
| २१५. | प्रकाश पौडेल | कोटि-कोटि प्रणाम प्रभु | ५/५ | २०६६ | १२३ |
| २१६. | प्रकाश सायमी | मुक्तक | ७/७ | २०६७ | १२ |
| २१७. | प्रदिपराज भण्डारी | कविता | १०/३ | २०६८ | ६४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१८. | प्रदीप वगर | गजल | २/२ | २०६३ | ५१ |
| २१९. | प्रभाकर पण्डित | मुक्तक | ७/७ | २०६७ | ९९ |
| २२०. | बाबु त्रिपाठी | फुटपाथ | ८/१ | २०६८ | ३१ |
| २२१. | बाबु त्रिपाठी | गजल | १०/३ | २०६८ | ३४ |
| २२२. | बाबुराम शील | गजल | १/१ | २०६२ | ४१ |
| २२३. | बालकृष्ण थपलिया | गजल | २/२ | २०६३ | ५८ |
| २२४. | बूँद सना | गजल | २/२ | २०६३ | ५८ |
| २२५. | ब्रहम कुमारी जानकी | कविता | २/२ | २०६३ | ५८ |
| २२६. | भक्त कार्की | हाइकु | २/२ | २०६३ | ५९ |
| २२७. | भक्त कार्की | मुक्तक | ८/१ | २०६८ | ३ |
| २२८. | भगवती पाण्डे आशा | मेरो कविता.. | ८/४ | २०६९ | १३ |
| २२९. | भरत रोदन साउद 'पाखे' | मुक्तक | १/१ | २०६२ | ४० |
| २३०. | भरत रोदन साउद 'पाखे' | गजल | २/२ | २०६३ | ५९ |
| २३१. | भरत रोदन साउद 'पाखे' | रात ढलेपछि | ५/५ | २०६६ | ४ |
| २३२. | भरत विवश पौडेल | मुक्तक | २/२ | २०६३ | ५९ |
| २३३. | भरत विवश पौडेल | मुक्तक | ७/७ | २०६७ | ३० |
| २३४. | भीमनिधि तिवारी | मुक्तक | ७/७ | २०६७ | ८० |
| २३५. | भीम परियार | मुक्तक | ७/७ | २०६७ | ९५ |
| २३६. | भीमबहादुर तामाङ् | गजल | १/१ | २०६२ | ७१ |
| २३७. | भीमबहादुर परियार | मुक्तक | ८/१ | २०६८ | २७ |
| २३८. | भीमबहादुर परियार | मुक्तक | ८/४ | २०६९ | २० |
| २३९. | भूपि शेरचन | सधैं सधैं मेरो सपनामा | ५/५ | २०६६ | ७८ |

| | | | | |
|---|---|---|---|---|
| २४०. मञ्जुल | सुतिरहेको छायाँ | ५-५ | २०६६ | १ |
| २४१. मधु पोखेल | मुक्तक | ७/७ | २०६७ | ६ |
| २४२. महानन्द ढकाल | गजल | ८/१ | २०६८ | ४३ |
| २४३. महेन्द्र जि.सी | मुक्तक | ७/७ | २०६७ | ८१ |
| २४४. महेन्द्र जि.सी | गजल | ८/१ | २०६८ | ३९ |
| २४५. महेन्द्र पौडेल | गजल | २/२ | २०६३ | ६० |
| २४६. महेन्द्रलाल प्रधान | गोरेटो | १०/३ | २०६८ | ३९ |
| २४७. माधव वियोगी | नारीजनप्रति | ५/५ | २०६६ | ८३ |
| २४८. मीलन समीर | गजल | १०/३ | २०६६ | १६ |
| २४९. मुरलीधर शर्मा पौडेल | कट्टैबरा गरिब टुलुटुलु हेर्छन् | ५/५ | २०६६ | २४ |
| २५०. मुरलीधर शर्मा पौडेल | कविता | ८/१ | २०६८ | ३४ |
| २५१. मुरलीधर शर्मा पौडेल | श्रीमद्भागवद्...... | ८/४ | २०६९ | १९ |
| २५२. मोहन दुवाल | घुम्ने कुर्सी | १/१ | २०६२ | १ |
| २५३. मोहन दुवाल | म भात खान जाउँ कि | २/२ | २०६३ | ६० |
| २५४. यम ढुङ्गाना के.सी. | कविता | १/१ | २०६२ | ८० |
| २५५. यम ढुङ्गाना के.सी. | आशामा बाँच्नु पर्ने | ५/५ | २०६६ | ५८ |
| २५६. रमानाथ अधिकारी | गीत | ८/१ | २०६८ | ५२ |
| २५७. रमेश थापा'अन्जान स्नेहा' | मुक्तक | | | ८ |
| २५८. रमेश थापा मगर | गजल | ८/४ | २०६९ | १४ |
| २५९. राजु वि.क. | मृत्युदण्डपछिको शान्ति | १/१ | २०६२ | २८ |
| २६०. राजेन्द्र थापा | खासमा तपाईं को हो ? | ५/५ | २०६३ | ११३ |
| २६१. राजेन्द्र पहाडी | देवता सँग | २/२ | २०६३ | ६४ |
| २६२. राजेन्द्र पहाडी | कविता | ५/५ | २०६६ | ९७ |

| | | | | |
|---|---|---|---|---|
| २६३. राजेन्द्र पहाडी | मुक्तक | ७/७ | २०६७ | २२ |
| २६४. राम थापा 'अविरल' | गजल | २/२ | २०६३ | ६५ |
| २६५. रामप्रसाद कंडेल | गजल | १०/३ | २०६८ | २० |
| २६६. रामेश्वरी पन्त | अन्तिम सलामी | १०/३ | २०६८ | ४८ |
| २६७. रावत | गजल | १०/३ | २०६८ | २१ |
| २६८. रुद्र ज्ञवाली | मुक्तक | ७/७ | २०६७ | ६९ |
| २६९. रूपा कुसुम | गजल | २/२ | २०६३ | ६५ |
| २७०. लक्ष्मण थापा | गजल | २/२ | २०६३ | ६३ |
| २७१. लक्ष्मण थापा | मुक्तक | ७/७ | २०६७ | ६० |
| २७२. लक्ष्मणप्रसाद गौतम | गीत | १/१ | २०६२ | ३ |
| २७३. लक्ष्मणप्रसाद गौतम | उसलाई मृत्युदण्ड .... | १०/३ | २०६८ | ९ |
| २७४. लक्ष्मीदत्त भट्ट | कविता | ९/२ | २०६८ | २५ |
| २७५. लक्ष्मीदत्त भट्ट | गजल | ८/४ | २०६९ | ६३ |
| २७६. ललिजन रावल | मुक्तक | ७/७ | २०६७ | ८२ |
| २७७. वनमाली निराकार | मुक्तक | ७/७ | २०६७ | ३२ |
| २७८. वसन्त विनोद | गजल | ८/४ | २०६९ | ६२ |
| २७९. विजय सागर | हाम्रो सिङ्गो घर | १०/३ | २०६८ | २३ |
| २८०. विभास | मुक्तक | ७/७ | २०६७ | ७१ |
| २८१. विमलराज मायालु | मुक्तक | ७/७ | २०६७ | ७३ |
| २८२. विमल शर्मा पौडेल | मुक्तक | ७/७ | २०६७ | ९६ |
| २८३. विमल शर्मा पौडेल | हाइकु | ८/१ | २०६८ | २६ |
| २८४. विमल शर्मा पौडेल | नदी र राजनीति | ५/५ | २०६६ | ३५ |
| २८५. विवश वलिभद्र | गजल | १०/३ | २०६८ | २१ |
| २८६. विविध काफ्ले | कविता | ८/१ | २०६८ | ५४ |
| २८७. विष्णुबहादुर सिंह | कर्तव्य | ८/४ | २०६९ | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २८८. | विष्णु सङ्गम | यस्तै हुन्छ... | २/२ | २०६३ | ५७ |
| २८९. | वियोगी बुढाथोकी | मुक्तक | ७/७ | २०६७ | ६५ |
| २९०. | वियोगी बुढाथोकी | म अर्थात् गोपालहरू | ८/१ | २०६८ | १ |
| २९१. | वियोगी बुढाथोकी | गजल | १०/३ | २०६८ | ४७ |
| २९२. | वियोगी बुढाथोकी | मुक्तक | ८/४ | २०६९ | २१ |
| २९३. | वीरेन्द्र भुसाल कल्पित | गजल | ८/४ | २०६९ | १२ |
| २९४. | शंकर मुडभरी | हाइकु | ८/२ | २०६८ | ९ |
| २९५. | शंकर सुवेदी | एकलै मलाई भन | २/२ | २०६३ | ७९ |
| २९६. | शंकर सुवेदी | मुक्तक | ७/७ | २०६७ | १०१ |
| २९७. | शंकर सुवेदी | कविता | ८/२ | २०६८ | २३ |
| २९८. | शंकर सुवेदी | शान्ति | १०/३ | २०६८ | ४९ |
| २९९. | शान्तिनारायण श्रेष्ठ | गीत | १०/३ | २०६८ | १५ |
| ३००. | शिव अधिकारी | गजल | ९/२ | २०६८ | ५९ |
| ३०१. | शिव सिग्देल | गजल | १/१ | २०६२ | ४३ |
| ३०२. | शोभाकान्त गौडेल | कविता | १/१ | २०६२ | १७ |
| ३०३. | श्यामबहादुर भावुक | पर्वतकी नदी  सरस्वती | ८/४ | २०६९ | २५ |
| ३०४. | श्रेष्ठ प्रिया पत्थर | गजल | १/१ | २०६२ | ५ |
| ३०५. | श्रेष्ठ प्रिया पत्थर | गजल | ८/४ | २०६९ | ५८ |
| ३०६. | षडानन्द पौड्याल | कविको कविता निदाएको देख्छु | १/१ | २०६२ | ४ |
| ३०७. | संगीता स्रोता | सहरमा संयुक्त फौज | १/१ | २०६२ | १० |
| ३०८. | संगीत स्रोता | मेरी आमाको जुनी | ८/१ | २०६८ | ७ |
| ३०९. | सबिना पौडेल | मुक्तक | ७/७ | २०६७ | २६ |
| ३१०. | सबिना पौडेल | बेदना | ८/१ | २०६८ | २२ |
| ३११. | सम्झना पौडेल | गजल | ८/१ | २०६८ | २७ |
| ३१२. | सरस्वती शर्मा 'जिज्ञासु' | संस्मरण | २/२ | २०६३ | ८१ |
| ३१३. | सरस्वती शर्मा 'जिज्ञासु' | कविता | ५/५ | २०६६ | |
| ३१४. | सरस्वती शर्मा 'जिज्ञासु' | मुक्तक | ७/७ | २०६७ | १०९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१५. | सरस्वती शर्मा 'जिज्ञासु' | गजल | १०/३ | २०६८ | ४ |
| ३१६. | सरस्वती शर्मा 'जिज्ञासु' | जगल | १०/३ | २०६८ | १४ |
| ३१७. | सरस्वती शर्मा 'जिज्ञासु' | लोकतन्त्र तिमी | ८/४ | २०६९ | २३ |
| ३१८. | सरुभक्त | कविता | ५/५ | २०६६ | २ |
| ३१९. | सरुभक्त | मुक्तक | ७/७ | २०६७ | २१ |
| ३२०. | सागरप्रसाद उपाध्याय | गीत | २/२ | २०६२ | १८ |
| ३२१. | साधना प्रतीक्षा | गजल | २/२ | २०६३ | ८३ |
| ३२२. | साधना प्रतीक्षा | मुक्तक | ७/७ | २०६७ | २४ |
| ३२३. | सिर्जना दुवाल | नदी | २/२ | २०६३ | ८८ |
| ३२४. | सुदिम्न दाहाल | गजल | १०/३ | २०६८ | ४ |
| ३२५. | सुधा भट्टराई | कविता | ८/१ | २०६८ | २१ |
| ३२६. | सुमित गिरी | मुक्तक | ७/७ | २०६७ | ५५ |
| ३२७. | सुरेन्द्र खड्का | मुक्तक | ७/७ | २०६७ | १० |
| ३२८. | सुविसुधा आचार्य | गजल | २/२ | २०६३ | ८८ |
| ३२९. | सूर्य के.सी | गीत | १/१ | २०६२ | ४४ |
| ३३०. | हुसैन खाँ | मेरी रसिया | २/२ | २०६३ | ८९ |
| ३३१. | हुसैन खाँ | प्रणय अनुराग | ५/५ | २०६६ | |
| ३३२. | हृदय लेकाली | मुक्तक | ७/७ | २०६७ | ६८ |
| ३३३. | हेमप्रभास | भोको सारङ्गी | ९/२ | २०६८ | २० |
| ३३४. | हेमा कार्की कञ्चन | तिमी र म | ८/१ | २०६८ | २३ |

## ३.३ कथा/लघुकथाहरू

| क.सं. | कथाकारको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृ. सं. |
|---|---|---|---|---|---|
| १. | अरूणबहादुर खत्री 'नदी' | निमन्त्रणा | २/२ | २०६३ | २ |
| २. | अविराम | फुटेको टाउको र नयाँ नेपाल | ३/३ | २०६४ | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | इन्द्रकुमार विकल्प | तोकिएको चन्दा | ३/३ | २०६४ | १२ |
| ४. | इन्द्रकुमार श्रेष्ठ ‘सरित’ | त्यो सन्देश | १०/३ | २०६८ | ३३ |
| ५. | इन्द्रकुमार श्रेष्ठ ‘सरित’ | नदीको विशाल छातीमा | ८/४ | २०६९ | ३१ |
| ६. | इन्द्रबहादुर भण्डारी ‘इन्द्रेणी’ | विरानो मान्छे | ३/३ | २०६४ | १३ |
| ७. | इन्द्रमान खत्री | हामीलाई भीसा पठाउनु है | ३/३ | २०६४ | १७ |
| ८. | ऋषिप्रसाद लामिछाने | कस्तो सपना ? | ३/३ | २०६४ | १८ |
| ९. | ओमप्रसाद घायल | राहत | २/२ | २०६३ | ३ |
| १०. | कृपजक | माछो-भ्यागुतो | ३/३ | २०६४ | ३७ |
| ११. | कृष्ण पहारी | सम्भनाले पोतिएको रात | ३/३ | २०६४ | ३० |
| १२. | कृष्णादेवी शर्मा | भयाक्रान्त मन | ३/३ | २०६४ | ३४ |
| १३. | खगेन्द्र गिरी कोपिला | भिन्नता | ३/३ | २०६४ | ३९ |
| १४. | गीता लामिछाने | प्रतिबिम्ब | १/१ | २०६४ | ६७ |
| १५. | गुणराज पौड्याल | बाले पालेको कुकुर | १०/३ | २०६८ | ५१ |
| १६. | ताराप्रसाद पोखरेल प्रतीत | आवेश | ३/३ | २०६४ | ४४ |
| १७. | दामोदर पुडासैनी ‘किशोर’ | जुत्ता | ३/३ | २०६४ | ४५ |
| १८. | नवराज दाहाल ‘उत्साही’ | जागिरेको दैनिकी | ३/३ | २०६४ | ४७ |
| १९. | नारायण अधिकारी | म त थाकिसके | ३/३ | २०६४ | ५३ |
| २०. | नेत्रलाल पाण्डेय | नेता र जनता | ३/३ | २०६४ | ५० |
| २१. | परशु प्रधान | सिफारिश | ३/३ | २०६४ | ५४ |
| २२. | पुष्प अधिकारी अञ्जली | जागिरेको विवशता | ३/३ | २०६४ | ६१ |
| २३. | प्रकाश बराल | वाध्यताको विछोड | ३/३ | २०६४ | ५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २४. | प्रदीप आँसु | भत्किएको घर | ३/३ | २०६४ | ६० |
| २५. | भरत विवश पौडेल | प्रवेश निशुल्क | ३/३ | २०६४ | ७५ |
| २६. | महेश पौड्याल प्रारम्भ | सुस्मा | १०/३ | २०६९ | ११ |
| २७. | मीना अजिज | डुब्दो सूर्यको पश्चाताप | ३/३ | २०६४ | ७६ |
| २८. | रक्ष राई | भोक र भोकहरू | १/१ | २०६२ | ४५ |
| २९. | रक्ष राई | आत्म भर्त्सना | २/२ | २०६३ | ६१ |
| ३०. | राजु पौडेल | पुनर्मिलन | १/१ | २०६२ | ४८ |
| ३१. | रुद्र ज्ञावली | रङ्गीन चस्मा | २/२ | २०६३ | ६६ |
| ३२. | रुद्र ज्ञवाली | नयाँ नेपाल | ३/३ | २०६४ | ८७ |
| ३३. | रुद्र दुर्लभ | सुखकर | ३/३ | २०६४ | ८६ |
| ३४. | रुवि वितृष्णा प्रतिमा | समयको बदला | ३/३ | २०६४ | ८८ |
| ३५. | लक्ष्मणप्रसाद गौतम | उत्तर आधुनिक प्रेम -२ | ३/३ | २०६४ | ८४ |
| ३६. | लालचन्द्र राजभण्डारी | धन्य आमाको माया, धिक्कार छ सुखीहारा बाउ | ३/३ | २०६४ | ९५ |
| ३७. | वनमाली निराकार | कुटिल मुस्कान | ३/३ | २०६४ | ६९ |
| ३८. | विमल शर्मा पौडेल | बजार बन्द | ३/३ | २०६४ | ७४ |
| ३९. | शर्मिला खड्का दाहाल | यो कुन लीला | ३/३ | २०६४ | ९६ |
| ४०. | शान्तिनारायण श्रेष्ठ | रगतको नाता | ३/३ | २०६४ | ९८ |
| ४१. | षडानन्द पौड्याल | सल्लाह | ३/३ | २०६४ | ९९ |
| ४२. | सदानन्द अभागी | डोली सजाउनु | ३/३ | २०६४ | १०० |
| ४३. | सरस्वती शर्मा जिज्ञासु | विक्षिप्तता | ३/३ | २०६४ | १०२ |
| ४४. | सविना पौडेल | विस्थापित | ३/३ | २०६४ | १०५ |
| ४५. | सिन्धु गौतम | सर्टिफिकेट | २/२ | २०६३ | ८७ |
| ४६. | सुभन्तनाथ सुवेदी | रक्कीको अन्त्य लघु | २/२ | २०६३ | ८९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७. | सुभन्तनाथ सुवेदी | पीडा | ३/३ | २०६४ | १०६ |
| ४८. | सुमन क्षेत्री | भत्किएको सपना | ३/३ | २०६४ | १०७ |
| ४९. | हेमा कार्की | दाइजो प्रथा हटाऔ | ३/३ | २०६४ | ११० |

## ३.४ लेख तथा निबन्धहरू

**माधुरी** पत्रिकाको अङ्क १ देखि अङ्क १० सम्म प्रकाशित लेख, निबन्ध, संस्मरण र विचारहरूको सूची यसप्रकार रहेको छ :

| क्र. सं. | लेखकको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृ.सं. |
|---|---|---|---|---|---|
| १. | कृष्ण धरावासी | आजको सन्दर्भ : लेखकलाई चुनौती | ९/२ | २०७१ | ६२ |
| २. | खगेन्द्र गिरी 'कोपिला' | पराय भूमिमा | ८/१ | २०६८ | ९ |
| ३. | दामोदर पुडासैनी 'किशोर' | फूलमाथि आगोमा उभिनेहरू | ८/४ | २०६९ | १ |
| ४. | धनञ्जय शर्मा अधिकारी | असल नागरिक | ९/२ | २०७१ | ४२ |
| ५. | पवन आलोक | भुट्टोको देशमा | ९/२ | २०७१ | ५० |
| ६. | यदुनाथ रेग्मी | मोदी वेनी धामको धार्मिक महत्त्व | ९/२ | २०७१ | २८ |
| ७. | राजेन्द्र पहाडी | महिला तथा बालबालिका | ८/४ | २०६८ | ४१ |
| ८. | विमलप्रकाश देवकोटा | हाइकु र हाइकुको स्वरूप | २/२ | २०६३ | ५५ |
| ९. | विमलप्रसाद पौड्याल | संस्मरण | २/२ | २०६३ | ५२ |
| १०. | सरस्वती शर्मा 'जिज्ञासु' | वि.पी. एक : व्यक्तित्व अनेक | ८/१ | २०६८ | १२ |
| ११. | सरस्वती शर्मा 'जिज्ञासु' | पारिजातको सङ्क्षिप्त ... | ९/२ | २०७१ | ६२ |
| १२. | सरीता खड्का | दशैं विषेश-आफ्नै कथा आफ्नै व्यथा | २/२ | २०६३ | ८४ |
| १३. | सूर्यप्रसाद ढकाल | हाम्रो परिस्थिति | ९/२ | २०७१ | ३८ |

## ३.५ समालोचना/समीक्षा/पुस्तक परिचय

| क्र. सं. | लेखकको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृ.सं. |
|---|---|---|---|---|---|
| १. | इन्द्रकुमार विकल्प | पर्वत जिल्लाको संक्षिप्त ... | १/१ | २०६२ | ८५ |
| २. | केशवराज आमोदी | गोर्खेको मुस्कान ... | २/२ | २०६३ | ६ |
| ३. | दीपकप्रसाद गौतम | वस्तु सन्दर्भका दृष्टिले | २/२ | २०६३ | २२ |
| ४. | नगेन्द्रराज उत्साही | सन्दर्भमा नवमाधुरीको | २/२ | २०६३ | ३८ |
| ५. | नेत्र सुवेदी प्रयास | समकालीन नेपाली समाजको बेजोड चित्रण | ८/१ | २०६८ | ५६ |
| ६. | भगवती पाण्डे 'आशा' | समालोचना | ९/२ | २०६८ | ५ |
| ७. | भावना शर्मा | एकजोर फूल घोडा | १/१ | २०६२ | ५६ |
| ८. | राजेन्द्र पहाडी | मुक्तक विशेषाङ्कको खस्रो मसिनो | ८/१ | २०६८ | ६२ |
| ९. | विमलप्रकाश देवकोटा | नेपाली गजल साहित्यमा ... | १/१ | २०६२ | ३३ |

## ३.६ 'माधुरी' का प्रकाशक/सम्पादक

**माधुरी** हाल माधुरी साहित्य प्रतिष्ठान पर्वतको मुखपत्रको रूपमा प्रकाशित हुने गरेको छ । यसको पहिलो अङ्क साहित्य विविधका रूपमा २०६२ सालमा प्रकाशित भएको थियो भने दसौं अङ्क २०६८ सालमा प्रकाशित भएको हो । समय समयमा कहिले कविता विशेषाङ्क त कहिले कथा र मुक्तक विशेषाङ्कका रूपमा प्रतिष्ठानले **माधुरी** साहित्यिक पत्रिकालाई अगाडि बढाएको छ । **माधुरी** साहित्यिक पत्रिकाको प्रकाशन तथा सम्पादकको विवरणात्मक सूचीलाई प्रकाशन क्रमअनुसार यसप्रकार प्रस्तुत गरिएको छ :

| क्र. सं. | वर्ष/अङ्क | प्रकाशन वर्ष | प्रकाशक | सम्पादक |
|---|---|---|---|---|
| १. | १/१ | २०६२ आश्विन | माधुरी प्रकाशन समूह | सरस्वती शर्मा 'जिज्ञासु' |
| २. | २/२ | २०६३ आश्विन | माधुरी साहित्य प्रतिष्ठान | सरस्वती शर्मा 'जिज्ञासु' |

| | | | | |
|---|---|---|---|---|
| ३. | ३/३ | २०६४ आश्विन | माधुरी साहित्य प्रतिष्ठान | सरस्वती शर्मा 'जिज्ञासु' |
| ४. | ४/४ | २०६५ वैशाख/जेठ/असार | माधुरी साहित्य प्रतिष्ठान | सरस्वती शर्मा 'जिज्ञासु' |
| ५. | ५/५ | २०६६ आश्विन | माधुरी साहित्य प्रतिष्ठान | सरस्वती शर्मा 'जिज्ञासु' |
| ६. | ७/७ | २०६७ आश्विन | माधुरी साहित्य प्रतिष्ठान | सरस्वती शर्मा 'जिज्ञासु' |
| ७. | ८/८ | २०६८ श्रावण/भाद्र/आश्विन | माधुरी साहित्य प्रतिष्ठान | सरस्वती शर्मा 'जिज्ञासु' |
| ८. | ८/९ | २०६८ कार्तिक/मंसिर/पौष | माधुरी साहित्य प्रतिष्ठान | सरस्वती शर्मा 'जिज्ञासु' |
| ९. | ८/१० | २०६८ माघ/फागुन/चैत | माधुरी साहित्य प्रतिष्ठान | सरस्वती शर्मा 'जिज्ञासु' |

# परिच्छेद : चार

# ‘माधुरी’ पत्रिकामा प्रकाशित रचनाहरूको विश्लेषण

## परिच्छेद : चार

# 'माधुरी' पत्रिकामा प्रकाशित रचनाहरूको विश्लेषण

## ४.१ माधुरी पत्रिकामा प्रकाशित कविताहरूको विश्लेषण

### ४.१.१ विषय प्रवेश

नेपाली भाषामा प्रयोग हुने 'कविता' तत्सम शब्द हो । 'कवि' शब्दमा 'ता' प्रत्यय लागेर कविता शब्द बनेको र कविता शब्दको अर्थ कविद्वारा रचित रचना भन्ने बुझिन्छ । मानव सभ्यताको विकासक्रममा भाषाको सम्प्राप्तिसँगै प्राचीन लोकगीत, गाथा र गाथाचक्रका क्रमिक शृङ्खला हुँदै कविताको प्रारूप विकसित भयो । 'कवि' शब्द वर्णन गर्नु भन्ने अर्थ बुझाउने 'कव्' धातुमा 'इ' (इन्) प्रत्यय वा 'कु' धातुमा 'अ' (अच्) 'इ' प्रत्यय लागेर बनेको हो । भाषिक श्रव्यकलाका रूपमा गीतगाथामार्फत कविताको प्रारूप जन्म भएको मानिन्छ ।[१] खगेन्द्रप्रसाद लुइटेलले पूर्वीय साहित्यमा सर्वप्रथम भरतमुनिले कविताको परिभाषा दिएका छन् भन्ने कुरा उल्लेख गरेका छन् । उनका अनुसार 'गूढ शब्दार्थहीन, कोमल र ललित विन्यासयुक्त सुबोध, सङ्गीतात्मक र रसात्मक रचना नै काव्य हो ।'[२] एरिस्टोटलका अनुसार 'आदर्शको प्रतिनिधित्व रूप कविता हो'[३] नेपाली साहित्यका कवि बालकृष्ण समले 'भावनाको बौद्धिक कोमलता कविता हो'[४] भनेका छन् । मानवीय संवेदनालाई सशक्त बनाउने कविता विधाका आधारभूत अभिलक्षणलाई मोटामोटी लयात्मक अन्तर्विकास, विधागत आयाम विस्तार र धारा परिवर्तनजस्ता पक्षहरू रहेको देखिन्छ, जसले गर्दा कविता विधा अन्य विधाबाट फरक देखिन्छ ।[५] संस्कृत साहित्यमा काव्य शब्दको प्रयोग अत्यधिक मात्रामा हुने गरेको पाइन्छ र काव्यलाई समग्र साहित्यकै पर्यायका रूपमा पनि लिइन्छ ।

---

[१] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, ललितपुर : साझा प्रकाशन, २०४६, पृ. १-४ ।

[२] खगेन्द्रप्रसाद लुइटेल र अन्य, **नेपाली कवि र कविता,** काठमाडौं : विभुऋभु प्रकाशन, २०५८, पृ. ३ ।

[३] ऐजन, पृ. ३-४ ।

[४] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत् ।

[५] मुक्तराज उपाध्याय, **नेपाली साहित्यमा अभिव्यक्ति पत्रिकाको योगदान,** काठमाडौं : अभिव्यक्ति छापाखाना, २०५१, पृ. ३१ ।

नेपाली कविताको इतिहास खोज्दा कवि सुवानन्द दाससम्म पुग्नुपर्ने हुन्छ । नेपाली कविताका सन्दर्भमा कवि सुवानन्द दासद्वारा लेखिएको *पृथ्वीनारायण शाह* शीर्षकको कविता नै नेपालीको हालसम्मको प्राप्त पहिलो कविता हो ।[६] वर्तमान अवस्थामा नेपाली कविताले झन्डै साढे दुई शताब्दी लामो यात्रा पार गरिसकेको छ । विभिन्न युग, मोड र धाराहरूलाई छिचोलेर यसले वर्तमान आधुनिक समसामयिक युगमा प्रवेश गरेको छ । कविले मनको भाव कविताका माध्यमद्वारा व्यक्त गर्दछ र उसले सर्वप्रथम पत्रिकामार्फत नै प्रस्तुत गर्दछ । अभिव्यक्ति प्रकाशनका दृष्टिले साहित्यमा पत्रपत्रिकाको देन अत्यन्त महत्त्वपूर्ण देखिन्छ ।

कविता प्रकाशन गर्ने क्रममा नेपाली साहित्यलाई **माधुरी** पत्रिकाले पनि योगदान पुऱ्याएको छ । पहिलो अङ्क (२०६२) देखि हालसम्म नै यस पत्रिकामा कविताहरू प्रकाशित भइरहेका छन् । यस अवधिमा प्रगीतात्मक संरचनामा लेखिएका तिनसय छत्तिस फुटकर कविता तथा गीत, गजल, मुक्तकहरू प्रकाशित भएका छन् । यी कविताहरू विभिन्न संरचना, ढाँचा, शैली र लयमा रचिएका छन् । देश जटिल अवस्थामा गुज्रिएको समयमा लेखिएका यी कविताहरूमा तत्कालीन परिस्थितिको चित्रण गरिएको छ । यसमा रहेका विशेष कविताहरूमा मञ्जुलको 'सुतिरहेको छायाँ', सरुभक्तको 'आयातीत' 'धूमकेतूहरूको देश', भरतरोदन साउद पाखेको, 'रात ढलेपछि' दामोदर पुडासैनी  'किशोर' को 'चित्र' जस्ता कविताहरू प्रभावपूर्ण छन् । यहाँ भएका कवितामा सरल चित्रण, मानवीय प्रवृत्तिको यथार्थ उद्‌घाटन, राष्ट्रियतावोधको अभिव्यक्ति, मानवीय पीडा, व्यथा र मातृभूमिप्रतिको अगाध प्रेमको अभिव्यक्ति पाइन्छ भने भ्रष्ट नेताको यथार्थ चित्रण गर्दै मानवताको तिलाञ्जलि दिएकाले अस्मिताको खोजी गर्नुपर्नेजस्ता कुराहरू पनि व्यक्त भएका छन् ।

## ४.१.२ कविताको वस्तुविश्लेषण

**माधुरी** पत्रिकामा विविध भाव र विषयवस्तुका कविताहरू छन् । तिनमा अर्जुन निर्जन पौडेलको *गजल* (८/१, २०६८) मा प्रणयपरक भाव अभिव्यक्त छ । उनकै *कविता* (२/२, २०६३) मा जिन्दगीको अर्थ र सुन्दरतालाई प्रेम र उत्साहसँग जोडेर हेरिएको छ । त्यस्तै अदिप्त ज्योति *नेता नभन* (८/४, २०६६) शीर्षक कवितामा देश र जनताका विरुद्धमा

[६] ऐजन ।

लागेका खराब नेताहरूको स्वार्थी चरित्रप्रति व्यङ्ग्य गरिएको छ । त्यसरी नै अनन्त मुस्कानको *गजल* (१/१, २०६२) मा रोजगारीको लागि विदेशी भूमिमा भेल्नु परेको पीडाको भाव व्यक्त गरिएको छ भने अनिल सुवेदीको *मुक्तक* (१०/३, २०६३) मा स्वाभिमानको विषयलाई अभिव्यक्त गरिएको छ। यसमा राष्ट्रनिर्माणको लागि आह्वान गरिएको छ। त्यस्तै अनुपमा करार विवशको *मुक्तक* (७/७, २०६७) मा मानिसको अन्योल अवस्थाका बारेमा चित्रण गरिएको छ । त्यस्तै अमृत काफ्लेको *मुक्तक* (७/७, २०६७) मा बुद्धको देशमा क्रान्तिका कुरा नसुहाउने शान्तिप्रेमी भाव अभिव्यक्त गरिएको छ । त्यस्तै अम्बिकाप्रसाद भट्टराईको *गीत* (८/१, २०६८) मा राष्ट्रियताको चिन्ता प्रकट गरिएको छ भने उनकै अर्को *यथार्थ* (८/४, २०६९) शीर्षकको कवितामा सपनाको खण्डीकरण र त्यसको चिन्ता प्रकट गरिएको छ। त्यसै गरी अम्बिका वर्माको *आमा रुन्छिन्* (५/५, २०६६) शीर्षकको कवितामा द्वन्द्वकालीन नेपाली समाजको पीडालाई निकै भावुक रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै अल्पविरामको *मुक्तक* (७/७, २०६७) मा प्रणयको भावलाई अभिव्यक्त गरिएको छ । त्यस्तै अविरामको *देश बिरामी छ* (५/५, २०६६) शीर्षकको कवितामा युद्धकालीन समयमा देशले भोगेको त्रासदीलाई अभिव्यक्त गरिएको छ। त्यस्तै अशोक राईको *गजल* (२/२, २०६३) मा प्रणयपरक भाव भल्किएको छ । त्यस्तै असफल गौतमको *आमाको आँसु* (१०/३, २०६८) शीर्षक कवितामा राष्ट्रप्रेमको भाव मुखरित भएको पाइन्छ। त्यस्तै आचार्य प्रभाको *मुक्तक* (७/७, २०६७) मा भ्रष्टाचारी प्रवृत्तिको विरोध गरिएको छ भने आर.के.अदिप्त गिरीको *साहिंली, म र एक रमिता* (१/१, २०६२) शीर्षकको कवितामा प्रेयसीसँग प्रेमको गुनासो गर्दै निराशावादी स्वर व्यक्त गरिएको छ भने उनकै *मायाको कहानी* (५/५, २०६६) शीर्षकको कवितामा पनि प्रेयसीलाई रिभाउन नसकेको र दु:खी बनेर बाँचेको भाव अभिव्यक्त गरिएको छ। उनकै *मुक्तक* (७/७, २०६७) मा राष्ट्रियता र आफ्नो नियतिको अभिव्यक्ति छ। त्यस्तै आर.सी. रिजालको *अक्षर* (५/५, २०६६) शीर्षकको कवितामा अक्षरहरूको रोपाइँको मज्जा र शब्दशक्तिको शाश्वतताको अभिव्यक्ति पाइन्छ।

इन्दिरा इन्दुको *गजल* (१/१, २०६२) मा जीवनप्रतिको वितृष्णा र निराशाको भाव अभिव्यक्त गरिएको छ । त्यसरी नै इन्दु तिवारीको *पहाड बन्न सिक* (५/५, २०६६) शीर्षकको कवितामा प्रकृति बिम्बको प्रयोग गर्दै उत्साह भाव व्यक्त गरिएको छ । *पहाडको*

*जस्तै अटल विकल्पको घाउ* (५/५, २०६६) शीर्षक कवितामा देशमा भएको विकृति विसङ्गति हटाई शान्तिको कल्पना गर्दै उन्नति र प्रगतिको प्रतीक्षा गरिएको छ भने उनकै *गजल* (८/१, २०६८) मा प्रेम प्रणयको शृङ्गारिक भाव व्यक्त गरिएको छ । त्यस्तै इन्द्रकुमार श्रेष्ठको *गजल* (८/४, २०६६) मा राजाप्रति आक्रोश र निराशाजनक अभिव्यक्ति छ । इन्द्रमान खत्रीको *गजल* (१/१, २०६२) मा प्रणयपरक भाव छ भने उनकै *आज* (५/५, २०६६) शीर्षक कवितामा विसङ्गतिमूलक कुराप्रति लक्षित गर्दै वर्तमानप्रति असन्तोष प्रकट गरिएको छ । त्यस्तै इन्द्रराज पौडेलको *मोतीको सम्झना* (५/५, २०६६) शीर्षकको कवितामा आदि गजलकार मोतीरामको उल्लेखनीय कार्यको प्रशंसा गरिएको छ । त्यसै गरी इन्द्रसुर राई बेल्टारेको *जीवनवृत्त* (५/५, २०६६) शीर्षकको कवितामा जीवनको बाङ्गो रेखा गणितको चर्चा गर्दै जीवनको वास्तविकतालाई प्रस्तुत गरिएको छ ।

उज्जल जि.सी. को *खै, के कविता लेखूँ कविज्यू ?* (५/५, २०६६) शीर्षकको कवितामा नयाँ नेपाल निर्माणको सपना पूरा हुन नसकेको र अशान्ति नरोकिएको भाव अभिव्यक्त भएको छ । त्यस्तै उर्मिला साहित्यिकको *नपुंसक श्रीमान्को ज्यादतीमा* (१०/३, २०६८) शीर्षकको कवितामा पुरुष सत्ताको अहम् बोकेर हिड्ने तर श्रीमतीको भित्री इच्छा बुझ्न नसक्ने पुरुषहरूप्रति आक्रोश प्रकट गर्दै स्वतन्त्रताको कामना गरिएको छ ।

ऋचा लुइटेलको *गजल* (२/२, २०६३) मा प्रेम प्रणयको भाव अभिव्यक्त भएको छ । ऋषि तिवारीको *पल्लव* (२/२, २०६३) शीर्षकको कवितामा प्रकृति बिम्बको प्रयोग गर्दै आनन्दको भाव व्यक्त गरिएको छ । त्यस्तै ऋषि पाण्डेको *हाइकु* (२/२, २०६३) मा साहित्य सेवाको लागि जुट्ने सरस्वती शर्मा 'जिज्ञासु'को प्रशंसा गरिएको छ ।

कपिल अञ्जानको *मुक्तक* (७/७, २०६७) मा राष्ट्रप्रेमको भाव व्यक्त गर्दै शान्तिको कामना गरिएको छ । कमल भण्डारीको *तिमी, म र अनुभूति* (५/५, २०६६) शीर्षकको कवितामा प्रेयसीको पर्खाइमा बसिराखेको प्रणय भाव प्रकट गरिएको छ । त्यस्तै कपिल लामिछानेको *गीत* (२/२, २०६७) मा भक्तिभाव प्रकट गरिएको छ भने कल्पना श्रेष्ठको *मुक्तक* (७/७, २०६७) मा राजनीतिप्रति तिखो व्यङ्ग्य प्रहार गर्दै नेतालाई सुध्रन आह्वान गरिएको छ । त्यस्तै कविता शर्मा *सङ्घर्षको मुस्कानको खोजीमा* (२/२, २०६३) शीर्षकको कवितामा देशसँगै सुखदुःखको नाता जोडेर यही वनपाखामा रमाउने भाव अभिव्यक्त

गरिएको छ । काजी रोशनको *कल्पवृक्ष* (१/१, २०३२) शीर्षकको कवितामा देशभित्र बढ्दै गएको निरङ्कुशतन्त्रको विरोधभाव व्यक्त गरिएको छ भने उनकै अर्को *स्वतन्त्रताका दीप* (२/२, २०६२) शीर्षकको कवितामा नेपालीलाई स्वतन्त्रताका दीपको रूपमा उल्लेख गरिएको छ । त्यस्तै किशोर मनस्वीको *गजल* (१/२, २०६२) मा प्रेमबाट धोका खाएको र प्रेमले पीडाभन्दा अरू केही नदिएको भाव अभिव्यक्त छ भने उनकै अर्को *मुक्तक* (७/७, २०६७) मा राष्ट्रमाथि वैरीहरूको बक्रदृष्टि रहेको तर नेपाली वीरताको अघि कसैको केही नलाग्ने विचार व्यक्त गरिएको छ । त्यस्तै किशोर सापकोटाको *म विनाको म* (१/१, २०६२) शीर्षकको कवितामा आफ्नोपन हराएपछि सबैकुरा हराउने भाव व्यक्त गरिएको छ भने उनकै अर्को *अग्निरेखा* (८/१, २०६८) शीर्षकको कवितामा अप्ठ्याराहरूसँग अल्मलिए पनि पुनः प्रयास गरेर सफलता प्राप्त हुने कुरा उल्लेख छ । त्यस्तै कृष्ण उदासीको *मन्दिर* ( ८/४, २०६९) शीर्षकको कवितामा विश्वासको मन्दिरभन्दा ठुलो कुनै देवीदेवताको मन्दिर हुँदैन भन्ने विचार व्यक्त गरिएको छ । त्यस्तै कृष्ण के.सीको *भेल कसरी पार हुने ?* (५/५, २०६६) शीर्षकको कवितामा नेताहरूको सत्तालिप्साको मोहले जनतालाई परेको मारलाई सङ्केत गर्दै राष्ट्रिय समस्यालाई गम्भीर रूपमा उठाई विकास र प्रगतिको बाधक बनेर आएको भेललाई पार गर्नुपर्ने विचार व्यक्त गरिएको छ । त्यस्तै कृष्ण पहारीको *बदनामी तिम्रो सहर* (५/५,२०६६) शीर्षकको कवितामा सहरका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । त्यसै गरी कृष्ण पौडेलको *गजल* (१/१, २०६२) शीर्षकको कवितामा देशले नयाँ काँचुली फेरेको उत्सव मनाउन सबैलाई आग्रह गरिएको भाव व्यक्त भएको पाइन्छ भने उनकै अर्को *डाँडामाथिको जून* (५/५, २०६६) शीर्षकको कवितामा ढल्किँदो उमेरको विचार र सपनालाई अभिव्यक्त गरिएको छ । त्यस्तै कृष्णप्रसाद पराजुलीको *दसैँ* ( २/२, २०६३) शीर्षक कवितामा प्रकृतिमा फेरिरहने ऋतुको वर्णन गर्दै दसैँको उल्लासलाई व्यक्त गरिएको छ । त्यस्तै कृष्णराज पौडेलको *पीडा - विनय* (१०/३, २०६८) शीर्षकको कवितामा भ्रष्टतन्त्रका विरुद्धमा नउठ्ने हो भने सधैँ पीडा भोल्नु पर्ने विचार अभिव्यक्त गरिएको छ । त्यस्तै कृष्णसिंह पेलाको *गजल* (८/४, २०६९) मा पराइको उपेक्षा र असहयोगले जीवन दुःखी बनेको भाव व्यक्त भएको छ । त्यस्तै कृसु क्षेत्रीको *गजल* (१/१, २०६२) मा वर्तमानको सन्त्रास र अँध्यारो भविष्यप्रति सङ्केत गरिएको छ भने उनकै अर्को *गजल* (२/२, २०६३) मा स्वतन्त्रताको उद्घोष गरिएको छ ।

केदार श्रेष्ठ गगनको *गीत* (८/१, २०६८) मा निराशाको स्वर उराल्दै जीवनलाई दुख्ने घाउको रूपमा चिनाइएको छ । त्यस्तै के.पी गौतमको *तिमीलाई उपहार* (८/४, २०६९) शीर्षकको कवितामा प्रणयको भाव व्यक्त गरिएको छ । उक्त कवितामा जीवनका सबै उर्वर समयलाई प्रेमसँग तुलना गरिएको छ । त्यस्तै केशव गौतमको (९/२, २०६८) शीर्षकको कवितामा **माधुरी** पत्रिकालाई शुभकामना व्यक्त गरिएको छ । केशवराज आमोदीको *साहित्यमा कोइराला र समाजवाद* (५/५, २०६६) शीर्षकको पद्य कवितामा साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको योगदानको चर्चा गरिएको छ ।

क्षेत्रप्रताप अधिकारीको *गजल* (८/१, २०६८) मा पटकपटक चुनावको नाममा राष्ट्रले बेहोर्नुपरेको महङ्गी र भ्रष्टाचारलाई अभिव्यक्त गरिएको छ भने उनकै अर्को *घिर्लिङ्* (२/२, २०६३) शीर्षकको कवितामा नेताहरूको अकर्मण्यता र शासकको गलत नीतिका कारण देशको पछौटेपन नगएको भाव व्यक्त भएको छ । त्यस्तै क्षितिज समर्पणको *गजल* (८/१,२०६८) मा मान्छेको खराब नियत र स्वार्थीपनलाई अभिव्यक्त गरिएको छ ।

खगेन्द्र गिरि कोपिलाको *गजल* (१/१,२०६२) मा प्रेम प्रणयको भाव व्यक्त गरिएको छ भने उनकै अर्को *गजल* (२/२,२०६३) मा मानवीय सद्भाव बँचाएर युगीन विचार बोक्नुपर्ने कुरा अभिव्यक्त भएको छ । उनकै अर्को *विभाजित परिवेश* (५/२, २०६६) शीर्षकको कवितामा नेपाली मन विभाजित हुँदा आपसमा कटुता पैदा भएको विचार व्यक्त भएको छ भने उनकै अर्को *गजल* (८/४, २०६९) मा राष्ट्रियता सबैभन्दा ठुलो भएको विचार व्यक्त गर्दै राष्ट्रप्रेमको अभिव्यक्ति प्रकट गरिएको छ ।

खगेन्द्रप्रसाद बस्यालको *गजल* (२/२,२०६३) मा प्रणयको भाव प्रकट गर्दै प्रेयसीको सुन्दरताको वर्णन गरिएको छ । यस गजलमा अतृप्त भोगसाधनको रूपमा यौवनको भाव व्यञ्जित गरिएको छ भने उनकै *मुक्तक* (७/७, २०६७) मा पुरातन विचारधाराको धज्जी उडाउँदै आजको आधुनिक संसारमा आधुनिक विचार नै आवश्यक हुने कुरा व्यक्त गरिएको छ ।

खेमनाथ शर्मा पौडेलको *श्रेष्ठ जीवन* (९/२, २०६८) शीर्षक कवितामा माटो र सन्ततिको उन्नतिमा जीवन समर्पित गर्ने नै महान् हो र त्यस्ताको जीवन श्रेष्ठ हुनेछ भन्ने भाव व्यक्त गरिएको छ । यस कवितामा लोभ र अहम्लाई पर छोडेर बाँच्ने मानिस महान् हुने भाव प्रकट गरिएको छ ।

गंगा अभिलाषीको *मुक्तक* (७/७, २०६७) मा गतिशील जीवनको महत्त्व दर्साइएको छ । जीवनका आरोह अवरोहहरूमा डटेर अघि बढ्ने नारीले नै शिखर चुम्न सक्छे भन्ने भाव अभिव्यक्त भएको छ । त्यस्तै गंगाधर अधिकारीको *मालिक ! खबरदार* (१/१,२१०६२) शीर्षकको कवितामा जनताको शक्तिसँग सरकारको केही नलाग्ने र युवा जुर्मुराएर उठ्दा शासक डराउने भावलाई अभिव्यक्त गरिएको छ । उनकै अर्को *होसियार* (२/२, २०६३) शीर्षकको कविता राजतन्त्र फेरि बिउँझन सक्ने विषयतिर लक्षित गरेर उसको पूरै अवसान भएको नठान्न आग्रह गरिएको छ । त्यस्तै गंगानाथ कोइरालाको *मालीको बगैंचा* (२/२, २०६३) शीर्षकको कवितामा नेपाललाई बगैंचा र शासकलाई मालीको उपमा दिइएको छ । योग्य मालीको अभावमा बगैंचा लथालिङ्ग हुन पुगेको र अब एउटा असल मानिसलाई शासन सुम्पिनु पर्ने भाव व्यक्त गरिएको छ । त्यस्तै उनकै अर्को *सासको आस जाग्यो* (९/२, २०६८) शीर्षकको कवितामा बेरोजगार युवाको विदेश पलायनलाई खराब कार्यको संज्ञा दिँदै अब सबै फर्किएर यही देश निर्माणमा लाग्नु पर्ने राष्ट्रिप्रेमको भाव व्यक्त गर्दै गएकाहरू केही फर्किएर आउँदा आस जागेको विचार प्रस्तुत गरिएको छ ।

गणेशकुमार जी.सी.को (१/१, २०६२) कवितामा देवता र दानवको तुलना गर्दै देवत्व प्राप्तिका लागि कर्म गर्नुपर्ने अनि आफ्नो कर्तव्यलाई ख्याल गरेर संस्कृति र संस्कार बिर्सन नहुने भाव व्यक्त भएको छ । त्यस्तै उनकै अर्को *आगोका फूलहरू* (२/२, २०६३) शीर्षकको कवितामा परिवर्तन र विद्रोहको विचारलाई उठाउने जमर्को गरिएको छ । आगो सही रूपले प्रयोग भए आधुनिक सभ्यताको उदय हुने र त्यही आगो गलत रूपबाट प्रयोग हुँदा संसार ध्वस्त हुने भएकाले आगोको सौन्दर्य जोगाउन यसलाई फूलकै रूपमा रहन दिनुपर्ने भाव व्यक्त गरिएको छ । त्यस्तै गण्डकी पुत्रको *मुक्तक* (७/७, २०६७) मा राष्ट्रप्रेमको भाव व्यक्त गरिएको छ ।

गोपाल खनालको *मुक्तक* (७/७, २०६७) मा प्रणयको भाव व्यक्त गर्नुका साथै कुस्मा पर्वतको गुणगान गरिएको छ । त्यस्तै गोपालप्रसाद रिमालको *होश* (५/५, २०६६) शीर्षकको पुरानो कवितामा आध्यात्मिक चिन्तन प्रकट गर्दै जीवन जगत्‌को मोहले मानिसलाई किन आत्मज्ञानको वाटोबाट पर लान्छ भन्ने भाव व्यक्त भएको छ । त्यस्तै गोपीकृष्ण ढुङ्गानाको *ताङ्का* (१/१, २०६२) मा प्रकृतिको सुन्दर चित्रण गरिएको छ । गोर्खे साइँलोको *गजल*

(१/१, २०६२) मा युद्धको समयलाई पक्रेर हिंसाका कारण देश बर्वाद भएको भाव व्यक्त भएको छ भने उनकै अर्को *गरिद्यौं विदाइ* (२/२, २०६३) शीर्षकको कवितामा पनि युद्धलाई राष्ट्रबाट बिदा गरी शान्तिलाई आमन्त्रण गरेर सुन्दर नेपालको निर्माणमा लाग्न आह्वान गरिएको भाव व्यक्त भएको छ । त्यस्तै उनकै अर्को *बाधा मलाई भो* (५/५, २०६६) शीर्षकको पद्य कवितामा मानिसभित्र बढेको लोभानी पापानीको कारण जीवनमा चारैतिरबाट बाधा सुरु भएको अनि मानिसमा दया, करुण, र हार्दिकता मरेर गएको भाव व्यक्त भएको छ भने उनकै अर्को *गजल* (९/२, २०६८) मा प्रणय भाव व्यक्त भएको पाइन्छ । गोवर्दन पूजाको *गजल* (९/२, २०६७) मा मायाको परिभाषा सस्तो बन्दै गएको र माया संसार भुलाउने खेल भएको भाव व्यक्त गरिएको छ । गोविन्दराज विनोदीको *गजल* (१/१, २०६२) मा आफ्नै परिवेशको एकान्तले आफैलाई पोल्न थालेको र स्वार्थको बजारमा सुन-चाँदीजस्तै मान्छेको मोलतोल सुरु भएको डरलाग्दो अवस्थाको चित्रण गरिएको छ भने उनकै अर्को *अनुरोध* (२/२, २०६३) शीर्षकको कवितामा प्रेम र सद्भावको बिउ रोपेर नेपालीबिचको एकता कायम गर्दै कला, साहित्य र सिर्जनाले देश सिँगार्नुपर्ने महान् विचार अभिव्यक्त भएको छ । राष्ट्रप्रेमको स्वर मुखरित भएको उनको यो कविता निकै मार्मिक र जीवन्त छ ।

घनश्याम न्यौपाने परिश्रमीको *गजल* (१/१, २०६२) मा प्रणयको भाव प्रकट गर्दै प्रकृतिको सुन्दरतालाई व्यक्त गरिएको छ भने उनकै अर्को *मुक्तक* (७/७, २०६७) मा प्रेम, जीवन र नेताको वास्तविकलाई चित्रण गरिएको छ ।

चन्द्रप्रकाश पौडेलको *मुक्तक* (७/७, २०६७) मा मानिसहरूको स्वरूप बेग्लाबेग्लै भए जस्तै विचार पनि बेग्लै हुने कुराका साथै जीवन रोएर बाँच्नका लागि होइन, यो त उत्सव हो भन्ने भाव व्यक्त भएको छ ।

छन्दमणि त्रिपाठीको *गजल* (९/२, २०६८) मा सत्य बाटामा हिँड्ने र सोझो बोल्ने इन्मान्दारहरूको समय सकिएको अनि स्वार्थको संसारमा स्वार्थीहरूको चलखेल बढेको भाव व्यक्त भएको छ । त्यस्तै छन्दिकाको *सिर्जना र असार* (५/५, २०६९) शीर्षकको कवितामा असारको रोपाइँलाई किसानको सिर्जना मानेर कविको कवितासँग तुलना गरिएको छ । त्यस्तै छन्दिका घिमिरेको *गजल* (९/२, २०६८), मा प्रेम प्रणयको भाव व्यक्त गरिएको छ । त्यसरी नै छवि सुवेदीको *अभिसाप भैसक्यो* (१/१, २०६२) शीर्षकको कवितामा भ्रष्टाचार मौलाएको

भाव व्यक्त भएको छ । त्यस्तै छवि सुवेदी विजयीको (२/२, २०६३) शीर्षकको कवितामा गरिब र निमुखा जनताको जटिल र दयनीय दैनिकीको चर्चा गर्दै त्यसको पीडालाई व्यक्त गरिएको छ ।

जगन्नाथ पौडेलको *स्वप्न बिम्ब* (१/१, २०६२) शीर्षकको कवितामा विकृत सामाजिक चित्रण र शकुनिको चाल चलेको तत्कालीन परिस्थितिको चित्रण गरिएको छ भने उनकै अर्को *चेलाखे भूत* (१०/३, २०६८) शीर्षक कवितामा सहरी जीवनसँग मानिसको प्रवृत्तिलाई तुलना गर्दै जीवनको जटिलतालाई व्यक्त गरिएको छ । उनकै अर्को *जून र समय* (२/२, २०६३) शीर्षकको कवितामा प्रेममय आँखामा मानव बिम्ब प्रयोग गरी प्रेमको गहिराइ देखाइएको छ । त्यस्तै जगन्नाथप्रसाद लम्सालको *आन्दोलनको प्रतिफल* (२/२, २०६३) शीर्षकको कवितामा जनताको मर्म र भावनालाई नेताहरूले गम्भीर भएर लिनुपर्ने र विदेशी शक्तिको पाउ परेर होइन आफ्नै स्वाभिमानले जिउनु पर्ने भाव व्यक्त भएको छ । त्यस्तै जयन्ता पोखरेलको *हिलो र कमल* (१०/३, २०६८) शीर्षकको कवितामा राम्रा कुराहरू पनि नराम्रा कुराहरूका बिच बाँचेका हुन सक्छन् भन्दै तिनलाई चिन्न सक्ने मानिस प्रतिभावान् हुन्छन् भन्ने मानवीय भाव अभिव्यक्त भएको छ । त्यस्तै जीवन समुन्द्रको *गजल* (२/२, २०६३) मा प्रेमप्रणयको भाव प्रकट गरिएको छ । त्यस्तै जेवी सेभेनको *गजल* (१/१, २०६२) मा प्रेममा काउसो पसेको र माटाको भाँडा चिरिएझैँ चिरिएको अनुभूति व्यक्त गरिएको छ भने उनकै अर्को *बेश्या* (८/१, २०६८) शीर्षक कवितामा समाजले नै नारीलाई वेश्या बनाउँदै छ तर नारी कुनै रहरले वेश्या बन्दिन भन्ने भाव व्यक्त भएको छ । त्यस्तै ज्योति जङ्गलको *यो रात* (५/५, २०६६) शीर्षकको कवितामा रातको अँध्यारोमा सपनाको क्रयबिक्रय हुने र मानिसले आफ्नो असली रूप त्यही रातमा देखाउने भाव व्यक्त भएको छ । यसै गरी ज्योत्स्ना अधिकारीको *हाइकु* (२/२, २०६३) मा गरिबीको पीडाभाव व्यक्त गरिएको छ ।

टुकनाथ रेग्मीको *गजल* (१/१, २०६२) मा प्रेमप्रणयको सुखानुभूति व्यक्त गरिएको छ भने उनकै अर्को *बेलुरामप्रति मेरै अभिव्यक्ति* (८/१, २०६८) शीर्षकको कवितामा विदेशीको हातमा राष्ट्रको ताल्चा परेको र स्वतन्त्रता नारामा मात्र रहेकोले विदेशीकै इसारामा देश चलेको भाव व्यक्त भएको छ । उनकै अर्को *कविता* (९/२, २०६८) शीर्षकको कवितामा अँध्यारोमा शिक्षाको उज्यालो भेट्दा सुखानुभूति भएको र सुखानुभूतिले जीवनको सरलता भेट्टाएको भाव व्यक्त भएको छ ।

डम्वर बी.सी.को *मुक्तक* (७/७, २०६७) मा जीवन र मृत्युको अनौठो रहस्यलाई व्यक्त गरिएको छ भने उनकै अर्को *गजल* (८/१, २०६८) मा मान्छेको भित्री मन रहस्यमय भएको र बाहिर हेरेर मान्छेलाई झट्ट विश्वास गर्दा धोका खाइने कुरा व्यक्त गरिएको छ । त्यस्तै डी. आर. शर्माको *जाजरकोट र उसको पुकार* (५/५, २०६६) शीर्षकको कवितामा भौगोलिक रूपले पछाडि परेको जाजरकोटको पीडा र उसको विकासको आग्रहलाई बिम्बात्मक रूपमा व्यक्त गरिएको छ भने उनकै अर्को *मुक्तक* (७/७, २०६७) मा सत्ताको दुरुपयोग गरेर चुनाव जित्दै आएका शासक र तिनको कर्तुतको भण्डाफोर गरिएको छ । उनकै अर्को *दियो र वाती* (८/१, २०६८) शीर्षकको कवितामा दियो बल्नको लागि बत्ती आवश्यक भएझैँ मानिस असल र सफल बन्नको लागि विचार असल हुनुपर्ने भाव व्यक्त गरिएको छ । त्यस्तै डिल्ली सिटौला पुङ्माङ्को *धौलागिरिको नासो मुस्ताङको यात्रा* (५/५, २०६६) मा धौलागिरिको अनन्त पीडा, अभाव र त्यसप्रति गरिएको तिरस्कारको विरुद्धमा आवाज उठाइएको छ । राजधानीको छायामा परेको धौलागिरिले आफ्नो विकास नभेटेको भाव यसमा व्यक्त गरिएको छ ।

तारा बरालको *मुक्तक* (७/७, २०६७) मा नेताहरूको राजनीतिक बेइमानी र स्वार्थी प्रवृत्ति दर्साइएको छ । त्यस्तै तारानाथ सापकोटाको *गीत* (२/२, २०६३) मा एक्लिदै गएका पहाडका देउराली भन्ज्याङ र चौतारीका बारेमा विरहको भाव व्यक्त गरिएको छ । त्यस्तै तारानाथ सुवेदीको *गजल* (१/१, २०६२) मा स्वार्थी प्रेमको चर्चा गर्दै यस्तो प्रेमप्रति घृणाको भाव व्यक्त गरिएको छ । ताराप्रसाद सापकोटाको *आजकल ऊ* (२/२, २०६३) शीर्षकको कवितामा पूर्वराजालाई लक्षित गर्दै उसको तानाशाही चरित्र र असफल समयको चित्रण पाइन्छ ।

तीर्थ श्रेष्ठको *मुक्तक* (७/७, २०६७) मा निरर्थक जीवनप्रति चोटिलो प्रहार भेटिन्छ । जीवनको घात प्रतिघातलाई बिम्ब बनाएर कोरिएको उनको मुक्तकमा दिन हराएर असफल हुनेहरूका लागि केवल रात मात्र बाँकी रहेको भाव छ भने उनकै अर्को *गजल* (८/४, २०६९) मा प्रेमको खोजीमा प्रेमकै सहारा लिँदा बदनामी भएको भाव व्यक्त गरिएको छ ।

तुलसी पौडेलको *सूर्य* (५/५, २०६६) शीर्षकको कवितामा समानताको वकालत गर्दै सूर्यले बिना भेदभाव हरेकलाई उज्यालो र न्यानो दिने विचार व्यक्त गरिएको छ भने उनकै अर्को *एकदिन बुद्ध* (८/१, २०६८) शीर्षकको कवितामा वैराग्य जीवन र आत्मसन्तुष्टिको भाव व्यक्त भएको पाइन्छ ।

दामोदर पुडासैनी किशोरको *अभिनय* (२/२,२०६३) शीर्षकको कवितामा मानवीय नाटक र संसारको रङ्गमञ्चको खेलको अवस्थालाई बिम्बित गरिएको छ भने उनकै अर्को *चित्र* (५/५, २०६६) शीर्षकको कवितामा प्रेम प्रणयको भाव व्यक्त गर्दै मायाको चित्रले जीवनलाई दिने ऊर्जा र जीवनको गतिशीलतालाई अभिव्यक्त गरिएको छ ।

दिनबन्धुको *बेचिएकी चेली* (१/१,२०६२) शीर्षकको कवितामा अशिक्षा र बेरोजगारीका कारण दलालद्वारा बेचिएर विदेशी भूमिमा नारकीय जीवन बाँचेका नारीहरूको पीडालाई व्यक्त गरिएको छ । त्यस्तै दिनेश पौडेलको *अन्धकारको देशमा* (२/२, २०६३) शीर्षकको कवितामा देशको पछौटेपन नगएर पनि लोड सेडिङका कारण अँध्यारो भ्mेल्नुपरे पनि देशप्रेमका कारण यही राष्ट्र प्यारो भएको भाव व्यक्त गरिएको छ । त्यस्तै दीपक समीपको *गजल* (८/४, २०६९) मा राष्ट्रिय भाव प्रकट गर्दै राष्ट्रिय पोसाकको महिमा व्यक्त गरिएको छ । त्यस्तै दीपक सोतीको *महाकविको सम्झनामा* (८/१, २०६८) शीर्षकको कवितामा देवकोटाको गुणगान गर्दै साहित्य सिर्जनामा रमाउनु पर्छ भन्ने भाव व्यक्त भएको छ । त्यस्तै दिव्य सागर साउदको *मुक्तक* (७/७, २०६९) मा क्रान्तिकारी भाव अभिव्यक्त छ । उक्त मुक्तकमा देश विकासको लागि मेचीदेखि महाकालीसम्म र तराईदेखि पहाडसम्म एक हुनुपर्ने भाव व्यक्त भएको छ । त्यस्तै दिलिप जोशीको *गजल* (२/२,२०६३) मा प्रकृति बिम्बको प्रयोग गर्दै प्राकृतिक सौन्दर्यको वर्णन गरिएको छ । दिवाकर पौडेलको *अहा उपवन* (१०/३, २०६८) शीर्षकको कवितामा शिखरिणी छन्दको प्रयोग गरेर पहाडी जङ्गल, झर्ना र सिङ्गो पर्वतको वर्णन गरिएको छ ।

दुर्गा प्रतीक्षाको *मेरो लागि जिन्दगी* (१/१, २०६२) शीर्षकको कवितामा जीवन सङ्घर्षका गीतहरू गाउँदै जीवनलाई भोगाइको रूपमा व्यक्त गरिएको छ । त्यस्तै दुवसु क्षेत्रीको *मुक्तक* (७/७, २०६७) मा अहमंको अन्तिम रूप समाप्ति हो भन्दै शङ्का, घृणा र अविश्वासको पहाड ठड्याउन नहुने भाव व्यक्त भएको छ ।

देवी त्रिपाठीको *मुक्तक* (७/७, २०६७) मा अभावमा बाँच्नेहरूको पीडालाई व्यक्त गर्दै अभावमा पनि नेपालीले आफ्नो स्वाभिमान नगुमाउने राष्ट्रप्रेमको भाव प्रकट भएको छ । उनकै अर्को *गजल* (८/४, २०६९) मा प्रेमप्रणयको भाव व्यक्त गरिएको छ । त्यस्तै देवी न्यौपाने धीरको *मुक्तक* (७/७, २०६७) मा नेपाली सिन्धुको गाम्भीर्यलाई दर्साउँदै ऐतिहासिक

विषयको उठान गरिएको छ भने उनकै अर्को *गजल* (८/१, २०६८) मा नेताको कुटिल चाला र बेइमानीको पर्दाफास गरिएको छ । त्यस्तै देवीप्रसाद वनबासीको *प्राणेश्वर* (५/५, २०६६) शीर्षकको कवितामा आदिकवि भानुलाई उनको नेपाली भाषाको योगदानको कदर गर्दै प्राणेश्वर भन्ने भाव व्यक्त गरिएको छ ।

धनकुटे कान्छाको *मन बिम्बहरूमा* (१/१, २०६२) शीर्षकको कवितामा मानवीय मनको तहतहको चर्चा गर्दै यसको रहस्य र अनौठो स्वभावको चर्चा गरिएको छ भने उनकै अर्को *गजल* (२/२, २०६३) मा प्रेममा पाएको धोका र निराशाको भाव व्यक्त भएको छ ।

धनञ्जय शर्मा अधिकारीको *सकारात्मक सोच* (५/५, २०६६) शीर्षकको कवितामा जीवनलाई सकारात्मक रूपले सोच्नु पर्ने र सकारात्मक विचारले नै सन्तुष्टि प्राप्त हुने भाव व्यक्त गरिएको छ । त्यस्तै धनराज गिरीको *गजल* (२/२, २०६३) मा समय टाठाबाठाको भएको र सोझासाझाको भाग्य उनीहरूले नै समाप्त गरेको नियतिवादको भाव व्यक्त गरिएको छ भने उनकै अर्को *गजल* (१०/३, २०६८) मा विद्याकी देवी सरस्वतीलाई प्रतीक वनाएर **माधुरी** पत्रिकाको सम्पादक पर्वतेली स्रष्टा सरस्वती शर्मा जिज्ञासुको तारिफ गरिएको छ । त्यस्तै धर्मराज स्याङ्तानको *गजल* (८/१, २०६८) मा राजनीतिक बिम्बको प्रयोग गरेर प्रेयसीको अनुरागको भाव व्यक्त गरिएको छ ।

धीरकुमार श्रेष्ठका *गजल* (१/१, २०६२) मा गधालाई धोएर गाई नहुने भन्दै चरित्रहीन नेताको कुकार्यको पर्दाफास गरिएको छ । त्यस्तै ध्रुव मधिकर्मीको *कविता* (५/५, २०६६) शीर्षकको कवितामा अशान्तिको आगोले कलिला नानीहरूको भविष्य डढ्न लागेको त्रास व्यक्त गर्दै युद्ध बिम्बलाई प्रयोग गरिएको छ भने उनकै अर्को *मुक्तक* (७/७, २०६७) मा आफ्नो परिचय सङ्कटमा परेर बाँच्नु पर्दाको पीडा भाव व्यक्त गरिएको छ । त्यस्तै ध्रुवलाल शर्माको *सुनामी र शहादत* (२/२, २०६३) शीर्षकको कवितामा राष्ट्रियताको भाव प्रकट गर्दै सहिदको महान् सहादतको उच्च मूल्याङ्कन गर्नु पर्ने भाव व्यक्त गरिएको छ ।

नवराज उत्साहीको *मुक्तक* (७/७, २०६७) मा लुटतन्त्रमा रमाइरहेका नेताप्रति व्यङ्ग्य भाव प्रकट गरिएको छ । यसमा जनतालाई नै भऱ्याङ् बनाएर जनताकै ढाड सेकाउने नेताको चारित्रलाई उदाङ्गो पारिएको छ । त्यस्तै नवराज कंडेल अविरलको *गीत* (१/१, २०६२) मा दुःख पाउनेलाई सबैले हेप्ने र ईश्वरले पनि उसैलाई सफल हुन नदिने

विरहको पीडा भाव व्यक्त गरिएको छ । त्यस्तै नवराज दाहाल 'उत्साही' को *गजल* (२/२, २०६३) मा स्वदेशको प्रेममा रमाउन आग्रह गर्दै परदेशी सबैलाई आफ्नै देशमा फर्किन आह्वान गरिएको छ । त्यस्तै उनकै अर्को *आफ्नैका आफ्नै व्यथा* (१०/३, २०६८) शीर्षकको कवितामा पहाडको पीडालाई अभिव्यक्त गर्दै सबैको नजर तराईमा र सहरमा पर्ने तर पहाडमा कसैको विचार नपुग्ने भाव व्यक्त गरिएको छ । त्यस्तै नवराज लम्सालको *हामी अङ्क हामी अक्षर* (१०/३, २०६८) मा सबैको आ-आफ्नो महत्त्व भएको र देशका लागि सबैको सहयोग अपरिहार्य छ भन्ने सन्देश व्यक्त भएको पाइन्छ । यसमा सहकार्यको सिद्धान्तलाई राष्ट्रप्रेमसँग जोडेको देखिन्छ । त्यस्तै नवीन मगरको *गजल* (८/४, २०६८) मा प्रेमप्रणयको भाव व्यक्त भएको पाइन्छ ।

नारायण गोदारेको *फागुपूर्णिमा र शिवरात्रिका सिद्धिचरण* (२/२, २०६३) शीर्षकको कवितामा मानवताको उद्घोष गर्दै धर्म र संस्कृति बचाउनुपर्ने भाव व्यक्त भएको छ । त्यस्तै नारायण रायमाझीको *गजल* (१०/३, २०६८) मा प्रेयसीको अभावमा जीवन जटिल भएको पीडा भाव व्यक्त भएको छ ।

निमेष निखिलको *गाउँहरू वस्तीहरू* (८/४, २०६९) शीर्षकको कवितामा गाउँको निस्वार्थपन र उदार गाउँलेहरूको बिम्बलाई खिचेर सुन्दर गाउँको चित्रण गरिएको छ । त्यस्तै निरु के.सी. अश्रुको *द्रष्टा* (५/५, २०६६) शीर्षकको कवितामा सङ्घीयताको नारा लगाएर देश लुट्न खोज्नेको विरोध गरिएको छ । त्यस्तै निर्मला पौडेलको *गीत* (१/१, २०६२) मा जीवनको बोझ र पीडा भाव व्यक्त भएको छ ।

पवन आलोकको *नदी जो बहन्छ* (१०/३, २०६८) शीर्षकको कवितामा जीवनलाई नदीसँग तुलना गरेर आफ्नै बाटामा स्वतन्त्रतापूर्वक चल्न दिनुपर्ने भाव व्यक्त छ भने पर्वत ढकालको *गजल* (८/४, २०६९) मा प्रेमको प्रणयभाव व्यक्त व्यक्त भएको छ । त्यस्तै पवित्रा भण्डारीको *मुक्तक* (७/७, २०६७) मा सामाजिक कुसंस्कार विरुद्ध विद्रोहको भाव व्यक्त गरिएको छ ।

पुष्प अधिकारी 'अञ्जली' को *गजल* (१/१, २०६२) मा प्रेयसीको आमन्त्रण गरिएको छ भने उनकै अर्को *गजल* (२/२, २०६३) मा परिवर्तनका लागि चेतना जगाउनु पर्ने भाव

व्यक्त भएको छ । उनकै अर्को *गजल* (८/४, २०६९) मा प्रेयसीको नक्कली चालाबाट पीडित भएको र वास्तविकता बुझ्न ढिलो गरेको भाव व्यक्त गरिएको छ । पुष्पलता आचार्यको *जाँदै छु म टाढा* (२/२, २०६३) शीर्षकको कवितामा जीवन भोगाइका दुःख, पीडा र वैरीको छेकवारले बाँच्न कठिन भएको भाव व्यक्त भएको छ ।

प्रकट पंगेनी शिवको *मुक्तक* (७/७, २०६७) मा प्रकृतिसँग प्रेयसीको तुलना गरिएको छ । त्यस्तै प्रकटकुमार शिशिरको *मुक्तक* (७/७, २०६७) मा नेताको चलाखी र बन्न नसकेको संविधानको बारेमा चर्चा गरिएको छ । त्यस्तै प्रकाश आङ्दम्बेको *मुक्तक* (७/७, २०६७) मा प्रेयसीले बेवास्ता गरे पनि झन्झन् स्मृतिमा आइरहने स्मृतिबिम्बको प्रयोग गरिएको छ । त्यस्तै प्रकाश पौडेलको *कोटिकोटि प्रणाम प्रभु* (५/५, २०६६) शीर्षकको कवितामा नेताको फरक जीवन शैलीप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । त्यस्तै प्रभाकर पण्डितको *मुक्तक* (७/७, २०६७) मा प्रेयसीसँगको प्रणय सुखको भाव व्यक्त भएको छ ।

बाबु त्रिपाठीको *फुटपाथ* (८/१, २०६८) शीर्षकको कवितामा आजका मानिसले बाँचिरहेको फुटपाथको जीवनलाई लक्षित गरेर असल कर्मसहित थोक जीवन बाँच्न आग्रह गरिएको छ भने उनकै अर्को *गजल* (१०/३, २०६८) मा विसङ्गतिबोध भेटिन्छ । आजको वास्तविकता झल्किएको उक्त गजलमा बाध्यताको अघि मान्छे हार्ने भाव व्यक्त भएको छ । त्यस्तै बाबुराम शीलको *गजल* (१/१, २०६२) मा जीवनलाई सङ्घर्षसँग तुलना गरिएको छ । त्यस्तै बालकृष्ण थपलियाको *गजल* (२/२, २०६३) मा सत्ताको हाली मुहाली र नेताको बेइमानी अनि जनताको सकसको भाव व्यक्त भएको छ । त्यस्तै बूँद रानाको *गजल* (२/२, २०६३) मा मानिस स्वभावले प्रिय हुने र कर्मले फरक बनाउने भाव व्यक्त भएको छ ।

भगवती पाण्डे आशाको *मेरो कविता* (८/४, २०६९) शीर्षकको कवितामा पुरुष प्रधान समाजमा हेपिएका नारीहरूको समस्या देखाउँदै पुरुषको हैकमवादी सोचप्रति विरोधभाव प्रकट भएको छ । त्यस्तै भरत रोदन साउद पाखेको *मुक्तक* (१/१, २०६२) मा असफल जीवनको पीडाभाव व्यक्त भएको छ भने उनकै अर्को *रात ढलेपछि* (५/७, २०६६) शीर्षकको कवितामा क्रान्तिको उद्घोष गर्दै अँध्यारोपछि एक दिन उज्यालो आउने

परिवर्तनप्रतिको आशावादी भाव व्यक्त गरिएको छ । त्यस्तै भरत विवश पौडेलको मुक्तक (२/२, २०६३) मा अँध्यारो जीवनको पीडादायी स्वरको अभिव्यक्ति पाइन्छ भने उनकै अर्को *मुक्तक* (७/७, २०६७) मा जीवनको आदिम स्वरूप, संस्कार र संस्कृतिप्रति कविको जिज्ञासा प्रकट भएको छ ।

भक्त कार्कीको *मुक्तक* (८/४, २०६८) मा देशप्रेमको भावना मुखरित भएको छ । उक्त मुक्तकमा पुरानो संरचना भत्काएर नयाँ नेपालको निर्माणको लागि तल्लीन हुनुपर्ने भाव व्यक्त भएको छ ।

भीम परियारको *मुक्तक* (७/७, २०६७) मा बोली र व्यवहार फरक हुने मान्छेको चर्चा बढी भएको भाव व्यक्त छ । त्यस्तै भीमनिधि तिवारीको *मुक्तक* (७/७, २०६७) मा जीवन सँगिनीको तारिफ गर्दै उनीबिना जीवनरथ नचल्ने भाव व्यक्त भएको छ । त्यस्तै भीमबहादुर परियारको *मुक्तक* (८/४, २०६९) मा जीवनको सार्थकता नै नम्रतामा रहेको रहस्यभाव व्यक्त भएको छ ।

त्यस्तै भूपि शेरचनको *सधैँसधैँ मेरो सपनामा* (७/७, २०६७) शीर्षकको कवितामा नेपाल आमाको चीत्कारलाई प्रस्तुत गरी राष्ट्रप्रेमको स्वर मुखरित भएको छ र देशको सपना कहिल्यै साकार हुन नसकिरहेको पीडा भाव व्यक्त भएको छ । मञ्जुलको *सुतिरहेको छायाँ* (५/५, २०६६) शीर्षकको कवितामा प्रेयसीको नियास्रोको पीडाभाव व्यक्त भएको छ । प्रेयसी नभएको क्षण पल-पलमा सताउने एकान्तलाई पन्छाउन गाह्रो भएको भाव व्यक्त छ । त्यस्तै मधु पोखेलको *मुक्तक* (७/७, २०६७) मा हाकिमको कामचोर प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । महानन्द ढकालको *गजल* (८/१, २०६८) मा नातावादमा चलेको नेपाली संस्कार र आफन्तले मात्र गाउँ भेट्टाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । महेन्द्र पौडेलको *गजल* (२/२, २०६३) मा प्रणयको भाव व्यक्त गरिएको छ । त्यस्तै *गोरेटो* (१०/३, २०६८) मा गाउँको गोरेटो कहिल्यै परिवर्तन हुन नसकेको र यो युगौंको समस्याको रूपमा रहेको भाव व्यक्त गरिएको छ ।

माधव वियोगीको *नारीजनप्रति* (५/५, २०६६) शीर्षकको कवितामा नारीपीडा र समस्याको समाधानका लागि जुट्नुपर्ने भाव व्यक्त गरिएको छ ।

मिलन समीरको *गजल* (१०/३, २०६६) मा प्रणयको भाव व्यक्त भएको छ । त्यस्तै मुरलीधर शर्माको *कठैबरा गरिबले टुलुटुलु हेर्छ* (५/५, २०६६) शीर्षकको कवितामा गरिबको वेदनालाई मार्मिक रूपमा व्यक्त गरिएको छ । संसार धनीको भएको र गरिबलाई मान्छे नै नठान्ने प्रवृत्तिको विरोध भाव व्यक्त छ भने उनकै अर्को कविता *श्रीमद्‌भागवद्‌ गीताको संक्षिप्त भावांश* (८/४, २०६९) मा गीताको सारलाई कवितांशको रूपमा व्यक्त गरेर मानिस कर्मप्राप्तिको लागि लाग्नुपर्छ भन्ने भाव व्यक्त छ ।

मोहन दुवालको *घुम्ने कुर्सी* (१/१, २०६२) शीर्षकको कवितामा सत्ताको स्वाद चाखेकाहरू सधैँ सत्तामा नै टाँसिन खोज्ने प्रवृत्तिलाई देखाइएको छ भने उनको अर्को *म भात खान जाउँ कि समाचार सुनुँ* (२/२, २०६३) शीर्षकको कवितामा युद्धकालीन त्रासदी क्षणको स्मृतिबिम्बलाई प्रस्तुत व्यक्त गरिएको छ ।

यम ढुङ्गाना के.सी. को *कोपिला* (१/१, २०६२) शीर्षकको कवितामा प्रकृतिको चित्रण गर्दै कोपिलाको सौन्दर्यलाई व्यक्त गरिएको छ । उनकै अर्को *आशामा बाँच्नु पर्ने* (५/५, २०६६) शीर्षक कवितामा अरूको आसमा बाँच्दा जीवन बोझिल हुने भाव व्यक्त भएको छ ।

रमानाथ अधिकारीको *गीत* (८/१, २०६८) मा टुहुरो जीवनको असफल कथा र पीडाको स्वर व्यक्त भएको छ । त्यस्तै रमेश थापा अन्जान स्नेहको *मुक्तक* (७/७, २०६७) मा आफ्नो धर्म संस्कार छोडेर बाटो बिराएका मान्छेप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तै रमेश थापा मगरको *गजल* (८/४, २०६९) मा शृङ्गारिक भाव व्यक्त गरिएको छ ।

राजेन्द्र थापाको *खासमा तपाईं को हो ?* (५/५, २०६६) शीर्षकको कवितामा विभिन्न पेसा र व्यवसायका मान्छेको विसङ्गतिलाई व्यङ्ग्यपरक शैलीमा व्यक्त गरिएको छ भने राजेन्द्र पहाडीको *छेस्का कविता* (२/२, २०६३) शीर्षकको कवितामा स्वतन्त्रताको गगनभेदी नारामा जुटेका तमाम प्रजातन्त्रका सिपाहीहरूलाई सतर्क रहन आग्रह गर्दै परिवर्तनको स्वागत गरिएको भाव व्यक्त भएको छ भने उनकै अर्को *देवतासँग* (५/५, २०६६) शीर्षक कवितामा ढाँट, झेल र स्वार्थबाट माथि उठेर आफ्नै मनको ईश्वरलाई खुसी बनाए संसार जितिने भाव व्यक्त गरिएको छ । त्यस्तै उनकै *मुक्तक* (७/७, २०६७) मा राष्ट्रको विकृति मात्र औँल्याएर कहीँ नपुगिने तर देशको माटो चिन्न सके स्वर्ग भेटिने भाव व्यक्त भएको छ ।

राजु वि.क. को *मृत्युदण्डपछिको शान्ति* (१/१, २०६२) शीर्षकको कवितामा मुर्दा शान्तिले देशमा शान्ति नहुने तथा वास्तविक शान्तिका लागि मूर्त प्रजातन्त्र आवश्यक भएको भाव व्यक्त गरिएको छ । त्यस्तै राम थापा 'अविरल' को *गजल* (२/२, २०६३) मा शृङ्गारिक भाव व्यक्त गरिएको छ । त्यस्तै रामेश्वरी पन्तको *अन्तिम सलामी* (१०/३, २०६८) शीर्षकको कवितामा सामन्ती युगलाई अन्तिम सलामी दिएर आधुनिक युगको सुरुआत हुने भाव व्यक्त गरिएको छ । त्यस्तै रावतको *गजल* (१०/३, २०६८) मा जिन्दगीलाई कारागारसँग तुलना गरिएको छ ।

रुद्र ज्ञवालीको *मुक्तक* (७/७, २०६७) मा जीवनको मूल्य, अक्षरको मूल्य र झन्डाको मूल्य बोध नगर्ने शासक समाप्त हुने भाव व्यक्त गरिएको छ । त्यस्तै रूपा कुसुमको *गजल* (२/२, २०६३) मा शृङ्गारिक भावमा प्रेमको लागि लामो जीवन उत्सर्ग गर्न तयार भएको भाव व्यक्त भएको छ ।

लक्ष्मण थापाको *गजल* (२/२, २०६३) मा राष्ट्रप्रेमको भावना उद्घोष गरिएको छ । देश बनाउने बहादुर नागरिक नै सच्चा देशभक्त भएको भाव व्यक्त भएको छ भने उनकै अर्को *मुक्तक* (७/७, २०६७) मा कालो बजारी, घुसखोरी र बेइमानीको हातमा देशलाई जान दिन नहुने भाव व्यक्त भएको छ । त्यस्तै लक्ष्मणप्रसाद गौतमको *गीत* (१/१, २०६२) मा प्रेयसीको सम्झनामा प्रणयको शृङ्गारिक भाव व्यक्त भएको छ भने उनकै अर्को *उसलाई मृत्युदण्ड दिनु हुँदैन* (१०/३, २०६८) शीर्षकको कवितामा अपराधको सीमा नाघ्नेहरूलाई मृत्युदण्ड पनि कम सजाय हो भन्दै पीडाका बाटाहरू खोजेर अपराध कबुल गराउनु पर्ने भाव व्यक्त भएको छ । त्यस्तै लक्ष्मीदत्त भट्टको *मनुजको यो जीवन हो सत्यता* (९/२, २०६८) शीर्षक कवितामा सत्यको बाटो रोज्न प्रेरित गरिएको छ । धार्मिक कर्ममा जुटेर मानिस जगत्को लागि योग्य र सफल बन्नु पर्ने भाव व्यक्त गर्दै मानिसले हिँड्नुपर्ने बाटो र भुल्न नहुने असल विचारको भाव व्यक्त भएको छ । त्यसरी नै ललिजन रावलको *मुक्तक* ( ७/७, २०६७) मा देशको कुनाकुनाको क्रन्दन निकै गम्भीर भएको र वीर गोर्खालीको माटाले पनि निर्धक्क स्वतन्त्रताको गीत गाउन नसकेको पीडाको भाव व्यक्त भएको छ ।

वनमाली निराकारको *मुक्तक* (७/७, २०६७) मा धनी र गरिब बिचको असमानतालाई लक्षित गर्दै धनीको दसैं र गरिबको दसैंमा धनकै कारण फरक हुने भाव

व्यक्त भएको छ । त्यस्तै वसन्त विनोदको *गजल* (८/४, २०६९) मा वीरताको भाव व्यक्त गर्दै इतिहासलाई हरेकले स्मरण गर्नुपर्ने विचार व्यक्त गरिएको छ । त्यस्तै विजय सागरको *हाम्रो सिङ्गो घर* (१०/३, २०६८) शीर्षकको कवितामा राष्ट्रियताको अभिव्यक्ति दिँदै हत्या, हिंसा र आतङ्कबाट देशको संरक्षण गर्नु पर्ने भाव व्यक्त गरिएको छ । त्यस्तै विभासको *मुक्तक* (७/७, २०६७) मा कर्तुत एक न एक दिन खुल्ने र यसलाई कसैले छोप्न वा लुकाउन नसक्ने भाव व्यक्त गरिएको छ । त्यस्तै विमलराज मायालुको *मुक्तक* (७/७, २०६७) मा राजनीतिको फोहोरी खेलप्रति लक्षित गर्दै नेतालाई सुध्रन आग्रह गरिएको छ । त्यसै गरी विमल शर्मा पौडेलको *नदी र राजनीति* (५/७, २०६६) शीर्षकको कवितामा नदीको सरल, कञ्चन र निर्दोष भावलाई व्यक्त गर्दै राजनीति जस्तो फोहोरी खेल नदीले नखेल्ने विचार व्यक्त गरिएको छ । उनको अर्को *मुक्तक* (७/७, २०६७) मा मानवभित्र कोमलता, विश्वास र हार्दिकताको खडेरी परेको र मानवीय मूल्यप्रति सजग हुनु पर्ने भाव व्यक्त भएको छ । त्यस्तै वियोग बुढाथोकीको *म अर्थात् गोपालहरू* (८/१, २०६७) शीर्षकको कवितामा आफ्नै असफलताप्रति व्यङ्ग्यभाव प्रकट गरिएको छ भने उनकै अर्को *मुक्तक* ( ८/४, २०६९) मा शृङ्गारिक भाव प्रकट गरिएको छ । त्यस्तै वीरेन्द्र भुषाल कल्पितको *गजल* (८/४, २०६९) मा मानव बिम्ब प्रयोग गरी प्रेममय आँखाको प्रेमको गहिराइ देखाइएको छ । त्यस्तै विष्णुबहादुर सिंहको *कर्तव्य* (८/४, २०६९) शीर्षकको कवितामा राष्ट्रियता बोधका साथै देशको संरक्षण गर्नु पर्ने भाव व्यक्त गरिएको छ ।

शंकर सुवेदीको *एक्लै मलाइ भन* (२/२, २०६३) शीर्षकको कवितामा आँखाको वर्णन गरेर प्रणय भाव व्यक्त गरिएको छ भने उनकै अर्को *शान्ति* (१०/३, २०६८) शीर्षकको कवितामा राष्ट्रिय एकता र अखण्डता कायम रहोस् भन्दै राष्ट्रप्रेमको भाव व्यक्त गरिएको छ । त्यस्तै शान्तिनारायण श्रेष्ठको *गीत* (१०/, २०६८) मा प्रेयसीको मायालु व्यवहारको प्रशंसा गर्दै प्रणयभाव व्यक्त गरिएको छ । त्यस्तै श्यामबहादुर भावुकको *पर्वतकी नदी सरस्वती* (८/४, २०६९) शीर्षकको कवितामा 'जिज्ञासु'को व्यक्तित्वको महिमा गाएर पर्वतको साहित्यिक क्षेत्रमा उनले पुऱ्याएको योगदानप्रति सम्मान भाव व्यक्त गरिएको छ ।

श्रेष्ठ प्रिया पत्थरको *गजल* (१/१, २०६२) मा पुरातन विचारलाई फालेर हार्दिकता र सौहार्दताको नवीन विचार अँगाल्नु पर्ने भाव व्यक्त गरिएको छ भने उनकै अर्को *गजल*

(८/४, २०६९) मा जिन्दगीको आरोह-अवरोहमा आफूले भोलेका पीडालाई व्यक्त गरिएको छ ।

षडानन्द पौड्यालको *कविको कविता निदाएको देख्छु* (१/१, २०६५) शीर्षकको कवितामा कविहरू राष्ट्रको चिन्तनमा कम लागेको गुनासो प्रकट गर्दै राष्ट्रप्रेमको भाव व्यक्त भएको पाइन्छ ।

सङ्गीत स्रोताको *सहरमा संयुक्त फौज* (१/१, २०६२) शीर्षकको कवितामा देशभित्र व्याप्त महङ्गी, भ्रष्टाचार र अन्यायलाई लक्षित गर्दै यिनीहरूको संयुक्त फौज सहर भ्रमणमा निस्किएको भाव व्यक्त गरिएको छ । त्यस्तै उनकै अर्को *मेरी आमाको जुनी* (८/१, २०६८) शीर्षक कवितामा मातृत्व प्रेम झल्काउँदै आमाका दुःख र अभावलाई व्यक्त गरिएको छ । सम्झना पौडेलको *गजल* (८/१, २०६८) मा प्रणय भाव व्यक्त गरिएको छ ।

सरस्वती शर्मा 'जिज्ञासु'को *संस्मरण* (२/२, २०६३) शीर्षकको कवितामा ममतामयी माताबाट विगतमा पाएको ममताको स्मरण गर्दै उनको अभावमा एउटी छोरीको बाँकी जीवनलाई मार्मिक रूपले व्यक्त गरिएको छ । उनकै अर्को *श्रद्धाञ्जली* (५/५, २०६६) शीर्षकको कवितामा देवकोटाद्वारा नेपाली साहित्यको लागि गरिएको योगदानप्रति श्रद्धा र भक्तिभाव व्यक्त गरिएको छ भने उनकै अर्को *मुक्तक* (७/७, २०५६) मा सत्तामोहमा लागेका नेताप्रति व्यङ्ग्य गर्दै राष्ट्रप्रेमका भावहरू व्यक्त गरिएका छन् । उनकै अर्को *लोकतन्त्र तिमी* (८/४, २०६९) शीर्षकको कवितामा अस्थिरताको अन्त्य र नयाँ नेपाल निर्माणको कामना गरिएको छ भने उनकै अर्को *गजल* (१०/३, २०६८) मा राष्ट्रप्रेम दर्साउँदै स्वतन्त्रता र स्वाभिमानको चाहना प्रकट गरिएको छ । त्यस्तै सरुभक्तको *आयातीत धूमकेतुहरूको देश* (५/५, २०६६) शीर्षकको कवितामा देश जात्रामय बनेको र जनशक्ति विस्तारै पलायन भएर विदेश गएका कारण राष्ट्रिय अस्तित्व सङ्कटमा पर्न लागेको भाव व्यक्त भएको छ । त्यस्तै उनकै अर्को *मुक्तक* (७/७, २०६७) मा छुवाछुत प्रथा कानुनमा हटे पनि व्यवहारमा हट्न नसकेको भाव व्यक्त भएको छ ।

सागरप्रसाद उपाध्यायको *गीत* (१/१, २०६२) मा दुःख र सुखको जीवनको पाटोलाई बिम्बात्मक रूपमा व्यक्त गरिएको छ । त्यस्तै साधना प्रतीक्षाको *गजल* (२/२, २०६३) मा

राष्ट्रिय स्वाधीनताको भाव व्यक्त गरिएको छ भने उनकै अर्को *मुक्तक* (७/७, २०६७) मा अभाव, असुरक्षा र जीवन सङ्कटको भाव व्यक्त गरिएको छ । त्यस्तै सिर्जना दुवालको *नदी* (२/२, २०६३) शीर्षकको कवितामा नदीको शान्त, सौम्य र शालीन स्वरूपको चित्रण गर्दै नदीलाई मानवीकरण गर्ने प्रयत्न गरिएको छ ।

सुदिम्न दाहालको *गजल* (१०/३, २०६८) मा शृङ्गारिक भाव व्यक्त गरिएको छ । सुधा भट्टराईको *कविता* (८/१, २०६८) मा जीवनलाई साहित्यसँग तुलना गरिएको छ र सधैँ जीवनको सुखदुःख कवितामा पढ्न पाइयोस् भन्ने भाव व्यक्त गरिएको छ । त्यस्तै सुमति गिरीको *मुक्तक* (७/७, २०६७) मा शब्द शब्दमा राष्ट्रप्रेमको भाव खोज्नुपर्ने र यही देशका लागि समर्पित हुनु पर्ने स्वदेशप्रेमको भाव खोज्नुपर्ने र यही देशका लागि समर्पित हुनु पर्ने स्वदेशप्रेमको भाव व्यक्त भएको छ । त्यस्तै सूर्य के.सी.को *गीत* (१/१, २०६२) मा प्रेयसीको आँखाको वर्णन गर्दै प्रणय भाव व्यक्त गरिएको छ । त्यस्तै सुरेन्द्र खड्काको *मुक्तक* (७/७, २०६७) मा जीवनको व्यावहारिक पक्षको जानकारी दिँदै मित्रसँगको मित्रतामा ध्यान दिनुपर्ने कुरामाथि प्रकाश पारिएको छ ।

हुसैन खाँको *मेरी रसिया* (२/२, २०६८) शीर्षकको छन्दोबद्ध कवितामा आफ्नी जीवन सँगिनीले दिएको अपार प्रेमको प्रशंसा गरिएको भने उनकै अर्को *प्रणय अनुराग* ( ५/५, २०६६) शीर्षकको छन्दोबद्ध कवितामा पनि उस्तै प्रणयको भाव व्यक्त भएको छ ।

हृदय लेकालीको *मुक्तक* (७/७, २०६७) मा जिन्दगी सुन्दर बनोस् भन्ने कामना तथा सहरमा प्रेम फुल्न नसक्ने र मान्छे आफ्नै स्वभावले माथि चढ्न र तल झर्ने हुन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

हेमप्रभासको *भोको सारङ्गी र नीलो बत्ती* (९/२, २०६८) शीर्षकको कवितामा कलात्मक रूपमा लोक बिम्बहरूको प्रयोग गरी जीवनका समस्या र असफलतालाई भोकसँग तुलना गरिएको छ । त्यस्तै हेमा कार्की कञ्चनको *तिमी र म* (८/१, २०६८) शीर्षकको कवितामा सन्तानप्रतिको विभेदलाई लक्षित गर्दै छोरा र छोरीको विचार र अवसर पनि फरक भएको भाव व्यक्त गरिएको छ ।

ज्ञानुवाकर पौडेलको *गजल* (१/१, २०६२) मा गाउँ र सहरको तुलना गर्दै गाउँ जस्तो सहर कहिल्यै सुखी हुन नसक्ने भाव व्यक्त भएको छ भने उनकै अर्को *मुक्तक* (२/२, २०६३) मा सही बाटो पक्रन नसकेको जीवन भट्टीको छेउबाट अघि बढेको विचार व्यक्त

गरिएको छ । त्यस्तै उनकै अर्को *अभ्यस्त* (५/५, २०६६) शीर्षकको कवितामा सत्ताले नागरिक हक खोसेको र यसको फोहोरी चालाले नागरिक अभ्यस्त बनेका कारण दुर्दशा निम्तिएको भाव व्यक्त भएको छ । उनकै अर्को *गजल* (८/१, २०६८) मा जीवन बिम्बलाई व्यक्त गरिएको छ । जीवन अनौठो हुने र यसको आयाम फरक-फरक रहने भाव व्यक्त भएको छ ।

## ४.१.३ कविताको भाषाशैलीको विश्लेषण

साहित्यका सबै विधाको अभिव्यक्ति भाषाकै माध्यमबाट हुन्छ तर पनि कविताको भाषा अरूभन्दा फरक हुन्छ । लयलाई कविताको प्रमुख तत्त्व मानिन्छ भने बिम्ब र प्रतीकहरूको पनि कवितामा महत्त्वपूर्ण भूमिका रहन्छ । 'कविताको मुख्य विधागत परिचायक स्वरूपत्व लयविधान हो ।'[७] भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो । सामान्य भाषिक संरचनाको अतिक्रमण गरी विशेष अभिव्यक्तिको तरिका नै शैली हो र शैलीले पाठकलाई आकर्षित पनि गर्छ ।

**माधुरी**मा रहेका अङ्क एकदेखि दससम्मका केही कविताहरूमा कलात्मक भाषा प्रयोग भएको छ । यहाँ लघुतम रूपका र लघुरूपका अर्थात् प्रगीतात्मक कविताहरू रहेका छन् । केही कविताहरू चाहिँ सामान्य स्तरका छन् ।

**माधुरी**मा गीति लय र शास्त्रीय छन्दमा लेखिएका दुबै किसिमका कविताहरू रहेका छन् । त्यस्तै पश्चिमी परम्पराका मुक्तक र हाइकुहरू पनि छन् । करिब सत्रओटा शास्त्रीय बद्धलयका कविताहरू छन् भने बाँकी मुक्तलयमा लेखिएका गद्य कविताहरू छन् । कतिपय गद्य कविता गति, यति र लय मिलेका देखिन्छन् । *भोको सारङ्गी, नीलो बत्ती* र *लिर्लिङ्* मुक्तलयमा रचिएका कविता हुन् भने *मेरी रसिया* र *संस्मरण* कविता बद्धलयमा रचित कविताहरू हुन् ।

प्रशस्त सिप पुऱ्याएर या साह्रै राम्रो बनाएर लेखिएको भनिएको कथन भन्ने अर्थमा अलङ्कारको प्रयोग हुन्छ । यो शब्द 'अलङ्क्रियते अनेन इति असौ-अलङ्कार'[८] गरी बनेको हो । अलङ्कार कविताको शोभाकारक तत्त्व हो । **माधुरी**मा प्रकाशित धेरै कविताहरूमा प्रयोग भएका अलङ्कारहरूमध्ये उत्प्रेक्षा अलङ्कार प्रयोग भएको कविता *हाम्रो सिङ्गो घर*

[७] वासुदेव त्रिपाठी र अन्य (सम्पा), **नेपाली कविता**, पूर्ववत्, पृ. १८ ।

[८] विष्णुप्रसाद रेग्मी, **संस्कृत काव्यशास्त्र,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५६, पृ. ४२ ।

हो । त्यस्तै अनुप्रास अलङ्कार दुई मुक्तक शीर्षकमा प्रयोग भएको छ । यस्ता उदाहरण अत्यन्त धेरै छन् ।

**माधुरी**मा रहेका कविता, गीत गजलमा अनेक प्रतीकको प्रयोग भएको छ । 'प्रतीकको अर्थमा निश्चितता र निर्दिष्टता हुन्छ'[९] प्रतीकलाई कविताबाट अलग्याउन सकिन्छ तर प्रतीकको सौन्दर्य त्यहाँ रहँदैन । **माधुरी**मा प्रकाशित कवितामा प्रतीकको प्रयोग भएका केही उदाहरण तल दिइएका छन् :

उदाहरण एक

रात्रो लाग्छ कता कता नयनमा रेखाहरू गाजले
कस्ता मोहित छन् दुबै अझ अहो ! झुक्छन् सदा लाजले
ती संकोच कुनै नराख तिमी निर्धक्क पार्दै भन ।
अप्ठ्यारो यदि लाग्छ भन्न अरूमा एक्लै मलाई भन ।

- शंकर सुवेदी, *एक्लै मलाई भन*, २/२, २०६३

उपर्युक्त कवितांशमा गाजले नयनलाई कामुकताको प्रतीकको रूपमा लिँदै अरूको अगाडि भन्न अप्ठ्यारो लाग्ने कुरा एक्लै भन्न आग्रह गरिएको छ ।

उदाहरण दुई,

थुम्का थुम्का बनेर
हिउँको ढिक्काझैँ लागेको छ समय
संभावित आगलागीको आशङ्कामा
गोरेटोमा बार लगाएर
बिरानिदै छन् बस्तीका मझेरी र चौतारीहरू

- दामोदर पुडासैनी 'किशोर', *अभिनय*, २/२, २०६३

प्रस्तुत कवितांशमा हिउँको ढिक्कालाई निराशाको प्रतीकको रूपमा चिनाइएको छ । यही निराशामा तड्पिएको बस्तीले मानिसमा खुसी सञ्चार गर्न नसकेको देखाइएको छ ।

उदाहरण तिन,

प्रत्येक रात
निस्तो मन कुल्चेर
बेअर्थ पल्टिरहँदा

[९] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, पूर्ववत्, पृ. ४२ ।

बजिरहेछ कोठाभरि

रित्तो पेटको खोक्रो सारङ्गी

र, बलिरहेछ, बलिरहेछ

नीलो बत्ती ।

- हेमप्रभास, *भोको सारङ्गी र नीलो बत्ती,* ९/२, २०६८

प्रस्तुत कवितांशमा निस्तो मनलाई अभावको प्रतीक र खोक्रो पेटलाई पीडाको प्रतीकको रूपमा देखाइएको छ ।

उदाहरण चार,

पाएन वास परेवाले

मन्दिरका टुँडालहरूमा

खुट्टा टेक्ने ठाँउ नपाएर

घरि यता घरि उता आँखा डुलाइरहेछ

- गीता लामिछाने, *परेवा,* ९/२, २०६८

उपर्युक्त कवितांशमा परेवालाई शान्तिको प्रतीकको रूपमा देखाइएको छ । देशभित्र अशान्ति भएको कारण मन्दिरका टुँडालहरूमा पनि परेवाले बास नपाएको भाव व्यक्त भएको छ ।

कवितामा बिम्बहरूको प्रयोग हुने गर्दछ । शाब्दिक अर्थमा बिम्ब भनेको छाया, दर्पण, प्रतिबिम्ब वा प्रतिच्छवि हो । साहित्यिक सन्दर्भमा बिम्बले प्रायः पाठकको मस्तिष्कमा मानसिक प्रभाव उत्पन्न गर्ने वर्णनात्मक पदावली वा आलङ्कारिक भाषा र त्यसबाट प्राप्त हुने प्रायः दृश्यमान प्रभावलाई जनाउँछ ।[१०] 'सर्जकका मानसपटलमा रहेको मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने भाषा नै बिम्ब हो'।[११] 'कुनै पनि कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिछायाका रूपमा आउने अर्को सहप्रस्तुत अर्थ बिम्ब हो' ।[१२] **माधुरी**मा रहेका

[१०] खगेन्द्र लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०, पृ. १०६ ।

[११] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन, २०६० पृ.१ ।

[१२] वासुदेव त्रिपाठी र अन्य (सम्पा), **नेपाली कविता**, पूर्ववत् ।

कविता, गीत, गजल र मुक्तकमा थुप्रै बिम्बहरू प्रयोग भएका छन् । बिम्ब प्रयोग भएका कविताका केही अंशलाई उदाहरणको रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

देशलाई देशवासीहरूको आल्टिमेटम छ
विस्फोट समयः लाभाका
अन्तहीन नदीहरू
नृशंस हत्याका विज्ञापन टाँस्छन्
मुसाहरूको जम्वुरी-
जम्बो जत्था सङ्कटकालीन
अवतरण अभ्यासमा व्यस्त छ

- सरुभक्त, *धूमकेतुहरूको देशमा,* ५/५, २०६६

उपर्युक्त कवितामा मुसालाई निरङ्कुश शासकको रूपमा चिनाइएको छ । यसमा समसामयिक र यथार्थपरक बिम्बको प्रयोग गरिएको छ ।

मान्छे ब्युँझेपछि
निशाचरहरू लुक्छन् पातालमुनि
र अपराधीहरू पक्रिन्छन् रङ्गेहात
ढल्दछन् आततायी रातहरू
र नौलो सूर्य उदाउँछ बिहानीको
किनकि
मान्छे ब्युँझनु
नयाँ दिन नयाँ सभ्यताको सुरुवात हुनु हो
तर किन हामी निदाइरहन्छौ अझै ?

- भरत रोदन साउद पाखे, *रात ढलेपछि,* ५/५,२०६६

प्रस्तुत कवितांशमा क्रान्तिद्वारा चेतना उद्बुद्ध गराउने सन्दर्भ देखाएर क्रान्ति बिम्ब प्रयोग भएको छ । नौलो सूर्य उदाउनु र मानिस ब्युँझनु क्रान्तिको सङ्केत हो ।

निभेका चुरोटका ठुटाहरू
हेरिरहेछन् आदिम स्मृतिबिम्ब
चुरोटका ठुटाहरू धुवाँका बिम्ब बनेर

नागबेली पार्दै एउटा स्मृति अवशेष छोड्दछन् ।
एस्ट्रेमा पहाड बनेर बसेको खरानीको थुप्रो
एउटा उदास हाँसो हाँस्छ ।
एउटा रुमानी हाँसो हाँस्छ ।

- लक्ष्मणप्रसाद गौतम, *सेतो गुलाफ र एस्ट्रेको खरानी,* ८/१, २०६८

धेरैपटक सपनाको मलामी गएर पनि
मैले देख्न छोडेको छैन सपनाहरू ।
युगौंदेखि सपनाको नेटवर्कमा छु म
कति सपनाहरूलाई मैले सिरक बनाएर ओडेको छु जाडोमा
कति सपनाहरूलाई इच्छित भोजन सम्झेर पकाएको छु भाँडोमा ।

- निमेष निखिल, *सपना : सपनाहरू,* ५/५, २०६६

प्रस्तुत कवितांशमा स्वप्न बिम्बको प्रयोग भएको छ । असफल सपनाका खातहरूलाई ओच्छ्याएर पनि पुनः सपना उत्सव मनाइएको भाव छ ।

कवितालाई थप सुन्दर बनाउन विभिन्न अलङ्कारहरूको प्रयोग गरिन्छ । **माधुरी** पत्रिकामा प्रकाशित कविताहरूमा शब्दद्वारा चमत्कार उत्पन्न हुने अनुप्रास, श्लेष, यमक आदि शब्दालङ्कार तथा अर्थद्वारा चमत्कार उत्पन्न हुने उपमा, रूपक आदि अर्थालङ्कारको प्रयोग गरिएको पाइन्छ । विभिन्न अलङ्कारहरूको प्रयोग भएका केही कवितांशहरू उदाहरणका रूपमा प्रस्तुत गरिएका छन् :

उदाहरण एक

रमाएछ आँखा नयाँ कल्पनामा
रसाएछ छाती नयाँ भावनामा
सधैँ याद आयौ तिमी सम्झनामा
दिलै यो लगाई बसें साधनामा ।

- हुसैन खाँ, *प्रणय अनुराग,* ५/५, २०६६, पृ. ६७

प्रस्तुत कवितांशमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ । यसमा श्लोकको पहिलो र दोस्रो पाउका अन्तिम शब्दमा 'कल्पनामा' र 'भावनामा' तथा तेस्रो र चौथो पाउका अन्तिम शब्द 'कल्पनामा' र 'भावनामा' तथा तेस्रो र चौथो पाउका अन्तिम शब्द 'सम्झनामा' र 'साधनामा' शब्दका स्वर तथा व्यञ्जन वर्णको समान आवृत्तिद्वारा श्रुतिमधुरता उत्पन्न भई अन्त्यानुप्रास अलङ्कार भएको छ ।

उदाहरण दुई

जीवन बूढो धुपी सल्ला
धरातलमा पछारिने
शिरीषको हाँगा लतारिए जस्तै
जिउनुको अर्थ र परिभाषाभित्र
रहरको पोको बोकेर
अरूणको सुसाइ जस्तै
त्यो उराठ जीवन ।

- इन्द्रसुर राई 'बेल्टारे', *जीवनवृत्त,* १०/१०, २०६८, पृ. ४१

उपर्युक्त कवितांशमा उपमा अलङ्कारको प्रयोग भएको छ । यहाँ बूढो धुपी सल्ला, शिरीषको हाँगा, अरूणको सुसाइ आदि उपमान, जीवन उपमेय जस्तै सादृश्यवाचक शब्द र उराठ समान गुण भएको देखाइएको छ ।

उदाहरण तिन

शिर हो सगरमाथा
पाइतालाले नाप्नु छ
तराई हो आँगन
यहाँ विश्वास रोप्नु छ
म नेपाली
मेरो इतिहास नौलो छ ।

- विमला के.सी., *सगरमाथा,* ८/१, २०६८, पृ. ७५

प्रस्तुत कवितामा शिरलाई सगरमाथा र तराईलाई आँगनसँग अभेद देखाइएकोले रूपक अलङ्कारको प्रयोग भएको पाइन्छ ।

दृष्टिबिन्दुका आधारमा पत्रिकाभित्रका कविताहरूलाई केलाउने हो भने प्रस्तुत कविताहरूमा कतै प्रथम पुरुष दृष्टिबिन्दु त कतै तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । 'कविको भावना, अनुभूति, चिन्तन, संवेग आदिलाई अभिव्यक्त गर्ने सूक्ष्म प्रक्रियालाई दृष्टिबिन्दु भनिन्छ ।'[१३] प्रथम पुरुष दृष्टिबिन्दु र तृतीयपुरुष दृष्टिबिन्दु गरी दुई किसिमका दृष्टिबिन्दु रहेका छन् । **माधुरी**मा पनि यी दुबै दृष्टिबिन्दु प्रयोग गरेर कविता, गीत र

[१३] खगेन्द्रप्रसाद लुइटेल र अन्य, **नेपाली कवि र कविता**, पूर्ववत्, पृ. ८ ।

गजलहरू रचिएका छन् । *म अर्थात् गोपालहरू* र *परिचय* जस्ता प्रथम पुरुष दृष्टिबिन्दु र *नारीजनप्रति, साहित्यकी सारथी* जस्ता कविता तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग गरेर लेखिएका छन् ।

### ४.१.४ निष्कर्ष

**माधुरी** पत्रिकामा रहेका अङ्क एकदेखि दससम्मका कवितामा विभिन्न किसिमका भाव र विचारहरू व्यक्त भएका छन् । कुनै कवितामा जातीय संस्कृतिको माध्यमबाट माथि उठी युगीन चेतनाको अभिव्यक्ति दिइएको छ भने कुनैमा युद्ध बोकेर देश चक्रव्यूहमा होमिएको प्रसङ्ग उल्लेख गर्दै प्रजातन्त्रको धराशायी अवस्था देखाइएको छ । शक्तिसम्पन्न राष्ट्रले निर्दोष सामान्य राष्ट्रप्रति गरेको अमानुषिक व्यवहारप्रति प्रायश्चित गर्नुपर्ने र आपसी सद्भाव र समानताको आह्वान गरिएको छ ।

नारीमा हुने हीनताबोध र पुरुषमा हुने उच्चताबोध नै आदर्श समाजको बाधक भएकोले चैतन्यबोधको विकास हुनुपर्ने विचार व्यक्त गरिएको छ । गीत/गजलमा प्रायः जिन्दगीका गीतहरू, प्रणयको उत्कर्ष, निरीहता, प्रणयवेदना तथा प्रणयमूलक भावनाहरू व्यक्त छन् । कवितपय कवितामा राष्ट्रप्रेमको भावना अभिव्यञ्जित छ । मातृभूमिप्रतिको अगाध प्रेमका अभिव्यक्ति पनि छन् । स्वतन्त्रता र क्रान्तिको आह्वान पनि गरिएको छ । केही कविता अनन्त अभिलाषा, जन्मदिनको खुसियाली त कतै असफल सपनाका कुराहरू पनि छन् । स्वार्थबाट माथि उठेर कुर्सीप्रतिको मोह नगरीकन देशको बारेमा चिन्तित बन्नु पर्ने कुराप्रति लक्षित गरिएका कविता पनि धेरै छन् । देशमा लोभी र पापी नेताहरूको कुर्सीप्रतिको मोहले गर्दा निम्तिएका विकृति, विसङ्गति, हत्या र हिंसाप्रति चिन्ता प्रकट गर्दै शान्तिको कामना गरिएको छ । त्यस्तै जनताले शान्तिसँग बाँच्न पाउने अधिकार हनन भएकोले उक्त अधिकार सुरक्षित हुनुपर्ने भावहरू धेरैजसो गीत, गजल र कवितामा व्यक्त भएका छन् । यसरी **माधुरी**का कवितामा विविध भावको अभिव्यक्ति पाइन्छ ।

## ४.२ माधुरी पत्रिकामा प्रकाशित कथा लघुकथाहरूको विश्लेषण

### ४.२.१ विषय प्रवेश

साहित्यका विभिन्न विधाहरूमध्ये कथा आख्यान विधाअन्तर्गत पर्दछ । कथा शब्द 'कथ्' धातुमा 'आ' प्रत्यय लागेर बनेको तत्सम शब्द हो । यसले वर्णन गर्नु वा भन्नु भन्ने

अर्थ बुझाउँछ । 'नेपाली कथाले वि.सं. १९९१ देखि यता वर्तमान समयसम्म झन्डै सात दशक लामो अवधिभित्र आफ्नो विधागत स्वरूप ग्रहण गर्दै गएको देखिन्छ ।'[१४] आधुनिक नेपाली कथालाई वर्तमान स्वरूपसम्म ल्याइपुऱ्याउनका निम्ति सिङ्गो विश्वपरिवेशले पृष्ठभूमिको काम गरेको छ । सर्वप्रथम एडगर एलेन पोले कथाको परिभाषा दिएका छन् । उनका अनुसार कथा भनेको एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो बसाइमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाध्य गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैंमा पूर्ण हुन्छ ।[१५] लक्ष्मीप्रसाद देवकोटाका कथाको परिभाषा अनुसार - 'छोटो किस्सा एउटा सानो आँखीझ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ ... थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो ... यो जत्तिको समाजसुधारक र मनुष्यउपर प्रभावकारी कुरा अरू छँदै छैन कि भन्ने जस्तो लाग्छ । यसैमा सबै रस निकाल्न सकिन्छ ... यसमा कला छ ... यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा छुन्छ' ।[१६] नेपाली साहित्यले आधुनिक कालमा प्रवेश गरेपछि **शारदा, सुन्दरी, माधवी, गोर्खासंसार, गोर्खापत्र** आदि अनेक पत्रिकाले विभिन्न विधासँगै कथा साहित्यको समृद्धिमा विशेष योगदान पुऱ्याउँदै आएका छन् । ती पत्रिकाहरूमध्ये २०६३ सालदेखि प्रकाशित **माधुरी** पत्रिका पनि एक हो ।

**माधुरी** पत्रिकामा ख्यातिप्राप्त कथाकारदेखि नवप्रतिभाहरूका कथाहरू समेतलाई स्थान दिइएको छ । यी कथाहरूमा प्रायः आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको पाइन्छ । यहाँ प्रकाशित कथाहरूको वास्तविक धरातल समाज नै हो । समाजमा भए गरेका र घट्ने घटनालाई विषयवस्तु बनाएर लेखिएका धेरै कथाहरू यसमा समावेश छन् । केही मनोवैज्ञानिक कथाहरू पनि यसमा प्रकाशित भएको पाइन्छ । समाजमा संस्कार र मान्यतामा देखिने विकृति र विसङ्गतिको चित्रण अधिकांश कथामा पाइन्छ ।

## ४.२.२ माधुरी पत्रिकामा प्रकाशित कथा /लघुकथाहरूको विश्लेषण

माधुरी पत्रिकाका एकदेखि दश अङ्कसम्म प्रकाशित कथाहरू विविध विषयवस्तुमा आधारित छन् । तीमध्ये *अविराम फुटेको टाउको र नयाँ नेपाल* (३/३, २०६४) शीर्षकको

---

[१४] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश,** काठमाडौं : साझा प्रकाशन, २०३४, पृ. १३१ ।
[१५] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४, ललितपुर : साझा प्रकाशन, २०५७, पृ. ७ ।
[१६] ऐजन ।

कथामा गणतन्त्र जनताका लागि नाममा मात्रै आएको तर नेताहरू गणतन्त्रको नाममा पदको दुरुपयोग गरेर अकुत धन कमाउन सफल भएको कुरा उल्लेख छ । त्यस्तै अरूणबहादुर खत्री 'नदी' को *निमन्त्रणा* (२/२, २०६३) शीर्षकको लघुकथामा छोरीको बिहे हुँदा उपहारको लोभले सारा मानिस डाक्ने र छोराको बिहेमा भोज खुवाउनु पर्ने हुनाले थोरैलाई बोलाउने हाम्रो समाजको वास्तविकतालाई देखाइएको छ । यसमा आफ्नो बिहेमा कोही साथी नबोलाएको पात्र राजकुमारले बहिनीको बिहेमा सबैलाई आउनुपर्छ भनेको छ । त्यस्तै ओमप्रसाद घायलको *राहत* (२/२, २०६३) शीर्षकको लघुकथामा 'राहत' को नाममा नेताले मोज गरेको, हवाई यातायातको दुरुपयोग गरेको तर बाढीपीडितले कुनै राहत प्राप्त गर्न नसकेको भाव व्यक्त गरिएको छ ।

इन्द्रकुमार विकल्पको *तोकिएको चन्दा* (३/३, २०६४) शीर्षकको लघुकथामा रोगी र गरिबका लागि एक पैसा चन्दा नदिने व्यापारी र उद्योगपति गुन्डाहरूलाई कसरी मोटो रकम  चन्दा दिएर पाल्छन् भन्ने भाव व्यक्त गरिएको छ । त्यस्तै इन्द्रकुमार श्रेष्ठ सरितको *नदीको विशाल छातीमा* (८/४, २०६९) शीर्षकको लघुकथामा मानिसको जीवन छोटो भएको र इच्छाहरू साधैँ अधुरा रहने गरेको भाव व्यक्त गर्दै मानिस सपनाको खात बोकेर मृत्यु वरण गर्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । उनकै *त्यो सन्देश* (१०/३, २०६८) शीर्षकको लघुकथामा सत्ताको चम्चा बनेका गाउँका दलालहरूले प्रजातन्त्रको विरुद्धमा आफूलाई सक्रिय बनाउँछन् भन्ने कुराको अभिव्यक्ति पाइन्छ । यसमा क्रान्तिको बिरुद्धमा उभिएको पात्र ललितेको कर्तुतलाई देखाइएको छ । इन्द्रबहादुर भण्डारीको *विरानो मान्छे* ( ३/३, २०६४) शीर्षकको कथामा समयले बिरानो बनाएको मान्छे पनि मन मुटुमा बसिरहेको हुन्छ र उही मान्छेका कारण कति सुषुप्त सपनाहरूले मूर्त रूप पनि लिन सक्छन् भन्ने भाव व्यक्त गरिएको छ । मानिस टाढा र नजिक आफ्नै कारणले हुन्छ र बिरानो र परिचित पनि स्वभावले नै बनाउँछ भन्ने विचार यस कथामा व्यक्त भएको छ । त्यस्तै इन्द्रमान खत्रीको *हामीलाई भिसा पठाउनु है* (३/३, २०६४) शीर्षकको लघुकथामा देशभित्रै केही गर्न खोज्दा केही नमिलेपछि अन्ततः परदेशको बाटो तताउन बाध्य भएको निराशाको अभिव्यक्ति छ । प्रत्येक नेपाली भिसाको पर्खाइमा बसेर देश छोड्न हतार गरेको भाव प्रस्तुत कथामा व्यक्त भएको छ ।

ऋषिप्रसाद लामिछानेको *कस्तो सपना ?* (३/३, २०६४) शीर्षकको कथामा प्रेमको गहिराइलाई हृदयबाट छाम्ने प्रयास गरिएको छ । आफ्नो इच्छा बेगर बाबुआमाको करकापमा भएको विवाहबाट कोही खुसी हुन नसक्ने र आफ्नो भाग्य रोज्ने अधिकार आफ्नै हुनु पर्ने भाव व्यक्त भएको छ ।

कृष्ण पहारीको *सम्झनाले पोतिएको रात* (३/३, २०६४) शीर्षकको कथामा प्रेयसीको स्मृतिमा पीडादायी बनेको रातको समयको चित्रण गरिएको छ । एकान्त र त्यही एकान्तमा बल्झिएको प्रेयसीको सम्झनालाई शृङ्गारिक रूपमा देखाइएको छ । त्यस्तै कृष्णादेवी शर्माको *भयाक्रान्त मन* (३/३, २०६४) शीर्षकको कथामा जिन्दगीको भयलाई प्रस्तुत गरिएको छ । श्रीमान्‌लाई छाडेर एक्लै कोठामा बस्ने महिला कसरी भयले तानिएका हुन्छन् र जीवन आफ्नो लागि कति जटिल हुन्छ भन्ने कुरा देखाइएको छ । त्यस्तै कृपजको *माछो माछो भ्यागुतो* (३/३, २०६४) शीर्षकको कथामा इतिहास ब्युँझाउन खोज्नेहरूलाई यो असम्भव भएको विचारलाई व्यङ्ग्यात्मक रूपमा व्यक्त गरिएको छ । राजतन्त्र इतिहास भैसकेकोले अब पुनः फर्कन सम्भव नभएको र यही प्रतीक्षामा बस्नेहरूले दुःख पाउने आशय कथामा भेटिन्छ ।

खगेन्द्र गिरी कोपिलाको *भिन्नता* (३/३, २०६४) शीर्षकको कथामा राजनैतिक समस्यालाई प्रस्तुत गर्दै अवसर पाउनेले कसरी रातारात आफूलाई आफ्नै साथीहरूभन्दा भिन्न तुल्याउँछ र आफ्नो विगत बिर्सन्छ भन्ने विषयलाई व्यक्त गरिएको छ ।

गुणराज पौड्यालको *बाले पालेको कुकुर* (१०/३, २०६८) शीर्षकको कथाले बैगुनीलाई गुनले मार्न खोजे पनि असम्भव भएको तथा स्वार्थको लागि आड लाग्न खोज्नेहरू मौका परस्त हुन्छन् र यिनै मौका परस्तहरूले विश्वासको धज्जी उडाएका हुन्छन् भन्ने भाव व्यक्त भएको छ । त्यस्तै गीता लामिछानेको *प्रतिबिम्ब* (१/१, २०६४) शीर्षकको कथामा प्रेमीको प्रतिबिम्ब आफ्नो मानसपटलबाट हट्न नसकेको र संसारको जुनसुकै शक्तिले पनि त्यो हटाउन नसक्ने भाव व्यक्त भएको छ । यसमा प्रेमको शक्तिलाई गम्भीर रूपमा देखाइएको छ ।

ताराप्रसाद पोखरेल 'प्रतीत'को *आवेश* (३/३, २०६४) शीर्षकको कथामा कुलतको परिणामलाई सूक्ष्म रूपमा प्रकट गरिएको छ । रक्सीको नशा र प्रेमपछिको विवाह कालान्तरमा अडिन गाह्रो हुने वस्तु हुन् भन्ने भाव व्यक्त भएको छ ।

दामोदर पुडासैनी किशोरको *जुत्ता* (३/३, २०६४) स्वाभिमान बिक्न नदिने युवापुस्ताको अटल आस्थाको कथा हो । जुत्ताको तलुवा फाट्ने गरी जागिरका लागि दौडिनु परे पनि रत्तिभर विचारको पहाड ढल्न दिनु हुन्न भन्ने भाव यसमा व्यक्त भएको पाइन्छ ।

नवराज दाहाल उत्साहीको *जागिरेको दैनिकी* (३/३, २०६४) शीर्षकको कथामा अभाव र पीडाको आगो भेट्न सकिन्छ । यस कथामा बिहान बेलुकाको छाक टार्न समेत धौधौ हुने जागिरे जीवन फिक्का चिया र उदास सपनाकै वरिपरि घुम्छ भन्ने भाव भेट्न सकिन्छ । त्यस्तै नारायण अधिकारीको *म त थाकि सकें* (३/३, २०६४) शीर्षकको कथामा नाराले देश बन्न नसक्ने र देश बनाउन नेतामा इमान्दारिता चाहिने तर नेताको चरित्र नै ठिक नभएका कारण जनता हैरान भएर थाकेको अभिव्यक्ति छ । त्यस्तै नेत्रलाल पाण्डेयको *नेता र जनता* (३/३, २०६४) शीर्षकको कथामा पनि राजनीतिक विषयलाई नै कथाको आधार बनाएको छ । जनतासँगै हिड्ने नेता आज कसरी एकाएक भिन्न हुन खोज्यो र जनतालाई बिर्सियो भन्ने भाव व्यक्त भएको छ ।

पुष्प अधिकारी अञ्जलीको *जागिरेको विवशता* (३/३, २०६४) शीर्षकको कथामा जागिरे जीवनको पीडालाई मार्मिक रूपमा व्यक्त गरिएको छ । अभावमा बाँच्ने जीवन नै जागिरे जीवन हो भन्ने आशय यस कथामा पाइन्छ । त्यस्तै प्रकाश बरालको *बाध्यताको बिछोड* (३/३, २०६४) शीर्षकको कथामा जातीय विभेदलाई देखाइएको छ । प्रस्तुत कथामा बर्सौंको प्रेम सम्बन्ध पनि अन्तर्जातीय भएका कारण भताभुङ्ग भएको देखाइएको छ । त्यस्तै प्रदीप आँसुको *भत्किएको घर* (३/३, २०६४) शीर्षकको कथामा चित्रकारको पीडादायी जीवनलाई देखाइएको छ । पुराना कुचीहरूले रङ्ग्याउन चित्रमा भत्किएको सपना पटक-पटक कोरिरहेको हुन्छ भनिएको छ । त्यस्तै परशु प्रधानको *सिफारिस* (३/३, २०६४) शीर्षकको कथामा पहाडी गाउँ र त्यहाँका गाउँलेहरूको मानसिकतालाई देखाइएको छ । सधैं अभावसँग खेल्ने गाउँ दुःखी गाउँले बोकेर बाँचेको भाव व्यक्त भएको छ ।

बिमल शर्मा पौडेलको *बजार बन्द* (३/३, २०६४) शीर्षकको कथामा राजनीतिको विषयलाई समातेर नेताहरूको अकर्मण्यता र  अदूरदर्शिताका कारण पटक-पटक बजार बन्द भइरहेको र शासक तथा नेता रमाइलो हेरेर बाँचिरहेको यथार्थलाई प्रस्तुत गरिएको छ ।

भरत विवश पौडेलको *प्रवेश निःशुल्क* (३/३, २०६४) शीर्षकको कथामा कलाकारको जीवन सस्तो भएको र कलाको मूल्य बुझ्न नसकेको समाजको चित्रण पाइन्छ । सधैं निःशुल्क कला प्रदर्शन गरेर कलाकार कसरी बाँच्न सक्छ भन्ने विषयलाई गम्भीर रूपमा देखाइएको छ ।

महेश पौड्याल प्रारम्भको *सुस्मा* (१०/३, २०६९) शीर्षकको कथामा बालमनोविज्ञानलाई प्रस्तुत गर्न खोजिएको छ । यसमा बालकले बाँचेको विशेष प्रकारको वातावरण प्राप्त गर्‍यो भने ऊ जीवनमा अघि बढ्न सक्छ नत्र उसको सिर्जनशीलता समाप्त भएर जान्छ भन्ने भाव व्यक्त भएको छ । त्यस्तै मीन अजिजको डुब्लो सूर्यको पश्चाताप ( ३/३, २०६९) शीर्षकको कथामा जीवनको उथल पुथललाई देखाइएको छ । शरीरको महत्त्वपूर्ण अङ्ग आँखाको अभावमा मानव जीवन भयाभह र पीडादायी बन्ने अनि जीवनको उज्यालो नै आँखा हो भन्ने भाव प्रकट भएको छ ।

राजु पौडेलको *पुनर्मिलन* (१/१, २०६२) शीर्षकको कथामा सानीजस्ता अभावको पहाडमा बाँचेकाहरूको जीवन नारकीय हुने र मालिक, मालिक्नीको कृपामा जे पायो त्यही नै स्वर्गको वस्तु हुने जस्तो भाव प्रकट गरेर मानव जीवनको वर्गीय चरित्र प्रस्तुत गरिएको छ । त्यस्तै रक्ष राईको *भोक र भोकहरू* (१/१, २०६२) शीर्षकको कथामा प्रतीकात्मक रूपमा शारीरिक भोकको कुरा गरिएको छ । यस कथामा भारियाले शारीरिक भोक मेटाउने उपयुक्त प्रेमी नभेटेको र जीवन निरस र उदास भएको भाव व्यक्त गरिएको छ । त्यस्तै उनकै *आत्म भर्त्सना* (२/२, २०६३) शीर्षकको कथामा नारी र पुरुष बिचको रागात्मक प्रेमलाई देखाइएको छ । एउटा पल्टने सिपाही बर्सौंको एक्लो जीवन कसरी दुःखको आँसु खसालेर बाँचेको हुन्छ भन्ने देखाउँदै प्रेयसीसँगको भेटलाई सार्थक जीवनको रूपमा देखाइएको छ ।

रुद्र दुर्लभको *सुखकर* (३/३, २०६४) शीर्षकको कथामा प्रेमको प्रणय भाव व्यक्त गरिएको छ । एउटा युवकले मिठो सपना देखाएर युवतीको मन जितेको र युवतीले सुखको अनुभूति सँगालेको कुरा देखाइएको छ । त्यस्तै रुद्र ज्ञवालीको *रङ्गीन चस्मा* (२/२, २०६३) शीर्षकको कथामा कृत्रिमता र वास्तविकताको भेद देखाइएको छ । रङ्गीन चस्माले मान्छेको मनोवृत्ति नकारात्मक हुने र यथार्थबाट पर पुग्ने कुरालाई देखाइएको छ भने उनकै *नयाँ*

*नेपाल* (३/३, २०६४) शीर्षकको कथामा अतिक्रमणमा परेको नेपाल भूमि र पीडित नेपालीको व्यथालाई देखाइएको छ । विशेष गरी भारतले मिचेका नेपाली भू-भागलाई बेलैमा फिर्ता गर्न नसके भोलिको नेपाल भयाभह हुने भाव व्यक्त छ । त्यस्तै कवि वितृष्णा प्रतिमाको *समयको बदला* (३/३, २०६४) शीर्षकको कथामा नारीप्रतिको नकारात्मक सोच र यही सोचका कारण पत्नीमाथि हुने अत्याचार, शोषण र दमनलाई दोखाइएको छ । त्यस्तै रक्ष राईको *भोक र भोकहरू* (१/१, २०६२) शीर्षकको कथामा यौनको विषयलाई उठाइएको छ र यौन चाहनालाई भोकको रूपमा देखाइएको छ । मानव जीवनमा यौनको विशेष भूमिका हुन्छ भन्ने भाव यसमा पाइन्छ । त्यस्तै उनकै अर्को *आत्म भर्त्सना* (२/२, २०६३) शीर्षकको कथामा पनि यौनभाव भेटिन्छ । यसमा स्त्री पूर्ण हुन नसकेकी र उसलाई प्रकृतिले पूरा गर्न नसकेको भाव भेटिन्छ ।

लक्ष्मणप्रसाद गौतमको *उत्तर आधुनिक प्रेम-२* (३/३, २०६३) शीर्षकको कथामा आजको प्रेमलाई देखाइएको छ । सस्तो र शरीरका लागि गरिने प्रेम आजको उत्तरआधुनिक प्रेम हो भन्ने भाव उनको कथामा भेटिन्छ । उनको यस कथामा प्रेमको सुन्दर परिभाषालाई आजको आधुनिकताले फरक बनाएको देखाइएको छ । त्यस्तै लालचन्द्र राजभण्डारीको *धन्य आमाको माया, धिक्कार छ सुखीहारा बाउ* (३/३, २०६४) शीर्षकको कथामा सन्तानको लागि आमाको माया अपार हुने तर बाबुको खास प्रभाव नरहने कुरालाई देखाइएको छ । पीडामा पनि सन्तानका लागि बाँच्ने आमा र सुखको खोजीमा दौडने बाबुमा ठुलो अन्तर देखाइएको छ ।

वनमाली निराकारको *कुटिल मुस्कान* (३/३, २०६४) शीर्षकको कथामा मौकापरस्त षड्यन्त्रकारीहरू कसरी कुटिल मुस्कान छोड्छन् र कति खतरनाक हुन्छन् भन्ने कुरा प्रस्तुत गरिएको छ ।

शर्मिला खड्काको *यो कुन लीला* (३/३, २०६४) शीर्षकको कथामा मान्छेको नाटकीय प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । खास गरी अभिनय गरेर बाँच्ने बानी परेको मान्छे हरेक पटक अभिनय नै प्रस्तुत गर्छ भन्ने देखाइएको छ । त्यस्तै शान्तिनारायण श्रेष्ठको *रगतको नाता* (३/३, २०६४) शीर्षकको कथामा सम्बन्धलाई सजीव तुल्याउने रगतको नाता कहिल्यै धमिलो नहुने भाव व्यक्त गरिएको छ । सबै सम्बन्धभन्दा रगतको नाता प्रगाढ रहने विचार व्यक्त भएको छ ।

षडानन्द पौड्यालको *सल्लाह* (३/३, २०६४) शीर्षकको कथामा सल्लाहकार गलत परेमा हरेक कार्य चौपट हुने र ठुलो अनिष्ट भोग्नु पर्ने कुरालाई देखाइएको छ । गलत सल्लाह दिने र लिने दुवैको अहित हुने विचार यसमा राखिएको छ ।

सिन्धु गौतमको *सर्टिफिकेट* (२/२, २०६३) शीर्षकको कथामा जीवनमा निकै मिहिनेत गरेर प्राप्त सर्टिफिकेट काम नलाग्दा लज्जित हुनु परेको भावलाई व्यक्त गरिएको छ ।

सरस्वती शर्मा 'जिज्ञासु'को *विक्षिप्तता* (३/३, २०६४) शीर्षकको कथामा युद्धकालीन समयको घाउलाई मार्मिक रूपमा देखाइएको छ । युद्धकै कारण मारिएका कयौं छोराछोरीको सम्झनामा उदास र विक्षिप्त बनेका असङ्ख्य आमाहरूको पीडालाई देखाइएको छ ।

सुभन्तनाथ सुवेदीको *पीडा* (३/३, २०६४) शीर्षकको कथामा जीवनको पीडालाई अभावसँग जोडेर देखाइएको छ । वर्षभरिको लागि पुऱ्याउनु पर्ने अन्न खेतमै सखाप हुँदा किसानको हृदयमा उब्जने पीडाभावलाई देखाइएको छ । त्यस्तै सुमन क्षेत्रीको *भत्किएको सपना* (३/३, २०६४) शीर्षकको कथामा बेरोजगार युवाहरू विदेश भूमिमा कसरी जीवन गुमाउँछन् र सिङ्गो घरपरिवारको सपना कसरी भत्किन्छ भन्ने देखाइएको छ । हेमा कार्कीको *दाइजो प्रथा हटाऔं* (३/३, २०६४) शीर्षकको कथामा नेपाली समाजको कुरीति र आडम्बरलाई देखाइएको छ । दाइजोकै कारण बिग्रिएको घरपरिवार र त्यसले समाजमा पुऱ्याएको असरलाई यस कथामा देखाइएको छ ।

### ४.२.३ कथाको भाषाशैलीको विश्लेषण

एउटा कथाले पूर्णता पाउनको निम्ति कथानक, पात्र, परिवेश उद्देश्य, भाषाशैली, दृष्टिबिन्दु, शीर्षक आदि अवयवहरूको सयोजन हुनु आवश्यक ठानिन्छ । माधुरीमा प्रकाशित कथाहरूको भाषाशैलीको विश्लेषण निम्नानुसार गरिएको छ :

माधुरीमा प्रकाशित कथाहरूको विषयवस्तुमा सामाजिक घटना र प्रणय भावलाई मुख्य रूपमा लिइएको छ । कथानकलाई रोचक बनाउन सहयोग पुऱ्याउने कौतुहल र द्वन्द्वको उचित संयोजनले कथाहरू आकर्षक बनेका छन् । कथावस्तुको प्रस्तुति शैली रैखिक र वृत्ताकारीय गरी दुई प्रकारको हुन्छ ।

माधुरीमा अविरामको *फुटेको टाउको र नयाँ नेपाल* (३/३, २०६४), परशु प्रधानको *सिफारिश* (३।३, २०६४) वृत्ताकारीय ढाँचाको शैलीमा लेखिएका कथा हुन् ।

कथामा कथानकलाई अगाडि बढाउने संवाहकका रूपमा पात्रको आवश्यकता पर्छ पात्रहरूलाई भूमिकाको आधारमा मुख्य, सहायक, गौण, नायक, प्रतिनायक आदि, लैङ्गिक आधारमा पुरुष र नारी पात्र, प्रवृत्तिगत आधारमा अनुकूल र प्रतिकूल पात्र गरी विभिन्न आधारमा वर्गीकरण गरिन्छ । **माधुरी**मा प्रकाशित कथाहरूमा विभिन्न प्रकारका पात्रहरूको प्रयोग भएको छ ।

भरत विवश पौडेलको *प्रवेश निःशुल्क* (३/३, २०६४) सुमन क्षेत्रीको *भत्किएको सपना* (३/३, २०६४) शीर्षकको कथामा आमा र जुनेली प्रमुख पात्र हुन् भने गाउँले र हर्के सहायक पात्र हुन् । त्यस्तै हेमा कार्कीको *दाइजो प्रथा हटाउँ* (३/३, २०६४) कथाको शीला अनुकूल पात्र हो भने सागर प्रतिकूल पात्र हो ।

कथामा आउने घटनाहरू कुनै न कुनै परिवेशमा घटित हुन्छन् । कथाले अबलम्बन गरेको स्थान र समय नै यसका मुख्य परिवेश हुन् । **माधुरी**मा सहरी र ग्रामीण दुवै परिवेशका कथाहरू पाइन्छन् । इन्द्रकुमार 'विकल्पको' *तोकिएको चन्दा* (३/३, २०६४) सहरी परिवेशको कथा हो, भने गोर्खे साँइलोको *कस्तो सपना ?* (३/३, २०६४) कथामा ग्रामीण परिवेशको चित्रण गरिएको छ । कथा कुनै न कुनै उद्देश्य राखेर लेखिन्छन् । **माधुरी**का कथाहरू पनि विभिन्न उद्देश्य राखेर लेखिएको छन् । विभिन्न प्रकारका शोषणबाट अन्त्यको चाहना, प्रहरी प्रशासनद्वारा गरिएको दमनको विरोध, लैङ्गिक असमानता तथा छुवाछुत र रुढिवादी सोचको अन्त्य र प्रगतिशील भावना तथा यथार्थ पक्षको उद्घाटन गर्नु नै कथाहरूको उद्देश्य रहेको पाइन्छ ।

**माधुरी**का कथाहरू सरल तथा सहज भाषाशैली प्रयोग गरी लेखिएका छन् । तत्सम, तद्भव र आगन्तुक शब्द तथा यथोचित मात्रामा उखान र टुक्काको प्रयोगद्वारा भाषा जीवन्त बनेको छ । भर्सेला पर्नु, खुट्टा तान्नु, पाखुरा सुर्कनु, दुईहात जोड्नु, आदि टुक्काहरू, वनको वाघले खानु कता कता मनको बाघले खानु, ढुङ्गाको भर माटो माटोका भर ढुङ्गो, मारे पाप पाले पुण्य, जस्ता उखानहरू **माधुरी**का कथाहरूमा प्रयोग भएका छन् । त्यस्तै कथाहरूमा जुरुक्क, भ्रटाभ्रट, परर, गर्ल्यामगुर्लुम्मै, मुसुक्क जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग भएकाले संवादहरू जीवन्त बनेका छन् । त्यस्तै सरल र जटिल दुवै

प्रकारका वाक्यहरूको प्रयोग कथामा गरिएको छ। कथ्य तथा लेख्य दुबै भाषाको स्वाभाविक प्रयोग भएको छ । प्रचलित मान्यता विपरीत, वर्णविन्यासको अशुद्ध रूपको प्रयोग ठाउँठाउँमा पाइने हुँदा त्यसतर्फ भने रचनाकार र सम्पादकको ध्यान पुगेको देखिँदैन ।

कथाको प्रस्तुति शैलीलाई दृष्टिबिन्दु भनिन्छ । यो आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ **माधुरी**का कथाहरूमा आन्तरिक र बाह्य दुबै दृष्टिबिन्दुको प्रयोग भएको छ। नवराज दाहालको **जागिरेको दैनिकी** (३/३, २०६४) आन्तरिक दृष्टिबिन्दुमा लेखिएको कथा हो भने गीता लामिछानेको 'प्रतिबिम्ब' (१/१, २०६४) बाह्य दृष्टिबिन्दु प्रयोग गरी लेखिएको कथा हो ।

## ४.२.४ निष्कर्ष

**माधुरी** पत्रिकामा प्रकाशित अधिकांश कथा र लघुकथामा पद र सत्ताको लोभमा आजको मान्छे जे पनि गर्न सक्छ। जो भ्रष्ट र घुसखोर छ, त्यही नै नैतिकवान्, क्रान्तिकारी, त्यागी र बलिदानी बन्ने गरेको आजको यथार्थ परिपाटीलाई छर्लङ्ग्याइएको छ । त्यस्तै कानुनी कारवाही गर्न खटिएका व्यक्ति स्वयम्मा भ्रष्ट भएको कुरा उल्लेख गरिएको छ । राष्ट्रनिर्माणको गहन अभिभारा लिई जनतालाई गरिबीको खाडलबाट मुक्ति दिलाउने सङ्कल्प बोकेका नेताहरूको कृतघ्न व्यवहार र प्रतिशोध लिने निकृष्ट चरित्रप्रति व्यङ्ग्य पनि गरिएको छ । बौद्धिक व्यक्तिभन्दा मन्दबुद्धि भएकाले देश चलाउँदा देश दुर्गतितिर गएको कुरा देखाइएको छ । यस पत्रिकाका केही कथामा जागिर खान नसकेर आफ्नो परिबारबाट र उसको आफ्नै मानसिकताबाट विरक्तिएर व्यक्ति कोठामा सीमित भएको कुरालाई पनि देखाइएको छ । असल व्यक्ति तर अलि पीडित अर्थात् बेरोजगारलाई अभिभावकदेखि अन्यले हेर्ने दृष्टिकोणका साथै सहरमुखी बन्ने आजको प्रवृत्तिप्रति लक्षित कथाहरू पनि रहेका छन्। बेरोजगारको समस्या एकातिर छ भने अर्कातिर तरल भावनामा बगेर आफूलाई मेटाई अरूलाई सहयोग गर्नमा अत्यधिक खुसी हुने लेखक आफन्तहरू छिमेकीहरू, हाकिमहरू आदिबाट ठगिएर आर्थिक दृष्टिले कमजोर भएका छन्। लेखक एक्लो भएको पीडा सहेर जिउनुपर्ने आजको अवस्थाप्रति लक्षित गरी लेखिएका कथाहरू पनि यस पत्रिकामा छन् । त्यस्तै सामान्य लेखक आफैले लेखिदिएको भाषण नेताले रेडियोमा पढेको सुन्दा प्रसन्न भएको कुरा पनि व्यक्त गरिएको छ । यी सबै **माधुरी** पत्रिकामा प्रकाशित कथाहरूका घटना र विषयवस्तु हुन् ।

नारीको छुट्टै अस्तित्व नभएकोले अरूको सहाराले परिचित हुनुपर्ने सामाजिक मर्यादाको खोलभित्र नारीवर्गले भोग्नु परेका पीडाको रहस्योद्घाटन गर्दै अन्यायको पराकाष्ठाले नारी विद्रोही बन्न सक्ने देखाइएको छ । विवाह बन्धन जस्तो सांस्कारिक कर्म गरिसकेपछि पति-पत्नीमा धोकाको भाव रहनुहुन्न भन्ने भाव तथा कुरूपताका कारणले कुनै नारीलाई सुरक्षाभन्दा असुरक्षा हुने जस्ता यौन मनोवैज्ञानिक कथाहरू पनि रहेका छन् । पैसावाल मान्छेहरूको गरिबप्रतिको सोचाइ/दृष्टिकोण पनि दोखाइएको छ र व्यापारीहरू भौतिक दृष्टिले सुखपूर्ण भएपछि परिवार सन्तुष्ट हुन्छ भन्ने ठान्छन् तर शरीरको प्रज्वलित तृष्णालाई आदर्शको खोक्रो सिद्धान्तले तृप्त पार्न नसक्ने भाव यसभित्रका कथामा आएका छन् । नागरिकमा अनमेल, निराशा, पलायनवादी सोच, सामूहिक चेतनाको कमी, खुट्टा तान्ने, काटमार गर्ने, द्वन्द्व गर्ने, कुरा काट्ने, ईर्ष्या गर्ने बानी आदि समसामयिक विकृति र विसङ्गतिलाई समेटिएका कथाहरू पनि **माधुरी**मा रहेका छन् । यसप्रकार **माधुरी**मा प्रकाशित सबै कथा लघुकथाहरू युग-जीवनको अभिव्यक्तिका दृष्टिले प्रभावपूर्ण छन् ।

## ४.३ माधुरी पत्रिकामा प्रकाशित लेख/निबन्धहरूको विश्लेषण

### ४.३.१ विषयप्रवेश

निबन्ध गद्यमा लेखिएको लघु आकारको साहित्यिक विधा हो । निबन्धमा कुनै निश्चित विषयमा केन्द्रित रही लेखकका अनुभवहरूको नालीबेली स्वतन्त्र रूपले प्रस्तुत गरिएको हुन्छ । निबन्धमा लेखक शीर्षकको सीमित घेराभित्र आबद्ध रही आफ्ना असीमित विचारहरू व्यक्त गर्न सक्दछ । निबन्ध 'बन्ध्' धातुमा 'नि' उपसर्ग तथा 'धञ्' प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द हो । सर्वप्रथम फ्रान्सेली साहित्यकार मिचेल डी. मोन्तेनद्वारा निबन्धको विन्यास भएको हो । उनका अनुसार 'निबन्ध स्रष्टाको विशेष मनोदशामा सृजना हुने सङ्क्षिप्त आयतनको कृति हो । यो अपूर्ण र पूर्णताको सङ्गमबिन्दुमा टिकेको हुन्छ अर्थात् अपूर्णतामा पूर्णताको अन्वेषण गर्न प्रयत्न गरिने रचना हो । सूक्ष्म आयतनमा विराटता प्रतिबिम्बित गर्ने रचना विधा हो' ।[१७] लक्ष्मीप्रसाद देवकोटाले निबन्धलाई यसरी परिभाषित गरेका छन् - 'यो रौंचिरा दर्शन होइन, न हो पाण्डित्य दर्शनको ठ्यासफू । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरुरत छैन । यो एक धूर्त, बदमास ठिटो हो - जो

[१७] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध** भाग-३, काठमाडौं : पाठ्यसामग्री पसल, २०५६, पृ. १ ।

सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतैकतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन । ... यो (निबन्ध) टेबिल गफ मात्र हो शास्त्र होइन । यो एउटा फुर्सदको मनोरञ्जन हो । ... यहाँ एउटा रसिलो, हँसिलो, गफाडी, चुट्किलो कुराकानी हो, जसको नाम प्रबन्ध (निबन्ध) हो ।'[१८] निबन्धलाई बौद्धिक कसरतका रूपमा पनि लिइन्छ । निबन्ध दिमागले लेखिन्छ र दिमागले नै पढिन्छ भन्ने गरिएको पाइन्छ ।

निबन्ध आत्मपरक र वस्तुपरक गरी दुई प्रकारका हुन्छन् । आत्मपरक निबन्धअन्तर्गत विचारात्मक, भावात्मक, वैयक्तिक निबन्ध पर्छन् भने र वस्तुपरक अन्तर्गत वर्णनात्मक र विवरणात्मक गरी दुई किसिमका निबन्धलाई राख्ने गरिएको छ । वर्णनात्मक निबन्ध अन्तर्गत प्रलेख, लेख, जीवनी, यात्राविवरण, शोधलेख, शोधप्रबन्ध, भूमिका आदि प्रशाखा पर्छन् । 'निबन्धमा विषयको बन्धन नरहने हुँदा लेखकले जुनसुकै विधालाई टिपेर पनि त्यसप्रतिको आत्मप्रतिपादनको एउटा सशक्त माध्यम रहिआएको निबन्ध साहित्यको पुरानो र प्रमुख विधा हो ।'[१९] वास्तवमा निबन्ध भन्नु नै विचार र कलाको सुन्दर संयोजन हो । विचार र कलामध्ये कुनै एकको अभावमा निबन्धको पूरै सौन्दर्य झल्किन पाउँदैन ।

विषय, शैली तथा प्रस्तुति र उद्देश्यका विविधताले गर्दा निबन्धका वर्णनात्मक, निजात्मक, विचारात्मक आदि विभिन्न रुपहरु देखापरेका छन् । यस पत्रिकाको प्रकाशनले यी सबै खाले निबन्धहरूको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

## ४.३.२ माधुरी पत्रिकामा प्रकाशित लेख/निबन्ध/संस्मरण/विचारहरूको विश्लेषण

**माधुरी**का विभिन्न अङ्कमा विभिन्न भावभूमि भएका विविध किसिमका लेख निबन्ध छन् । तीमध्ये कृष्ण धरावासीद्वारा लिखित *आजको सन्दर्भः लेखकलाई चुनौती* (९/८, २०७१) लेखमा सामान्य र परम्परागत रूपबाट लेखेर आजका लेखक बाँच्न नसक्ने कुरा उल्लेख छ र अबका पुस्ताले नवीन विषयको छनोट गरेर मौलिक बिम्बको प्रयोग गर्न आवश्यक भएको कुरा उल्लेख छ । त्यस्तै खगेन्द्र गिरि 'कोपिला'द्वारा लिखित *पराय भूमिमा* (८/१, २०६८) शीर्षकको संस्मरण स्वाभिमानी नेपाली पराइ भूमिमा गौरव गरेर रमाउन सक्दैन र मान्छेको जीवन बाँच्नका लागि नभएर कडा परिश्रम गर्न, स्वाभिमानी बन्न अनि

[१८] ऐजन ।
[१९] ऐजन, पृ. १० ।

लक्ष्यप्राप्तिको लागि सङ्घर्ष गरेर बाँच्नका लागि हो भन्ने मान्यताबाट प्रभावित देखिन्छ । त्यस्तै दामोदर पुडासैनी किशोरको *फूलमाथि आगोमा उभिनेहरू* (८/४, २०६९) शीर्षकको निबन्धमा जीवनको भोगाइलाई व्यक्त गरिएको छ । यसमा मान्छे फूलमाथि टेकेर उभिएपछि सिङ्गो संसारलाई नै फूलमय देख्छ तर आगोमा टेक्नेले जीवनको सौन्दर्य गुमाउँछ । मान्छेले आगोमा टेकेर उभिँदा विदेशी भूमिमा पटकपटक नेपाल सम्झन बाध्य भएको भाव व्यक्त गरिएको छ । त्यस्तै धनञ्जय शर्मा अधिकारीको *असल नागरिक* (९/२, २०७१) शीर्षकको लेखमा मानिस मनदेखि नै असल भाव राखे मात्र असल बन्न सक्छ भन्ने भाव व्यक्त गरिएको छ ।

पवन आलोकको *भुट्टोको देशमा* (९/२, २०७१) शीर्षकको नियात्रामा भुट्टोले स्वतन्त्रताको लागि पुऱ्याएको योगदान र पाकिस्तानले भुट्टोलाई गर्ने सम्मानको भाव व्यक्त गरिएको छ । पाकिस्तानको यात्राभरि भुट्टोको सम्झनाले नछोडेको अनि त्यहाँका भवन, सहर र सभ्यताले नेपालको विकासलाई गिज्याएको भाव व्यक्त गरिएको छ ।

विमलप्रकाश देवकोटाको *हाइकु र हाइकुको स्वरूप* (२/२, २०६३) शीर्षकको लेखमा हाइकु जापानबाट आयातित भएको र यसमा 'पाँच सात पाँच'को सूत्रमा अक्षरहरू मिलाएर लेखिनु पर्ने तथा यो नेपाली साहित्यको आफ्नो मौलिक विधा नभएको भाव अभिव्यक्त गरिएको छ । त्यस्तै विमल पौड्यालको *बाबालाई सम्झँदा* (२/२, २०६३) शीर्षकको संस्मरणमा बाबाले कमाएको ख्याति, मान, सम्मान, तथा पिताको विद्वता र मिजासिलोपनको बारेमा चर्चा गरिएको छ । बाबाको महत्त्व र बाबाको  गुणले आफूलाई ठुलो प्रभाव पारेको भाव समेत यस संस्मरणमा व्यक्त गरिएको छ ।

यदुनाथ रेग्मीको *मोदी बेनी धामको धार्मिक महत्त्व* (९/२, २०७१) शीर्षकको लेखमा कुस्मा, पर्वतको सङ्गमस्थल मोदीबेनीको महत्त्व र प्राकृतिक सौन्दर्यको चर्चा गरिएको छ । माघेसङ्क्रान्तिमा ठुलो मेला लाग्ने यो पवित्रधाम पापमोचनको द्वार हो भन्ने भाव व्यक्त भएको छ ।

राजेन्द्र पहाडीको *महिला तथा बालबालिका* (८/४, २०६८) शीर्षकको लेखमा समाजमा महिलाको स्थान र उनीहरूप्रति समाजले गरेको भेदभाव आदिलाई देखाइएको छ । त्यस्तै समाजमा महिलाको स्थान राम्रो नबने र वालबालिकाले उचित माया नपाए समाज आदर्श बन्न नसक्ने भाव व्यक्त गरिएको छ ।

सरस्वती शर्मा 'जिज्ञासु को' *बि.पी. एक : व्यक्तित्व अनेक* (८/१, २०६८) शीर्षकको लेखमा बि.पी.को बहुआयामिक व्यक्तित्वको बारेमा विशेष चर्चा गरिएको छ । वि.पी. को राजनीतिक जीवनको पाटो र साहित्यिक जीवनको पाटो अलग-अलग भएको तथा उनी विशेष प्रतिभाशाली हुनुका साथै हरेक क्षेत्रमा अब्बल रहेको भाव व्यक्त गरिएको छ । त्यस्तै सरस्वती खड्काको *दशैं विशेष-आफ्नै कथा आफ्नै व्यथा* (२/२, २०६३) शीर्षकको लेखमा दसैं कतिलाई दसैं नै बनेर आउने र कतिलाई दशा बनेर आउने भाव व्यक्त गरिएको छ । अभाव र व्यथा बोकेर आउने दसैं दशा हुने अनि सबै कुरा पुगेका मान्छेलाई मात्र यो रमाइलो बन्ने तर अभावमा बाँचेकाहरूको लागि यो चहऱ्याउने घाउ बन्ने भन्ने भाव व्यक्त गरिएको छ ।

सूर्यप्रसाद ढकालको *हाम्रो परिस्थिति* (९/२, २०७१) शीर्षकको निबन्धमा आज प्रत्येक मानिस सुखी र खुसी हुन चाहन्छ र आफ्नो परिवारलाई पनि सुखी र खुसी बनाउन चाहन्छ भन्ने भाव व्यक्त गरिएको छ । स्वास्थ्य महत्त्वपूर्ण कुरा भएको र त्यसका लागि सामाजिक जीवनशैली पनि राम्रो भए मात्र मानिसको आदर्श चुलिने भाव व्यक्त गरिएको छ ।

### ४.३.३ निबन्धको भाषाशैलीको विश्लेषण

माधुरी पत्रिकामा लेखकका निजी विचार र अनुभवहरूको भावनात्मक प्रस्तुति भएका निबन्धहरू छन् । यस किसिमका निबन्धहरूलाई निजात्मक तथा आत्मपरक निबन्ध भनिन्छ । दामोदर पुडासैनी 'किशोर' को *फूलमाथि आगोमा उभिनेहरू,* खगेन्द्र गिरि 'कोपिला'को *पराय भूमिमा,* पवन आलोकको *भुट्टोको देशमा* जस्ता निबन्धहरू आत्मपरक छन् । कृष्ण धरावासीको *आजको सन्दर्भ : लेखकलाई चुनौति* ज्यादै जटिल भाषाशैलीको प्रयोग गरेर लेखिएको लेख हो । यस पत्रिकामा वस्तुपरक निबन्ध तथा लेखहरू पनि छन् । यस पत्रिकामा यात्रा विवरणात्मक निबन्धहरू पनि छन् । जस्तै *भुट्टोको देशमा, फुलमाथि उभिनेहरू,* सरस्वती शर्मा 'जिज्ञासु'को *वि.पी. एक : व्यक्तित्व अनेक* जस्ता लेखहरू पनि छन् । त्यस्तै विचारहरू प्रकट भएको कृष्ण धरावासीको *आजको सन्दर्भ : लेखहरूलाई चुनौती* जस्ता लेखहरू पनि प्रकाशित छन् । यसरी हेर्दा **माधुरी** पत्रिकाले समसामयिक क्षेत्रमा देखापरेका सबै खालका लेख तथा निबन्धहरूको विकासमा योगदान पुऱ्याउँदै आएको

देखिन्छ । भाषाशैलीका दृष्टिले **माधुरी**का प्रायः सबै निबन्धहरू कलात्मक, आकर्षक, सुन्दर प्रभावकारी र निजात्मक छन् । केही लेख तथा निबन्धमा बौद्धिक शैली पनि पाइन्छ ।

## ४.३.४ निष्कर्ष

नेपाली भाषा, राजनैतिक तथा सांस्कृतिक परिवेश अनुसार निर्मित नेपाली प्राचीन परम्परा नै नेपाली निबन्धको पृष्ठभूमि हो । सामाजिक बनोट अनुरूप विभिन्न समयमा आएको परिवर्तनको प्रभाव नेपाली निबन्धमा परेको देखिन्छ ।[२०] **माधुरी** पत्रिकामा रहेको निबन्धमा पनि समसामयिकताको प्रभाव परेको देखिन्छ । राष्ट्रिय ख्यातिप्राप्त लेखकदेखि लिएर नव प्रतिभालाई समेत यस पत्रिकाले स्थान दिएको देखिन्छ । लेखकीय बौद्धिकताले पूर्ण निबन्धहरूदेखि लिएर संवेदनात्मक भावपरक निबन्धहरू पनि यसमा छन् । राष्ट्रिय ख्यातिप्राप्त कृष्ण धरावासी तथा दामोदर पुडासैनी किशोरका लेख तथा निबन्धहरू पनि यसमा छापिएका छन् । यसमा भएका निबन्धमा समाजमा भए गरेका तथा घट्ने घटनालाई यथार्थपरक ढङ्गमा व्यक्त गरिएको छ ।

**माधुरी** पत्रिकाका निबन्धमा साहित्यिक स्रष्टाहरूलाई क्रियाशील बनाउन साहित्यिक सङ्घसंस्थाको अहम् भूमिका रहने कुरा उल्लेख गरिएको छ । बिनाअध्ययन लेखन अधुरो हुने कुरा व्यक्त गर्दै शुभकामना दिन सजिलो तर शुभेच्छा र सदाशय प्राप्त गर्न गाह्रो अहिलेको विषम अवस्थाको चित्रण गरिएको छ । कुनै निबन्धमा विदेशी सामानहरूको विज्ञापन गर्ने वर्तमान नेपाली संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ भने कुनै-कुनैमा प्राकृतिक स्वच्छता, हिमाली उच्चता र यहाँ पाइने जडीबुटी आदिको बारेमा उल्लेख गरिएको छ ।

कुनै पर्वत जिल्लाको प्राकृतिक सौन्दर्यको वर्णन गर्दै त्यहाँको सम्पदा, भौगोलिक बनावट र धार्मिक-सामाजिक पक्षको उल्लेख गरिएको परिचयात्मक लेख पनि छन् । केही निबन्ध सत्ताकाङ्क्षीहरूको सपनाहरूले गर्दा आज हाम्रो देशका मान्छेमा संवेदना र मानवताशून्य अवस्थाको सिर्जना भएको कुरा व्यक्त गरिएको छ । समग्रमा भन्नु पर्दा **माधुरी**मा प्रकाशित निबन्धहरूले नेपाली साहित्यको निबन्धका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको देखिन्छ ।

---

[२०] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पूर्ववत्, पृ. १३० ।

## ४.४ माधुरी पत्रिकामा प्रकाशित समालोचना विधाको विश्लेषण

### ४.४.१ विषय प्रवेश

साहित्यमा कुनै कृति पढेर हरेक पक्षबाट गुण र दोषको राम्रो विवेचना गर्नु र त्यसका सम्बन्धमा आफ्नो रायसमेत प्रकट गर्नुलाई समालोचना भनिन्छ । समालोचना, आलोचना र समीक्षा लगभग एउटै अर्थका शब्द हुन् । 'लोच्' धातुमा 'आ' उपसर्ग र 'ल्युट्' (अन) प्रत्यय लागेपछि स्त्रीलिङ्गमा टाप् (आ) प्रत्यय जोडिँदा आलोचना र त्यसमा 'सम्' उपसर्ग थपिँदा समालोचना शब्द बन्छ ।[२१] समालोचना शब्दको अर्थ कुनै पनि विषयको गुण र दोषको निष्पक्ष विवेचना गर्नु, आलोचना गर्नु, समीक्षा गर्नु हुन्छ ।[२२] साहित्यका विविध विधाहरूलाई नापतौल एवम् व्याख्या विश्लेषण र मूल्याङ्कन गर्ने समालोचना स्वयम् पनि साहित्यको एक प्रमुख विधा हो ।[२३] समालोचनाले कुनै साहित्यिक कृतिमा के-कति स्वायत्तता छ, स्वनिष्ठता छ, केकति सङ्गति-विसङ्गति छ अनि के-कति प्रयोजनको प्रतिफल भएको छ भन्ने बताउँछ । समालोचनामा कृतिको व्याख्या र मूल्याङ्कनपरक हुँदा यी दुवैमा सन्तुलन स्थापित हुन्छ ।[२४] साहित्यिक कृति वा रचनाको आ-आफ्नै किसिमको मूल्य हुन्छ । समालोचनाले साहित्यिक कृतिमा गुण र दोषहरू केलाएर वास्तविक मूल्य निर्धारण गर्ने कार्य गर्दछ । समालोचनामा सबल पक्ष मात्र नरहेर सबल र दुर्बल दुबै पक्षको निष्पक्ष मूल्याङ्कन गर्नुपर्छ । साहित्यकारका कृतिको सहृदयतापूर्वक गरिने व्याख्या र पूर्वाग्रहविहीन भएर त्यसबारे गरिने निर्णय हो ।[२५] समालोचनालाई सैद्धान्तिक र व्यावहारिक गरी दुई तरिकाबाट वर्गीकरण गरिएको छ ।

साहित्यिक पत्रिकामा राखिने विभिन्न स्तम्भहरूमध्ये समालोचना पनि एक हो । विवेच्य **माधुरी** पत्रिकामा समालोचनालाई विशेष महत्त्व दिइएको छ । यसमा रहेका समालोचनात्मक लेखहरूको योगदान विशेष महत्त्वको रहेको छ र यस पत्रिकाका समालोचनाहरू प्रायः अनुसन्धानात्मक भएकाले ती बौद्धिक वर्ग तथा अनुसन्धानकर्तालाई विशेष सहयोग हुने खालका देखिन्छन् ।

---

[२१] घनश्याम कँडेल, **नेपाली समालोचना,** ललितपुर : साझा प्रकाशन, २०५५, पृ. क ।
[२२] रामचन्द्र ढुङ्गाना, **सङ्क्षिप्त नेपालीकोश,** ललितपुर : साझा प्रकाशन, २०५७, पृ. ५११ ।
[२३] मुक्तराज उपाध्याय, **नेपाली साहित्यमा 'अभिव्यक्ति' पत्रिकाको योगदान,** पूर्ववत्, पृ. ४१ ।
[२४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पूर्वपत्, पृ. १५७ ।
[२५] घनश्याम कँडेल, **नेपाली समालोचना,** पूर्ववत्, पृ. ग ।

**माधुरी** साहित्य प्रतिष्ठानको मुखपत्रका रूपमा हेर्दा यस पत्रिकाले नेपाली साहित्यमा समालोचनात्मक सामग्रीहरू प्रकाशित गरेर नेपाली समालोचनाको उन्नतिमा महत्त्वपूर्ण योगदान दिएको छ । यहाँ विभिन्न समालोचनाका नौओटा समालोचनात्मक लेखहरू छन् । तीमध्ये कृतिपरक विश्लेषण गरिएका चारओटा र अरु सैद्धान्तिक विश्लेषण गरिएका लेखहरू रहेका छन् । यसमा पुस्तक परिचय, पुस्तक समीक्षा, समीक्षात्मक लेख र सामान्य समालोचनात्मक लेखहरू पनि रहेका छन् । यस **माधुरी** पत्रिकाका विभिन्न अङ्कहरूमा अन्य रचनाका तुलनामा समालोचनात्मक लेखहरू निकै कम समावेश गरिएका भए पनि गुणात्मक दृष्टिले ती सबैको योगदान विशेष महत्त्वको देखिन्छ ।

## ४.४.२ माधुरी पत्रिकामा प्रकाशित समालोचनाहरूको विश्लेषण

**माधुरी** पत्रिकाका विभिन्न अङ्कमा विविध प्रकारका समालोचनात्मक लेखहरू रहेका छन् । विशेष गरेर सैद्धान्तिक र कृतिपरक समालोचना यसमा भेटिन्छन् । इन्द्रकुमार विकल्पको *पर्वत जिल्लाको सङ्क्षिप्त साहित्यिक इतिहास* ( १/१, २०६२) शीर्षकको लेख समग्र पर्वत जिल्लाको साहित्यिक यात्रा कसरी सुरु भयो र ककसको रचना के कसरी छापिए तथा साहित्यिक संस्थाको स्थापना के-कसरी हुँदै गयो भन्ने विशेष अनुसन्धानमूलक लेख बन्न पुगेको छ ।

केशवराज आमोदीको *गोर्खेको मुस्कान र बहरको चर्चा* (२/२, २०६३) शीर्षकको लेखमा गजलको आयाम, स्वरूप र तत्त्वका बारेमा चर्चा गर्दै गोर्खेको मुस्कान गजल सङ्ग्रहको विश्लेषण गरिएको छ । यसमा नेपाली गजल साहित्यका आदि गजलकार मोतीराम भट्ट भीमनिधि तिवारी, उपेन्द्रबहादुर जिगर आदिका गजलहरू बहरबद्ध भएको कारण वर्तमानमा लेखिने गजललाई पनि बहरमा नै ढालिनु पर्ने धारणा व्यक्त गरिएको छ ।

दीपकप्रसाद गौतमको *वस्तु सन्दर्भका दृष्टिले सरस्वती शर्मा जिज्ञासुको गजलकारिता* (२/२, २०६३) शीर्षक लेखमा कृतिको सेरोफेरोमा रहेर वस्तुपरक समीक्षा गरिएको छ । स्वच्छन्दतावादी, मानवतावादी र सुधारवादी स्वर व्यक्त गरिएको *हुस्सुभित्र हराएको घाम*का अधिंकाश रचनाहरू शाश्वत अनुभूतिलाई लयात्मक शिल्पमा लेखिएको कुरा उल्लेख छ ।

नगेन्द्रराज उत्साहीको *सन्दर्भ माधुरीको चासो नारी प्रतिभाको* (२/२, २०६३) शीर्षक लेखमा पर्वतको साहित्यिक गतिविधिमा **माधुरी** पत्रिकाको उच्च स्थान रहेको र प्रस्तुत पत्रिकाको सम्पादक सरस्वती शर्मा जिज्ञासुको योगदानको व्यक्तिपरक समालोचना गरिएको छ । स्थानीय रूपमा लुकेर रहेका प्रतिभाहरूलाई **माधुरी**ले बाहिर उजागर गरेको तथ्यलाई व्यक्त गरिएको छ ।

नेत्र सुवेदी प्रयासको *समकालीन नेपाली समाजको बेजोड चित्रण बेलुराम खण्डकाव्य* (८/१,५६) शीर्षकको समीक्षामा बेलुराम खण्डकाव्यको कृतिपरक समीक्षा गरिएको छ । शार्दूलविक्रीडित छन्दमा रचित बेलुराम खण्डकाव्यले वर्तमान नेपाली समाजमा परेको समस्याको गम्भीरता र चोटलाई करुण रसमा अभिव्यक्त गरेको छ । भगवती पाण्डे 'आशा'को *समालोचना* (९/२, २०६८) शीर्षकको लेखमा माधुरी साहित्य प्रतिष्ठान कुस्मा पर्वतद्वारा प्रकाशित **माधुरी** मुक्तक विशेषाङ्कको समीक्षा गरिएको छ । यस अङ्कमा प्रकाशित अधिकांश मुक्तकहरूमा द्वन्द्वले पीडित मुलुकको अवस्थाको चित्रण गरिएको कुरा उल्लेख छ । यसमा बिसजना नारी हस्ताक्षरका मुक्तकलाई समावेश गरिएको र उनीहरूका मुक्तकमा नारी अस्मिताको सुरक्षा, नारी जागृति लगायत जीवन जगत्प्रतिको आत्मधारणा जस्ता विविध विषयमा मुक्तक सिर्जना गरिएको कुरा उल्लेख छ ।

भावना शर्माको *एकजोर फूल घोडा* (१/१, २०६२) शीर्षकको समीक्षामा इन्द्रकुमार श्रेष्ठ 'सरितका' कथाहरूको कृतिपरक समीक्षा गरिएको छ । देशबाहिर पनि प्रवासी र देशभित्र पनि प्रवासी भएर बाँच्नु पर्दाको राष्ट्रिय पीडालाई अघि सार्दै दुःख र सङ्घर्षका कथाहरूलाई व्यक्त गरिएको छ । समकालीन कथाहरूको भिडमा पृथक् अस्तित्व बोकेर हिँडेका सरित मूलतः सामाजिक यथार्थवादी कथाकार भएको कुरा उल्लेख गरिएको छ ।

राजेन्द्र पहाडीको मुक्तक विशेषाङ्कको *खस्रो मसिनो* (८/१, २०६८) शीर्षकको समालोचनामा **माधुरी** पत्रिकाको मुक्तक विशेषाङ्कको समालोचना गरिएको छ । धेरैजसो मुक्तकहरूमा समयमा संविधान नबनेकोमा चिन्ता गरेको र नेताहरूको उछितो काडेको कुरालाई उल्लेख गरिएको छ । कतिपय मुक्तकले 'सर्वे भवन्तु सुखिन'को आदर्शलाई उजिल्याएको र कतिपयले बिग्रँदो राजनीतिका आर्थिक संस्कारको विपक्षमा हुँकार छेडेको कुरालाई उल्लेख गरिएको छ ।

विमलप्रकाश देवकोटाको *नेपाली गजल साहित्यमा सम्मोहनको प्रवाह* (१/१, २०६२) शीर्षकको लेखमा सम्मोहन गजल सङ्ग्रहको कृतिपरक समीक्षा गरिएको छ । यसमा विशेषतः शृङ्गारिक तथा राष्ट्रिय चिन्ताको विषयमा लेखिएका गजलहरू शास्त्रीय बहरमा आधारित भएको र आफ्ना उनान्असीओटै गजलमा तखुल्लसको प्रयोग गरेर नवीन परिचय दिन खोजेको कुरा व्यक्त गरिएको छ ।

### ४.२.३ निष्कर्ष

समालोचनात्मक लेखहरूको प्रकाशनका दृष्टिले **माधुरी** पत्रिका विशेष उल्लेखनीय छ र यस पत्रिकामा सैद्धान्तिक र नवीन किसिमका समालोचना रहेका छन् । वरिष्ठ समालोचक लगायत उदीयमान समालोचकहरूका समालोचनात्मक सामग्रीहरूलाई पनि यस पत्रिकाले उत्तिकै स्थान दिएको छ । **माधुरी** पत्रिकामा सङ्गृहीत समालोचनात्मक लेखहरू उच्च बौद्धिकतायुक्त छन् । यहाँ भएका साहित्यिक रचनामा विश्लेषणात्मक, वस्तुवादी, भाषावादी तथा अन्तर्विषयक जस्ता समालोचना प्रणालीका आधारमा समालोचना गरिएका छन् त कतै समालोचकीय व्यक्तित्व र त्यसका मूल्यमान्यता स्पष्ट पारिएको छ । त्यस्तै कथासङ्ग्रह र कवितासङ्ग्रह आदिका पुस्तक परिचय अथवा पुस्तक समीक्षा गर्ने काम भएको छ । यस पत्रिकाका समालोचनात्मक लेखहरूमा विभिन्न साहित्यकारका साहित्यिक कृतिको कृतिपरक समीक्षा तथा विश्लेषण पनि गरिएको छ ।

# परिच्छेद : पाँच

# नेपाली साहित्यमा ‘माधुरी’ पत्रिकाको योगदान

# परिच्छेद : पाँच

# नेपाली साहित्यमा माधुरी पत्रिकाको योगदान

## ५.१ विषय परिचय

यस परिच्छेदमा **माधुरी** पत्रिकाको प्रकाशनको पृष्ठभूमिबारे चर्चा गर्नुका साथै नेपाली साहित्यको उत्थानमा यस पत्रिकाले पुऱ्याएको योगदानका सम्बन्धमा विश्लेषण गरिएको छ ।

## ५.२ 'माधुरी' पत्रिका प्रकाशनको पृष्ठभूमि

नेपाली भाषा, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन एवम् मोफसलमा रहेका साहित्य स्रष्टा र साहित्यिक रचनाको उजागर तथा ती रचनाहरूले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको चर्चा गर्ने मूल उद्देश्य राखेर माधुरी साहित्य प्रतिष्ठानको गठन भएको देखिन्छ । पर्वत जिल्लाका क्रियाशील साहित्य स्रष्टाहरूको प्रयासमा अनौपचारिक रूपमा वि.सं. २०६० मा तथा विधिवत् रूपमा र २०६२ सालमा बेशाख ५ गते **माधुरी**कै कार्यालय (शिवालय-५) पर्वत कुस्मामा बसेको साहित्य स्रष्टाहरूको बैठकले यस साहित्यिक संस्थाको गठन गरेको हो । सोही बैठकको निर्णयमा नेपाली भाषा, साहित्य, कला र संस्कृतिप्रति अभिरुचि राख्ने समस्त स्रष्टा महानुभावहरूका लेख र रचनाहरू प्रकाशित गर्ने  लक्ष्य लिई 'नारीको आँखाले राष्ट्रलाई हेरौं, उत्साहपूर्वक साहित्य सिर्जना गरौं' भन्ने नारा अगाडि साऱ्यो । सरस्वती शर्मा 'जिज्ञासु' को सम्पादन र माधुरी साहित्य प्रतिष्ठान, पर्वतको प्रकाशनमा **माधुरी राष्ट्रिय साहित्य विविध** नामक पत्रिका प्रकाशन गर्ने निर्णय गरिएको देखिन्छ । सोही निर्णय अनुसार यो पत्रिका २०६२ साल अङ्क १ देखि अङ्क ५ सम्म **नव माधुरी**को नाममा र छैटौं अङ्कदेखि **माधुरी**को नाममा प्रकाशित साहित्यिक पत्रिका हो ।

यसरी पर्वत जिल्लालाई सग्लो रूपमा साहित्यिक क्षेत्रबाट परिचित गराउने र सम्भावित प्रतिभाहरूलाई अवसर दिने उद्देश्यले वि.सं. २०६२ देखि **माधुरी** पत्रिकाको

प्रकाशन आरम्भ गरिएको हो । पर्वत जिल्लाभित्र पूर्व प्रकाशित पत्रिकाहरूले साहित्यका विविध विधाहरूलाई समेट्न नसकेको र तिनीहरू नियमित पनि बन्न नसकेको अवस्था थियो । यही यथार्थलाई आत्मसात् गर्दै माधुरी साहित्य प्रतिष्ठानको गठन भएको देखिन्छ । साहित्यकार सरस्वती शर्मा जिज्ञासुको विशेष पहलमा गठन गरिएको माधुरी साहित्य प्रतिष्ठानबाट वि.सं. २०६२ आश्विनदेखि प्रतिष्ठानको मुखपत्र **माधुरी**को प्रकाशन सुरु भयो ।

**आँकुरो** हस्तलिखित पत्रिका वि.सं. २०१८ लाई शान्तिनारायण श्रेष्ठाद्वारा सम्पादन तथा प्रकाशनको रूपमा बाहिर आएपछि नै पर्वतमा साहित्यिक पत्रिकाको ढोका खुलेको देखिन्छ । यस्ता केही पत्रिकाहरू समयसमयमा देखिने र हराउने कार्यले साहित्यिक तरङ्ग ल्याए तापनि जिल्ला स्तरमा र राष्ट्रिय स्तरमा ठोस योगदान पुऱ्याउन सकेको थिएन । पर्वत जिल्लाभित्रका प्रतिभा तथा साहित्यिक गतिविधिलाई पत्रिकामार्फत निरन्तरता दिने उद्देश्यका साथ **माधुरी** पत्रिका प्रकाशन भएको हो ।

मोफसलमा रहेका साहित्यिक प्रतिभाहरू जो साहित्यिक रचनाहरू प्रकाशनको अवसरबाट वञ्चित थिए र आफ्ना अमूल्य सिर्जनालाई पाठकसामु पुऱ्याउन सकेका थिएनन् । उनीहरूलाई देश-देशान्तरसम्म पुऱ्याउने महत्त्वकाङ्क्षा सहित पत्रिकाको प्रकाशन भएको देखिन्छ । विशेष गरेर राजधानीबाट प्रकाशित विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा पर्वतका केही स्रष्टाहरूको रचना प्रकाशित भइसक्दा समेत पर्वतलाई चिनाउने साहित्यिक पत्रिकाको अभाव महसुस गरेर **माधुरी** साहित्यिक पत्रिकाको प्रकाशन भएको पाइन्छ ।

## ५.३ नेपाली साहित्यमा माधुरी पत्रिकाको योगदान

भाषिक स्तरीयता र साहित्यिक उत्कर्षका लागि पत्रपत्रिकाको प्रकाशन निकै महत्त्वपूर्ण मानिन्छ । नेपाली साहित्यको उत्थान र संवर्द्धनका लागि देशभित्रबाट प्रकाशित अनेकौं साहित्यिक पत्रपत्रिकाहरूको उल्लेखनीय योगदान रहेको पाइन्छ । यसै क्रममा पर्वत जिल्लाबाट प्रकाशित **माधुरी**ले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । वि.सं. २०६२ देखि प्रकाशन सुरु भई माधुरी साहित्य प्रतिष्ठानको मुखपत्रको रूपमा रहेको **माधुरी** मूलतः पर्वतका अन्य साहित्यिक पत्रिकाहरूको तुलनामा अब्बल मानिन्छ । **माधुरी** पत्रिकाको पहिलो अङ्क (साहित्यिक विविध २०६२) देखि दसौं अङ्कसम्म साहित्यका विविध विधा तथा

उपविधाका धेरै रचनाहरू प्रकाशित भएका छन् । कविता विधा र यसका उपविधा अन्तर्गत **माधुरी**का पहिलोदेखि दसौँ अङ्कसम्म जम्मा तिन सय छत्तिसवटा रचना सङ्कलित छन् । यसको तेस्रो अङ्क कथा विशेषाङ्कको रूपमा रहेको छ । यसै गरी **माधुरी**ले आफ्नो सातौँ अङ्कलाई मुक्तक विशेषाङ्कको रूपमा पस्किएको छ । बद्ध, मुक्त तथा लोकलय समेतमा रचिएका कविताहरूमा नेपाली समाजमा व्याप्त विभिन्न खाले विकृति तथा विसङ्गतिहरूप्रति व्यङ्ग्य र विद्रोही भाव पनि व्यक्त भएका छन् । **माधुरी**मा प्रकाशित कविता गीत, गजल र मुक्तकहरूले नेपाली साहित्यमा कविता विधा र यसका उपविधाहरूको विकासमा नयाँ आयाम थप्ने कार्य गरेका छन् ।

**माधुरी** पत्रिकामा जम्मा उनन्पचास कथा एवम् लघुकथाहरू प्रकाशित छन् । यी कथाहरूमा समसामयिक परिस्थितिको चित्रण गरिएको छ । भ्रष्टाचार, सत्ता र शक्तिको दुरुपयोग, घुसखोरी, त्याग र बलिदानको उपहासलाई कथाको विषयवस्तु बनाइएको छ । त्यस्तै यसका कथामार्फत सामाजिक तथा राजनीतिक क्षेत्रमा व्याप्त विकृतिहरूप्रति प्रहार गरिनुका साथै वर्गीय शोषण र त्यसको विरुद्धमा मुखरित भएका विद्रोही स्वरहरू कथाका माध्यमबाट मुखरित भएका छन् । विविध विषय र सन्दर्भलाई कलात्मक रूपले कथाको निर्माण गरिएको छ । नेपाली ग्रामीण समाजको धरातलीय यथार्थलाई देखाउन सफल **माधुरी**भित्रका कथाहरूमा सहरभित्रको यान्त्रिक जीवनलाई पनि सुन्दर रूपमा प्रस्तुत गरिएको छ । यसरी **माधुरी**मा प्रकाशित कथा र लघुकथाले नेपाली कथाको क्षेत्रमा उच्च योगदान पुऱ्याएका छन् ।

**माधुरी**मा सङ्ख्यात्मक रूपले अरू विधाको तुलनामा लेख तथा निबन्धले थोरै स्थान पाएका छन् । जम्मा बाह्रओटा लेख निबन्धलाई समावेश गरिएको **माधुरी** पत्रिकाभित्रका लेख निबन्ध गुणात्मक रूपले सफल देखिन्छन् । नेपाली साहित्यमा कम लेखिने र कम नै पढिने यस विधामा कृष्ण धरावासी, सरस्वती शर्मा 'जिज्ञासु', दामोदर पुडासैनी किशोर, विमलप्रसाद शर्मा आदिले कलम चलाएका छन् । बौद्धिकताले पूर्ण निबन्धदेखि भावपरक, वैचारिक र यात्रा निबन्धलाई पनि **माधुरी** पत्रिकाले समेटेको छ । खगेन्द्र गिरि कोपिला, धनञ्जय शर्मा अधिकारी, पवन आलोक, यदुनाथ रेग्मी र सरिता खड्काका लेख निबन्धहरू

समसामयिकतालाई पक्रन सफल भएका छन् । समग्रमा भन्दा निबन्ध नियात्रा, संस्मरण सहितका उत्कृष्ट लेखन तथा निबन्धले नेपाली निबन्धको क्षेत्रमा विशेष योगदान पुगेको छ ।

**माधुरी** पत्रिकाको पहिलो अङ्कदेखि पछिल्ला केही अङ्कसम्म समीक्षा र समालोचनालाई समावेश गरिएको छ । समालोचनामा साहित्यिक कृतिलाई पढेर गुण र दोषको राम्रो विवेचना गर्ने र त्यसका सम्बन्धमा आफ्नो रायसमेत प्रकट गरिने हुनाले यो कार्य सबैबाट सम्भव हुँदैन । यस कार्यका लागि द्रष्टा प्रतिभाको आवश्यकता पर्दछ । कुनै पनि साहित्यिक कृतिको आफ्नो मूल्य हुने हुँदा त्यही सौन्दर्यपरक मूल्यको पारख गर्ने कार्य समालोचनामा गरिन्छ । यसरी विभिन्न समालोचनामूलक लेखहरू प्रकाशित गरी **माधुरी** नेपाली समालोचनाको क्षेत्रमा पनि केही योगदान दिन सफल भएको छ ।

विशुद्ध साहित्यिक उन्नयनका लागि प्रकाशित गरिएको **माधुरी** पत्रिकाले नेपाली भाषा र साहित्यको उत्थानमा उल्लेख्य योगदान पुऱ्याएको छ । पत्रिका प्रकाशनको आरम्भदेखि नै हरेक अङ्कलाई परिष्कृत र परिमार्जित गरेर पाठकसामु ल्याएको देखिन्छ ।

यसरी विविध साहित्यिक रचनाहरूलाई सङ्कलित गरेर लगातार पाठकसम्म पुगिरहेको **माधुरी**को माध्यमबाट सिङ्गो पर्वतको कला, संस्कार र संस्कृति लगायत स्थानीय लोकप्रचलित भाषा, उखान, टुक्का र ग्रामीण मिथकहरूलाई पढ्न सकिन्छ । पर्वतको साहित्यिक गतिविधिमा **माधुरी** पत्रिकाले विशेष गतिशीलता ल्याएको छ । त्यस्तै साहित्यको गुणात्मक लेखनमा पनि **माधुरी**ले उल्लेख्य योगदान पर्वतवासी लगायत अन्य प्रतिभाहरूलाई पुऱ्याइरहेको पाइन्छ ।

## ५.४ निष्कर्ष

**माधुरी** पत्रिकामा रहेका विभिन्न स्तम्भहरूको आफ्नै किसिमको महत्त्व छ । यस्ता स्तम्भहरूले पत्रिकालाई विविधतामय बनाएका छन् । पर्वतबाट प्रकाशित साहित्यिक पत्रिकाहरूमध्ये नियमित तथा व्यवस्थित संयोजन भएको पत्रिका **माधुरी** नै हो । विधागत स्तम्भका अतिरिक्त अन्तर्वार्ता स्तम्भले लेखक र साहित्यकारहरूलाई जन्माउने र लेखन तथा सृजनाको लाग उत्प्रेरित गराउनुका साथै प्रचार गर्ने महत्त्वपूर्ण कार्य सम्पन्न गर्दै आएको छ ।

नेपाली साहित्यको उन्नयनमा योगदान पुऱ्याउने तथा देशका दूरदराजमा छरिएर रहेका प्रौढ तथा नवोदित प्रतिभाका रचनालाई पत्रिकाका माध्यमबाट पाठकसमक्ष पुऱ्याउने उद्देश्यले प्रकाशन आरम्भ गरिएको **माधुरी** पर्वत जिल्लाको प्रतिनिधि साहित्यिक पत्रिका बन्न पुगेको छ ।

**माधुरी** आफ्नो उद्देश्य प्राप्तिमा सफल देखिन्छ । विशेष गरेर यो पत्रिका कविता र गजल प्रधान बन्न पुगेको देखिन्छ । भर्खरै लेख्न सुरु गरेका नवोदित सर्जकदेखि ख्यातिप्राप्त अग्रज स्रष्टासमेत एकै ठाउँमा अटाउन सक्नु यस पत्रिकाको मूल विशेषता बनेको छ । आज नेपालका विभिन्न भू-भागदेखि नेपाल बाहिरसमेत चर्चा पाउनु यस पत्रिकाको सफलता हो ।

# परिच्छेद : छ

# उपसंहार

## परिच्छेद : छ

# उपसंहार

साहित्यको विकासमा साहित्यिक पत्रपत्रिकाहरूको योगदान महत्त्वपूर्ण हुन्छ । नेपाली साहित्यमा यस्ता साहित्यिक पत्रिकाहरूले विभिन्न मोड र परिवर्तनहरू पनि ल्याएका छन् । यस सन्दर्भमा पर्वतको **माधुरी** साहित्य प्रतिष्ठानको मुखपत्रका रूपमा रहेको **माधुरी** पत्रिकाले पनि मोफसलमा रहेर राष्ट्रिय स्तरमा महत्त्वपूर्ण योगदान दिएको छ । 'भाषिक स्तरीयता र साहित्यिक उत्कर्षका लागि पत्रपत्रिकाको प्रकाशन निकै महत्त्वपूर्ण मानिन्छ । नेपाली साहित्यको विकासका सन्दर्भमा पनि विभिन्न समय र स्थानबाट प्रकाशित अनेक पत्रपत्रिकाहरूले गरेको अविस्मरणीय योगदानको ऐतिहासिक महत्त्व रहेको पाइन्छ । नेपाली साहित्यको बहुआयामिक विकासका सन्दर्भमा साहित्यिक पत्र-पत्रिकाले पुऱ्याउँदै आएको ऐतिहासिक महत्त्वको योगदानलाई हेर्दा यो कुरा प्रमाणित भइसकेको छ । यसै क्रममा पर्वत जिल्लाबाट प्रकाशित **माधुरी**ले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । वि.सं. २०६२ मा **माधुरी** पत्रिकाको प्रकाशन भएको हो । **माधुरी**को एकदेखि दशसम्मका सबै अङ्कमा सरस्वती शर्मा जिज्ञासुको सम्पादकीय रहेको छ ।

नेपाली साहित्यका राष्ट्रिय व्यक्तिदेखि उदीयमान प्रतिभाहरूका रचनाहरूलाई पत्रिकाको माध्यमबाट पाठकसामु पुऱ्याउने उद्देश्यले प्रकाशित **माधुरी** पत्रिकामा साहित्यका सबैजसो विधाले स्थान पाएका छन् । सङ्ख्यात्मक रूपले बराबर नभए पनि गीत, कविता, कथा, लेख/निबन्ध, समीक्षा/समालोचना, वार्ता आदि विविध सामग्री यस पत्रिकामा प्रकाशित छन् । यस पत्रिकामा वरिष्ठ र स्थापित साहित्यकारहरूको तुलनामा नयाँ पुस्ताका सर्जकहरूका लेखरचना बढी प्रकाशित छन् । ती प्रकाशित रचनाहरूमध्ये धेरैजसो स्तरीय छन् ।

समग्र साहित्यकै परिप्रेक्ष्यमा उन्नत र समृद्ध रहेको कविता, गजल र मुक्तक विधाले **माधुरी**मा सर्वोच्च स्थान प्राप्त गरेका छन् । नेपाली साहित्यका बहुप्रतिष्ठित कवि र गजलकारहरूदेखि लिएर नवउदीयमान प्रतिभाहरूका रचनाले यस पत्रिकामा स्थान पाएका

छन् । यस पत्रिकाले नेपाली कविता, गजल र मुक्तक विधालाई समृद्ध बनाउन सहयोग पुऱ्याएको छ । यस पत्रिकाका अधिकांश कविता गजल र मुक्तकहरूमा वर्तमान मान्छेको जीवन भोगाइ र अनुभूतिहरू अभिव्यञ्जित छन् । जीवनमा अस्तित्व रक्षाका लागि सङ्घर्ष, नेताहरूको स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य र राष्ट्रप्रेमको भावना अधिकांश कविता र गजलमा भेटिन्छन् । कवितामा जातीय संस्कृतिको माध्यमबाट माथि उठी युगीन चेतनाका साथै देश युद्धको चक्रव्यूहमा होमिएका प्रसङ्गहरू र प्रजातन्त्रको धराशायी अवस्थालाई देखाइएको छ । गीत, गजल, मुक्तक र हाइकुमा प्रणयमूलक तथा प्रणयवेदनापरक आदि भाव व्यक्त छन् । कथा विशषाङ्कको रूपमा रहेको तेस्रो अङ्क र मुक्तक विशेषाङ्कको रूपमा रहेको सातौँ अङ्क बाहेक सबै अङ्कमा कविताहरू रहेका छन् । यसमा जम्मा तिनसय छत्तिसओटा कविता, गीत र गजलहरू रहेका छन् । यस पत्रिकामा गद्य र पद्य दुबै शैलीका कविताहरूलाई स्थान दिएको भए तापनि गद्य कविताको तुलनामा पद्य कविता नगन्य रूपमा रहेका छन् । यहाँ सरुभक्त, मञ्जुल, वनमाली निराकार, दामोदर पुडासैनी 'किशोर', हेमप्रभास, क्षेत्रप्रताप अधिकारी आदि राष्ट्रिय स्तरमा स्थापित विभिन्न कवि व्यक्तित्वका कविताहरू रहेका छन् । यस पत्रिकामा प्रकाशित गीत, गजल र मुक्तकहरूले कविताको विधागत आयाम फराकिलो हुन गएको छ । यस किसिमका समसामयिक युगबोध भएका कविताहरू प्रकाशित गरेर **माधुरी** पत्रिकाले कविता, गीत, गजल आदिको श्रीवृद्धिमा अहम् भूमिका निर्वाह गरेको छ ।

**माधुरी** पत्रिकामा कवितापछिको दोस्रो स्थानमा कथा/लघु कथा रहेका छन् । **माधुरी** पत्रिकाले तेस्रो अङ्कलाई कथा विशेषाङ्क नै बनाएको छ । यी कथाहरूमा पनि समसामयिकताको चित्रण गरिएको छ । यहाँ रहेका अधिकांश कथामा पद र सत्ताको लोभमा आजको मान्छेले जे पनि गर्न सक्ने तथा जो भ्रष्ट र घुसखोर छ, त्यही नै नैतिकवान्, क्रान्तिकारी, त्यागी र बलिदानी बन्ने आजको परिपाटीलाई यी कथामा छर्लङ्ग्याइएको छ । गरिबीको गर्तबाट मुक्ति दिलाउने सङ्कल्प बोकेका नेताहरूको कृतघ्न व्यवहार र युवा पलायन र अन्य विभिन्न अवस्थाको चित्रण यसमा प्रकाशित कथामा पाइने उल्लेख्य कुराहरू हुन् । नवीन, प्रयोगपरक र समकालीन चेतना भएका कथा लघुकथाहरू समावेश गर्नु **माधुरी** पत्रिकाको विशिष्टता हो ।

**माधुरी** पत्रिकामा अर्को विधाको रूपमा निबन्ध (लेख) रहेको छ । लेख निबन्धभित्र संस्मरणात्मक र वैचारिक लेख पनि समावेश गरिएका छन् । यहाँ लेखकीय बौद्धिकताले पूर्ण

निबन्धदेखि भावपरक निबन्धहरू, वैचारिक, निबन्धकारको यात्रा वृत्तान्तमा संरचित यात्रानिबन्धहरू, राष्ट्रिय विसङ्गतिहरूप्रति लक्षित, व्यङ्ग्यात्मक, प्राकृतिक वर्णन आदि भएका विभिन्न किसिमका निबन्धहरू यस पत्रिकामा समावेश छन् । यस पत्रिकामा प्रकाशित निबन्धले नेपाली निबन्धको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

कृष्ण धरावासी, सरस्वती शर्मा 'जिज्ञासु'र यदुनाथ रेग्मीका लेख निकै उच्च स्तरका रहेका छन् । साहित्यकारहरूको वर्तमान चुनौतीको विषयमा रहेको कृष्ण धरावासीको लेख सबैभन्दा मार्मिक र गहन रहेको छ । साहित्यकार पारिजातको बारेमा लेखिएको सरस्वती शर्मा जिज्ञासुको लेख पनि पत्रिकाको स्तर उन्नतिको लागि महत्त्वपूर्ण रहेको छ ।

साहित्यका विविध विधालाई आत्मसात् गर्दै सबैमा समान दृष्टिकोण राखी प्रकाशित हुने **माधुरी**ले समालोचना, समीक्षा, पुस्तक परिचय आदिको क्षेत्रमा पनि पर्याप्त भूमिका निर्वाह गरेको देखिन्छ । **माधुरी** पत्रिकामा कविता, गीत, गजल र मुक्तकको बाहुल्य भए तापनि बौद्धिकतापूर्ण अनुसन्धनात्मक समालोचना र लेख समेतलाई स्थान दिनु **माधुरी**को विशेषता हो ।

निष्कर्षमा भन्नुपर्दा यस पत्रिकामा  उत्कृष्ट सिर्जनाका साथै अनुसन्धानमूलक लेख र अन्य सामग्री पर्याप्त देखिएकाले यसको योगदान र स्थान विशिष्ट छ । नेपाली साहित्यको समकालीन चेतनालाई ध्यानमा राखेर प्रकाशित यस **माधुरी** पत्रिकाले नेपाली साहित्यको विकासमा अविस्मरणीय योगदान पुऱ्याउँदै आएको छ ।

# सन्दर्भसामग्रीसूची

# सन्दर्भसामग्रीसूची


उत्साही, नगेन्द्रराज, *सन्दर्भमा माधुरीको चासो नारी प्रतिभाको,* **माधुरी,** वर्ष २, अङ्क २, २०६३, पृ. ३८ ।

उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश,** काठमाडौं : साझा प्रकाशन, २०३४ ।

उपाध्याय, मुक्तराज, **नेपाली साहित्यमा अभिव्यक्ति पत्रिकाको योगदान**, काठमाडौं : अभिव्यक्ति प्रकाशन २०५१ ।

कँडेल, घनश्याम, **नेपाली समालोचना,** ललितपुर : साझा प्रकाशन, २०५५ ।

गौतम, लक्ष्मणप्रसाद, *पाठक प्रतिक्रिया,* **माधुरी,** वर्ष ४, अङ्क ४, २०६५, पृ. १९ ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन, २०६० ।

ढकाल, नारायणप्रसाद, *माधुरी कविता विशेषाङ्कको सिंहावलोकन,* **माधुरी,** वर्ष ७, अङ्क ७, २०६७, पृ. १०५ ।

ढुङ्गाना, रामचन्द्र, **सङ्क्षिप्त नेपालीकोश,** ललितपुर : साझा प्रकाशन, २०५७ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, ललितपुर : साझा प्रकाशन, २०४६ ।

पहारी, कृष्ण, *पाठक प्रतिक्रिया,* **माधुरी,** वर्ष ४, अङ्क ४, २०६५, पृ. २० ।

पाण्डे, भगवती, 'आशा', *समालोचना,* **माधुरी,** वर्ष ८, त्रैमासिक अङ्क २, पूर्णाङ्क ९, २०६८, पृ ५ ।

रेग्मी, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र,** काठमाडौ : भुँडीपुराण प्रकाशन, २०५६ ।

लुइटेल, खगेन्द्रप्रसाद र अन्य, **नेपाली कवि र कविता,** काठमाडौं : विभुझ्भु प्रकाशन, २०५८ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा** भाग-४, ललितपुर : साझा प्रकाशन, २०५७ ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध** भाग-३, काठमाडौं : पाठ्यसामग्री पसल, २०५६ ।